AAYOG
TAYARI

## आयोग तयारी

# राष्ट्रिय समसामयिक

### २०८०/८१ परीक्षाको लागि



लेखन / सम्पादन

**विष्णु प्रसाद गौतम**



9821904957

aayogtayarinepal@gmail.com

www.aayogtayarinepal.com

# राष्ट्रिय समसामयिक घटनाक्रमहरू

## सुन्तलालाइ राष्ट्रिय फल घोषणा

- **कहिले ?:** **२०८० चैत्र ३०**
- मन्त्रीपरिषद बैठकले सुन्तलालाइ राष्ट्रिय फल घोषणा गरेको हो,
- यस अघि **२०७४ जेठ ८ गते नेपालको राष्ट्रिय खेल भलिबल घोषणा** गरेको थियो ।

## चालू आ.व. को आर्थिक वृद्धि ३ दशमलव ६ प्रतिशत हुने एडीबीकाे प्रक्षेपण

- एसियन डेभलपमेन्ट आउटलुक सार्वजनिक गर्दै एडीबीले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३ दशमलव ६ प्रतिशतले हुने प्रक्षेपण गरेको हो ।
- गएको वर्ष भने नेपालको अर्थतन्त्र १ दशमलव ८६ प्रतिशतले मात्रै बढेको थियो ।
- आउँदो वर्ष अर्थात् २०२५ मा नेपालको आर्थिक वृद्धिदर ४ दशमलव ८ पुग्ने एडीबीको अनुमान छ ।
- यस अघि **विश्व बैंकको प्रतिवेदनले नेपालको चालू आ.व. को आर्थिक वृद्धि ३.३ प्रतिशत हुने अनुमान सार्वजनिक गरेको** थियो ।

## कर्णाली प्रदेशकाे मुख्यमन्त्रीमा यामलाल कँडेल नियुक्त

- **कहिले ?:** **२०८० चैत्र २७**
- प्रदेश प्रमुख **तिलक परियारले** कँडेललाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएकाे हाे ।
- कँडेललाई एमालेका नाै, माओवादीका १३ र एकीकृत समाजवादीका एक जना सांसदले समर्थन गरेका थिए ।
- **४० सदस्यीय प्रदेश सभा**मा बहुमतका लागि २१ जना सांसदकाे समर्थन चाहिन्थ्याे ।
- यसअघि माओवादीबाट मुख्यमन्त्री बन्नुभएका **राजकुमार शर्मा**ले चैत २१ गते राजीनामा दिएपछि प्रदेश प्रमुख तिलक परियारले नयाँ सरकार गठनका लागि सात दिनकाे समय दिएर दलहरूलाई आह्वान गर्नुभएकाे थियाे

## गण्डकीकाे मुख्यमन्त्रीमा खगराज अधिकारी नियुक्त

- **कहिले ?:** **२०८० चैत्र २५**
- **नव नियुक्त मुख्यमन्त्री :** **खगराज अधिकरी**
- **राजनितिक दल :** **नेकपा एमाले**

Aayog Tayari

- प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा १६८ (२) अनुसार अधिकारीलाई आज मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो ।
- अधिकारी प्रदेश सभा सभामुख सहित ३१ सद्स्यको समर्थन सहित दावी पेश गर्नुभएको थियो ,
- यसअघि विश्वासको मत नपाउने अवस्था देखिएपछि कांग्रेसका **मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले चैत २१ गते राजीनामा दिनुभएको** थियो ।

## लुम्बिनीको मुख्यमन्त्रीमा जोखबहादुर महरा नियुक्त

- **कहिले ?: २०८० बैशाख २३**
- **नव नियुक्त मुख्यमन्त्री : जोखबहादुर महरा**
- प्रदेश प्रमुख अमिक शेरचनले महरालाई संविधानको धारा १६८(२) बमोजिम मुख्यमन्त्री नियुक्त गरेका हुन्।
- प्रदेश सभामा कुनै पनि दलको बहुमत नभएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा मुख्यमन्त्री हुने व्यवस्था यस उपधारामा छ। उनी नेकपा (एमाले), नेकपा (एकीकृत समाजवादी) लगायत दलको समर्थनमा मुख्यमन्त्री बनेका हुन्।

## नेपालको आर्थिक वृद्धिदर ३.३ प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण

**नेपालको आर्थिक वृद्धिदर ३.३ प्रतिशत हुने विश्व बैंकको प्रक्षेपण**

- विश्व बैंकका अनुसार अ.व. २०८०/८१ को नेपालको **आर्थिक वृद्धि ३.३% हुने** ,
- बैंकले गत अक्टोबरमा नेपालको आर्थिक वृद्धि ३.९ प्रतिशत हुने अनुमान गरेकामा हाल संशोधन गरी ३.३ प्रतिशत जनाएको हो ।
- आर्थिक वर्ष **२०२५ मा नेपालले थप ४.६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने** प्रक्षेपण गरिएको छ ।
- दक्षिण एसियामा आर्थिक वर्ष २०२३ र २४ मा सबैभन्दा धेरै भारतको आर्थिक वृद्धि ७.५ प्रतिशत रहने र त्यसपछि बंगलादेशको ५.६, भुटानको ४.९, नेपालको ३.३ र पाकिस्तानको १.८ प्रतिशत हुने प्रेक्षेपण गरिएको छ ।

## बिम्स्टेक बडापत्र प्रतिनिधिसभाबाट अनुमोदन

**बिम्स्टेक बडापत्र प्रतिनिधिसभाबाट अनुमोदन भएको छ**

- **कहिले ?: २०८० चैत्र २०**
- **३० मार्च २०२२** मा श्रीलंकाको कोलम्बोमा भएको **पाँचौ शिखर सम्मेलन**ले बडापत्रमा हस्ताक्षर गरेको थियो

Aayog Tayari

- सम्बन्धित देशको संसदले पारीत गरेपछि बडापत्र लागु हुनेछ
- नेपालको संविधानको धारा, २७९ को (१) मा नेपाल पक्ष हुने सन्धि सम्झौताको अनुमोदन सङ्घीय कानुनबमोजिम हुने व्यवस्था रहेको छ ।

## खुसि सूचकांक २०२४ : नेपाल ९३ औं स्थानमा

- प्रतिवेदन सार्वजनिक गर्ने निकाय : Wellbeing Research Centre , UK
- **सूचकांकमा नेपालको स्थान : ९३ औं**
- **नेपालको अंक : ५.१५८**

### सर्वाधिक खुसि ५ राष्ट्रहरु

1. **फिनल्याण्ड**
2. डेनमार्क
3. आइसल्याण्ड
4. स्विडेन
5. इजरायल

### सूचिको पुछारमा रहेका राष्ट्रहरु

- १३९ औं : कंगो
- १४० औं : सियरालियोन
- १४१ औं : लोसेथो
- १४२ औं : लेबनान
- **१४३ औं : अफगानिस्तान**

### दक्षिण एसियाको अवस्था :

- नेपाल : ९३ औं
- पाकिस्तान : १०८ औं
- श्रीलंका : १२८ औं
- बंगलादेश : १२९ औं
- अफगानिस्तान : १४३ औं

Aayog Tayari

## पोखरा पर्यटकीय राजधानी घोषणा

- **कहिले ? : २०८० चैत्र ४**
- घोषणा : प्रधानमन्त्री पुष्प कमल दाहाल
- पोखरालाई पर्यटन राजधानी घोषणाका लागि विज्ञसहित अध्ययन समिति गठन गरिएको थियो ।
- समितिले अध्ययन गरी विभिन्न सूचकहरुको आधारमा पर्यटन राजधानी घोषणा गर्न सिफारिस गरेको थियो ।

## मानव विकास सूचकांकमा नेपालको स्थान सुधार

**मानव विकास सूचकांकमा नेपालको स्थान सुधार भएको छ**

- प्रतिवेदन : मानव विकास सूचकांक
- सार्वजनिक मिति : २०२४ मार्च १३ (२०८० फागुन ३१)
- प्रतिवेदन सार्वजनिक गर्ने निकाय : UNDP
- **नेपालको स्थान : १४६ औं**
- **नेपालको अंक : ०.६०१**
- यस अघि नेपाल १४९ औं स्थानमा रहेको थियो

**प्रतिवेदन अनुसार :**

- Human Development Index(HDI) : 0.601
- Gender Development Index (GDI) : 0.885
- Inequality-adjusted HDI : 0.462
- Multidimensional Poverty Index (MPI) : 0.074

**सार्क देशको के छ अवस्था ? : देश र उनीहरुको स्थान**

1. श्रीलंका : ७८ औं
2. माल्दिभ्स : ८७ औं
3. भुटान : १२५ औं
4. बंगलादेश :१२९ औं
5. भारत : १३४ औं
6. नेपाल : १४६ औं
7. पाकिस्तान : १६४ औं

Aayog Tayari

8. अफगानिस्तान : १८२ औं

## उच्च मानव विकास सूचकांक भएका देशहरु

1. स्विजरल्याण्ड
2. नर्वे
3. आइसल्याण्ड
4. हंगकंग
5. डेनमार्क , स्विडेन

## न्यून मानव विकास सूचकांक भएका देशहरु :

- १९३ औं : सोमालिया
- १९२ औं : दक्षिणी सुडान
- १९१ औं : सेन्ट्रल अफ्रिकन रिपब्लिक
- १८९ औं : नाइजर
- १८९ औं : चाड

## प्रधानमन्त्री पुष्प कमल दाहालले लिए विश्वासको मत

- **कहिले ? : २०८० फागुन ३०**
- **पक्षमा प्राप्त मत : १५७**
- **विपक्षमा प्राप्त मत : ११०**
- **तटस्थ : १**
- जम्मा उपस्थित संसद संख्या : २६८
- सत्ता गठबन्धनमा आएको फेरबदलका कारण प्रधानमन्त्री पुष्पकमल दाहालले १५ महिनामा तेस्रोपटक प्रतिनिधि सभाबाट विश्वासको मत लिएका हुन्

## मधेश, गण्डकी र सुदूरपश्चिममा नयाँ प्रदेश प्रमुख नियुक्त

**मधेश, गण्डकी र सुदूरपश्चिममा नयाँ प्रदेश प्रमुख नियुक्त भएका छन्**

- **कहिले ? : २०८० फागुन ३०**
- नवनियुक्त प्रदेश प्रमुखहरु :

Aayog Tayari

- **मधेश प्रदेश : सुमित्रा सुवेदी**
- **गण्डकी प्रदेश : डिल्लीराज भट्ट**
- **सुदूरपश्चिम प्रदेश : नजिर मिया**
- मन्त्रिपरिषदको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरुलाई प्रदेश प्रमुखमा नियुक्त गरेका हुन्
- पदमुक्त हुने प्रदेश प्रमुखहरु :
- मधेश प्रदेश : हरिशंकर मिश्र
- गण्डकी प्रदेश : पृथ्वीमान गुरुङ
- सुदूरपश्चिम प्रदेश : देवराज जोशी

**हाल रहेका प्रदेश प्रमुख र नियुक्ती मिति :**

- कोशी : परशुराम खापुङ्ग (२०७८ कार्तिक २३)
- मधेश : सुमित्रा सुवेदी (२०८० फागुन ३०)
- वागमती : यादवचन्द्र शर्मा (२०७८ भदौ ४)
- गण्डकी : डिल्लीराज भट्ट (२०८० फागुन ३०)
- लुम्बिनी : अमिक शेरचन (२०७८ श्रावण १२)
- कर्णाली : तिलक परियार (२०७८ कार्तिक २३)
- सुदूरपश्चिम : नजिर मिया (२०८० फागुन ३०)

## राष्ट्रिय सभा अध्यक्षमा नारायण दाहाल निर्वाचित

- **कहिले ? : २०८० फागुन २९**
- **नव नियुक्त अध्यक्ष : नारायण दाहाल**
- राष्ट्रिय सभामा भएको मतदानमा दाहालको **पक्षमा ३९ र विपक्षमा १७** मत परेको छ । मतदानमा ५६ जना सांसद उपस्थित थिए ।
- नारायण दाहाल सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त गरिएका राष्ट्रिय सभा सदस्य हुन्
- यस अघिका अध्यक्ष **गणेश प्रसाद तिमिल्सिना**को २०८० फागुन २० गते कार्यकाल समाप्त भएको थियो

## लोक सेवा आयोगको चौथो राष्ट्रिय सम्मेलन

- **कहिले ? : २०८० फागुन २३ र २४**
- **आयोजना स्थल : विरेन्द्रनगर, सुर्खेत**

Aayog Tayari

- सम्मेलनको नारा : योग्यता, निष्पक्षता, स्वच्छता : लोकसेवा आयोगको प्रतिवद्धता
- सम्मेलनले ५ बुँदे घोषणपत्र र १३ बुँदे निर्णय सार्वजनिक गरेको छ ।

**लोकसेवा आयोगका पुराना सम्मेलनहरु :**

- **पहिलो सम्मेलन : २०७७ फागुन २३ र २४ (काभ्रेको धुलिखेलमा)**
- **दोस्रो सम्मेलन : २०७८ फागुन २३ र २४ (रुपन्देहीको तिलोत्तमा)**
- **तेस्रो सम्मेलन : २०७९ फागुन १९ र २० (कैलालीको धनगढि)**

## टोङ्गा बन्यो नेपाल संग कुटनीतिक सम्बन्ध स्थापना गर्ने १८२ औं देश

- **कहिले ? : २०२४ मार्च १ (२०८० फागुन १८)**
- यो संगै कुटनीतिक सम्बन्ध स्थापना भएका देशको संख्या : **१८२ पुगेको**
- मार्सल आइसल्याण्ड प्रसान्त महासागरको ओसेनिया समुहमा पर्ने देश हो

**१८२ औं देश टोङ्गाको बारेमा जानकारी**

- आधिकारिक नाम : *Kingdom of Tonga*
- राजधानी : नुकु अलोफा
- आधिकारिक भाषा : टोंगन र अंग्रेजी
- मुख्य धर्म : इसाई (९७%)
- हालका राजा : टुपोउ
- क्षेत्रफल : ७४८ बर्ग किमी
- जनसंख्या : १,००२०९ जना

**१८१ औं देश मार्सल आइसल्याण्ड देशको बारेमा जानकारी**

- आधिकारिक नाम : रिपब्लिक अफ मार्सल आइसल्याण्ड
- राजधानी : माजुरो
- आधिकारिक भाषा : मार्सलिज र अंग्रेजी
- मुख्य धर्म : इसाई (९७%)
- हालका राष्ट्रपति : डेबिड काबुआ
- क्षेत्रफल : १८१.४३ बर्ग किमी

Aayog Tayari

- जनसंख्या : ६१,९८८ जना

## कुटनीतिक सम्बन्ध स्थापनाहुने पछिल्ला देशहरु

- **१८२ औं : टोंगा (२०२४ मार्च १)**
- **१८१ औं : मार्सल आइसल्याण्ड (२०२३ जुन २३)**
- **१८० औं : क्यामरुन (२०२३ जुन २२)**
- **१७९ औं : नाउरु (२०२३ मे ४ )**
- **१७८ औं : मलावी (२०२३ फेब्रुअरी १६)**
- १७७ औं : ट्रिनिडाड एंड टोबागो (२०२२ जुन १६)
- १७६ औं : बेलिज (२०२२ अप्रिल १ )
- १७५ औं : दक्षिण सुडान (२०२२ मार्च २८)

## नेपाल र भारत अन्तरदेशीय अनलाइन भुक्तानी सेवा सुरु

- **कहिले ? : २०८० फागुन १६ (२०२४ फेब्रुअरी २८)**
- नेपालको भुक्तानी सञ्चालक **फोन—पे र भारतको नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया (एनपीसीआई)** बीच भएको समझदारी अनुसार सेवा सुरु भएको हो
- अहिलेलाई भारतीय पर्यटकले नेपालमा फोन—पेको क्यूआरमार्फत भुक्तानी गर्नसक्ने भएका छन्
- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड÷को ४ दिने भारत भ्रमणका बेला **२०८० जेठ १८ गते भुक्तानी प्रणाली सम्बन्धि सम्झौता भएको** थियो

## भजन शिरोमणि भक्तराज आचार्यको निधन

- **कहिले ? : २०८० फागुन १४**
- उनको जन्म वि.स. १९९९ मा धनकुटामा भएको थियो
- आचार्यका मुटु जलिरहेछ, जति चोट दिन्छौ, जहाँ छन् बुद्धका आँखा, हजार सपनाहरुको, माया मेरी साँझ बिहान, हजार आँखा हेर्ने लगायत गीत लोकप्रिय छन् । उ
- नले भजन पनि दर्जनौंको संख्यामा गाएका छन् । आफ्नो जीवनकालमा आचार्यले झण्डै ४०० गीतमा स्वर तथा संगीत दिएका छन् ।

## २०८१ बैशाख १५ मा उप-निर्वाचन हुदै

- **निर्णय मिति : २०८० फागुन १३**
- **निर्वाचन मिति : २०८१ बैशाख १५**
- उपनिर्वाचन हुने क्षेत्र : इलाम - २ र बझाङ - १ (क) (प्रदेशसभा अन्तर्गत)
- इलाम- २ मा एमालेबाट निर्वाचित सुवासचन्द्र नेम्बाङ र बझाङ-१ मा कांग्रेसबाट निर्वाचित पृथ्वीबहादुर सिंहको निधन भएपछि ति स्थान रिक्त रहेका थिए
- सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला मन्त्री समेत रहेका सिंहको २०८० असार ५ मा सडक दर्घटनामा परी निधन भएको थियो ।
- संविधानसभाका अध्यक्ष समेत रहेका इलामका **नेम्बाङको २०८० भदौ २६ मा निधन** भएको थियो ।

## अभ्यास शान्ति प्रयास—४ सुरु

- **कहिले ? : २०८० फागुन ८ देखि फागुन २१**
- **सहभागी देश : १९**
- **सहभागी सैनिक : ११२५**
- संयुक्त राष्ट्र संघ (यूएन) मार्फत शान्ति स्थापनार्थ सहभागी हुने फौजको पेसागत दक्षता र आपसी समन्वयात्मक क्षमता बढाउने उद्देश्यले उक्त बहुराष्ट्रिय अभ्यास आयोजना गरिएको हो
- नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा उक्त अभ्यास कार्यक्रम हुनेछ
- नेपाल अहिले **शान्ति मिसनमा सबैभन्दा बढी सैनिक पठाउने सूचीमा पहिलो नम्बरमा** रहेको छ ।
- यस अघि अभ्यास शान्ति प्रयास सन् २०००, २०१३, २०१७ मा आयोजना गरिएको थियो

## त्रि.वि. उपकुलपतिमा प्रा.डा बराल नियुक्त

- **कहिले ? : २०८० फागुन १०**
- शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई नेतृत्वमा रहेको उपकुलपति छनोट तथा सिफारिस समितिले केशरजंग बरालसहित चित्रबहादुर बुढाथोकी र टङ्कनाथ धमलाको नाम सिफारिस गरेको थियो ।
- सर्च कमिटीले सिफारिस गरेको उम्मेदवारलाई कुलपति (प्रधानमन्त्री) ले उपकुलपति नियुक्त गर्ने व्यवस्था छ ।

## कार्यसम्पादन मूल्याङ्कनमा सन्धिखर्क नगरपालिका पहिलो

**कार्यसम्पादन मूल्याङ्कनमा सन्धिखर्क नगरपालिका पहिलो बनेको छ ।**

Aayog Tayari

- **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले** सार्वजनिक गरेको प्रारम्भिक नतिजा अनुसार आर्थिक वर्ष २०७९/०८० को कार्य सम्पादन मूल्याङ्कनमा सन्धिखर्क पहिलो भएको हो
- प्रदेश र पालिकालाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले **१० वटा सूचकका आधारमा** को मूल्याङ्कन गरेको हो ।
- **उत्कृष्ट स्थानीय तहहरु :**
  - **सन्धिखर्क नपा (अर्घाखाँची) : ६१.८१**
  - भरतपुर महानगरपालिका : ५६.२९
  - मालिका गाउँपालिका (गुल्मी) : ५५.४०
  - मेलम्ची नगरपालिका (सिन्धुपाल्चोक) : ५३.८४
  - भोटेकोशी गाउँपालिका (सिन्धुपाल्चोक): ५३.७६
- **प्रदेशहरुको कार्यसम्पादन :**
  - कोशी प्रदेश : ३०.८९
  - बाग्मती प्रदेश: २७.२९,
  - गण्डकी प्रदेश: २३.०७,
  - मधेश प्रदेश: २२.३१,
  - सुदूरपश्चिम प्रदेश: २१.०८,
  - कर्णाली प्रदेश: २०.९८
  - लुम्बिनी प्रदेश: १६.९९
- **महानगरहरुको कार्यसम्पादन :**
  - भरतपुर : ५६.२९
  - काठमाडौं : ३९.०२,
  - वीरगञ्ज : ३३.४९,
  - विराटनगर : ३२.८५,
  - ललितपुर : २५.१८,
  - पोखरा : २०.७४

## एसिया प्रशान्त मञ्चको अध्यक्षमा नेपाल निर्वाचित

- **कहिले ?:** २०२४ फेब्रुअरी २० (२०८० फागुन ८)
- **अध्यक्षता गर्ने व्यक्ति :** डा. मिनबहादुर श्रेष्ठ (राष्ट्रिय योजना आयोगका उपाध्यक्ष)
- आर्थिक तथा सामाजिक परिषद्को दिगो विकास सम्बन्धी ११औं एसिया प्रशान्त मञ्चको अध्यक्षमा नेपाल निर्वाचित भएको

Aayog Tayari

## हेन्ले पासपोर्ट इन्डेक्स २०२४ : नेपाल १०३ औं स्थानमा

**शक्तिशाली पासपोर्ट सूचीमा नेपाल १०३ औं स्थानमा परेको छ**

- सूचकांक : हेन्ले पासपोर्ट सूचकांक २०२४ (फेब्रुअरी १९, २०२४)
- **नेपालको स्थान : १०३ औं**
- सन् २०२४ को जनवरीमा नेपाल ९८ औं स्थानमा रहेको थियो
- नेपालको भिसा फ्रि स्कोर ४० रहेको छ
- यसको अर्थ नेपाललाइ ४० देशले अन अराइभल भिसा दिन्छन
- **सूचिको शिर्ष स्थानमा रहेका देश : फ्रान्स, जर्मनी, इटाली, जापान, सिंगापुर र स्पेन (भिसा फ्रि स्कोर १९४)**

**सूचिको अन्तिममा रहेका ५ देश**

- १०५ औं : यमन (३५)
- १०६ औं : पाकिस्तान (३४)
- १०७ औं : इराक (३१)
- १०८ औं : सिरिया (२९)
- १०९ औं : अफगानिस्तान (२८)

**सार्क देशको स्थान र भिसा फ्रि स्कोर :**

- माल्दिभ्स : ५८ औं (९६)
- भारत : ८५ औं (६२)
- भुटान : ९२ औं (५५)
- श्रीलंका : १०१ औं (४३)
- बंगलादेश : १०२ औं (४२)
- नेपाल : १०३ औं (४०)
- पाकिस्तान : १०६ औं (३४)
- अफगानिस्तान : १०९ औं (२८)

## तराई भूपरिधिलाई अन्तराष्ट्रिय संरक्षण पुरस्कार

- कहिले ? : १३ फेब्रुअरी २०२४
- **निकाय : UNEP र WFO**

Aayog Tayari

- **तराई भूपरिधि वा ताल (Terai Arc Landscape)** भनिने क्षेत्रले द्रुत गतिमा क्षयीकरण भइरहेका नेपाल र भारतमा वन तथा वन्यजन्तु संरक्षणको बिँडो उठाएको दुई दशकपश्चात् यसले अन्तर्राष्ट्रिय संरक्षण पुरस्कार पाएको छ।
- विश्वभरि तालसहित ७ वटा त्यस्ता अभियानलाई संयुक्त राष्ट्रसङ्घको वर्ल्ड रेस्टोरेसन फ्ल्यागशिप उपाधि दिइएको हो
- तराई भूपरिधिअन्तर्गत नेपालपट्टि पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्रका साथै बरन्डाभार, खाता, बसन्ता, लालझडी-मोहना, ब्रह्मदेव, काम्दी र कर्णाली जैविकमार्ग पर्छन्।

## नेपालमै हुलाक टिकट छाप्न सुरु

- **कहिले ?:** **२०८० फागुन ४**
- जनक शिक्षा सामग्री केन्द्र लिमिटेडसँगको समन्वयमा हुलाक सेवा विभागले टिकट छपाइ गरेको हो ।
- वि.स. २०१६ पछि पहिलोपटक नेपालमा हुलाक टिकट छाप्न थालिएको हो
- विगतमा भारत, बंगलादेश र लातभियासँग टिकट खरिद गर्रिंदै आएको थियो ।
- अहिले विभिन्न ११ वटा डिजाइनमा हुलाक टिकट छापिएको छ ।

## विश्व सामाजिक मञ्चको १६औं सम्मेलन काठमाडौंमा

- **कहिले ?:** **२०८० माघ फागुन ३ - फागुन ६ (२०२४ फ्रब्रुअरी १५-१८)**
- नेपालमा पहिलोपटक यस प्रकारको सम्मेलन भएको हो ।
- आयोजना स्थल : काठमाडौंको भृकुटीमण्डप
- **सम्मेलनको नारा : 'अर्को विश्व सम्भव छ' (Another World is Possible)**
- सम्मेलनमा ९२ मुलुकका करिब ४० हजारको सहभागिता रहनेछ
- सम्मेलनमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासङ्घ एशिया प्रशान्त क्षेत्रका महासचिव सोया योसिदा, भारतका मानव अधिकारकर्मी तथा नर्मदा वचाओ आन्दोलनका अभियन्ता मेधा पाटकर, ल्याटिन अमेरिकाका सामाजिक अभियन्ता अलेदा ग्वेभेरालगायत अतिथि वक्ता रहेका छन्

## महिला समलिंगी (लेस्बियन) विवाहलाई कानूनी मान्यता

- **कहिले ?:** **२०८० माघ २९**
- **कहाँ ?:** **बर्दियाको बढैयाताल गाउँपालिका वडा न २**

- लेस्बियन जोडी : बढैयाताल-२ निवासी **अन्जुदेवी श्रेष्ठ (दीप्ति)** र गण्डकी बन्दीपुर गाउँपालिका-५ बस्ने **सुप्रिता गुरुङ**
- उनीहरु कानूनी मान्यता प्राप्त गर्ने **दक्षिण एसियाकै पहिलो लेस्बियन (महिला समलिंगी) जोडी** भएको दावी गरिएको छ

**पहिलो पुरुष समलिंगी विवाह दर्ता :**

- **कहिले ?** : **२०८० मंसिर १३**
- **विवाह गर्ने समलिङ्गी (गे) जोडी** : **दुलही रामबहादुर गुरुङ र दुलाहा सुरेन्द्र पाण्डे**
- सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशका आधारमा विवाह दर्ता भएको हो ।
- नवलपरासीको कावासोती नगरपालिका–८ का सुरेन्द्र र लमजुङको दोर्दी गाउँपालिका–२ का रामबहादुरले विवाह गरेका हुन् ।
- उनीहरुले दोर्दी गाउँपालिका–२ मा विवाह दर्ता गरेका हुन्

## नेपालमा २०.२७ प्रतिशत गरिबी रहेको तथ्यांक सार्वजनिक

**चौथो जीवनस्तर सर्वेक्षण २०७९/८० को नतिजा सार्वजनिक गरिएको छ**

- कहिले ? : २०८० माघ २९
- **सार्वजनिक गर्ने निकाय** : **राष्ट्रिय तथ्यांक कार्यालय**
- नेपाल जीवनस्तर सर्वेक्षण **५/५ बर्षमा गरिने** गरिबी मापन गर्ने मुख्य सर्वेक्षण हो
- पहिलो जीवनस्तर सर्वेक्षण आ.व. २०५२/५३ मा गरिएको थियो

**मुख्य नतिजाहरु :**

- **नेपालको गरिबी** : **२०.२७ प्रतिशत**
- **सहरी क्षेत्रको गरिबी** : **१८.३४%**
- **ग्रामिण क्षेत्रको गरिबी** : **२४.६६ %**
- **गरिबीको विषमता** : **४.५२%**
- गिनी सूचकांक : ०.३० (शहरी : ०.३०३ र ग्रामिण : ०.२८७)
- **गरिबीको रेखामुनी रहेको जनसंख्या** : **५९ लाख ११ हजार ६५९ जना**
- एक वर्षमा **७२ हजार ९०८ रुपैयाँ** उपभोगमा खर्च गर्न नसक्ने नागरिकलाई गरिबीको रेखामुनि राखिएको
- नेपालको औसत प्रतिव्यक्ति उपभोग खर्च वार्षिक १ लाख २६ हजार १७२ रुपैयाँ पुगेको
- प्रतिदिन प्रतिव्यक्ति **२ हजार २३६ किलो क्यालोरी** आवश्यक

Aayog Tayari

- ५३ प्रतिशत खर्च खाद्यान्न र ४७ प्रतिशत खर्च गैरखाद्य उपभोगमा हुने
- २०६६/६७ मा गरिएको तेस्रो जीवनस्तर सर्वेक्षणमा २५.१६ प्रतिशत गरिबी रहेको थियो

**कुन प्रदेशमा कति प्रतिशत गरिबी ?**

- कोशी : १७.१९ %
- मधेश : २२.५३ %
- बागमती : १२.५९%
- **गण्डकी : ११.८८%**
- लुम्बिनी : २४,३५ %
- कर्णाली : २६.६९ %
- **सुदूरपश्चिम : ३४.१६%**

**जीवनस्तर सर्वेक्षणले देखाएको गरिबी इतिहाँस :**

- पहिलो जीवनस्तर सर्वेक्षण (२०५२/५३ ) :४१.७६ प्रतिशत
- दोस्रो जीवनस्तर सर्वेक्षण (२०६०/६१) : ३०.८५ प्रतिशत
- तेस्रो जीवनस्तर सर्वेक्षण (२०६६/६७) : २५.१६ प्रतिशत
- चौथो जीवनस्तर सर्वेक्षण (२०७९/८०) : २०.२७ प्रतिशत

## अध्यागमनमा ई—भिसा र अनलाइन भुक्तानी सेवा सुरु

- **कहिले देखि ?:** २०८० माघ २६
- अध्यागमन विभागले नयाँ भिसा लिन र भिसाको म्याद थप गर्ने ई—भिसा र अनलाइन भुक्तानी सेवाको शुभारम्भ गरेको हो
- सेवा शुरु भएसँगै नयाँ भिसा प्राप्त गर्न, भिसाको म्याद थप गर्न, पदयात्रा अनुमति प्राप्त गर्न सेवाग्राही भौतिक रूपमा अध्यागमन कार्यालयमा उपस्थित हुनुपर्ने, आवेदन दिन र भुक्तानी गर्न लाइनमा बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ ।

## नेपाल र अस्ट्रेलियाबीच व्यापार तथा लगानीसम्बन्धी सम्झौता

- **कहिले ?:** २०८० माघ २५ (२०२४ फेब्रुअरी ८)

AayogTayari

- अस्ट्रेलियाका लागि नेपालका राजदूत **कैलाशराज पोखरेल** र अस्ट्रेलियाका सहायक विदेशमन्त्री **टिम वाट्स**ले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन्।
- परराष्ट्रमन्त्री साउद र अस्ट्रेलियाली समकक्षी पेनी वोङको उपस्थितिमा उक्त सम्झौतामा हस्ताक्षर भएको हो।

## दोस्रो राष्ट्रिय समन्वय परिषद्को बैठक सम्पन्न

- **कहिले ? : २०८० माघ २४**
- **कहाँ ? : सिंहदरबार, काठमाडौं**
- बैठकमा अन्तरप्रदेश परिषद्बाट स्वीकृत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयनको अवस्थाको समीक्षा गरी सम्पन्न हुन नसकेका कामको कारण पहिचान गरी उपयुक्त निकास दिने विषयमा छलफल भएको हो ।
- पहिलो राष्ट्रिय समन्वय परिषद्को बैठक : **वि.सं.२०८० असार १६ गते पोखरामा** बसेको थियो

## संसदको महासचिवमा पद्मप्रसाद पाण्डेय नियुक्त

- **कहिले ? : २०८० माघ २३**
- सपथ : २०८० माघ २४
- सभामुख देवराज घिमिरे र राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमल्सिनाको सिफारिसमा राष्ट्रपति पौडेलले पाण्डेयलाई महासचिवमा नियुक्त गरेका हुन्।
- तत्कालीन महासचिव भरतराज गौतमले मंसिर २४ गतेदेखि लागू हुने गरी राजीनामा दिएका थिए।
- त्यसपछि महासचिव पदमा पाण्डेयलाई नियुक्त गर्न सिफारिस गरिएको थियो।

## राष्ट्रिय साइबर सुरक्षा केन्द्र खोल्ने सरकारको निर्णय

- **कहिले ? : २०८० माघ १०**
- राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० बमोजिम साइबर स्पेसको सुरक्षा र साइबर सुरक्षाका घटनाहरुको अनुगमन, पूर्वतयारी, रोकथाम, पहिचान र प्रतिकार्य सम्बन्धी काम प्रभावकारी रूपमा सम्पादन गर्न केन्द्र स्थापना गर्न लागिएको हो ।
- विश्वव्यापी साइबर सुरक्षा सूचकांकमा अहिले **नेपालको स्कोर ४४.९९** छ ।
- सरकारले आगामी पाँच वर्षभित्र ६०, दश वर्षभित्र ७० र पन्ध्र वर्षभित्र ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ।

Aayog Tayari

## नेसनल जियोग्राफिकको उत्कृष्ट होटल सूचीमा मुस्ताङको सिन्तामणी

- सुची : विश्वका उत्कृष्ट होटलको सूची
- **प्रकाशक** : **अमेरिकाको नेसनल जियोग्राफिक म्यागजिन**
- **एसियाबाट समाबेश ३ वटा होटल मध्ये नेपालको सिन्तामणी होटल एन्ड रिसोर्ट शिर्ष स्थानमा रहेको,**
- समुद्र सतहबाट **२ हजार ८ सय मिटर उचाइ तथा कालिगण्डकी नदीछेउ जोमसोममा** रहेको होटलमा २९ कोठा छन्।
- २०८० श्रावणबाट संचालित उक्त होटल नेपालकै महंगो मध्येमा पर्दछ
- यो होटल यती समूहको शेर्पा हस्पिटालिटीले सन्चालन गरेको हो

## सन् २०२३ को भ्रष्टाचार अवधारणा सूचकांक सार्वजनिक

**भ्रष्टाचार अवधारणा सूचकांक २०२३ (Corruption Perception Index -CPI 2023 ) सार्वजनिक**

- सार्वजनिक मिति : २०२४ जनवरी ३०
- प्रकाशन गर्ने संस्था : ट्रान्सपरेन्सी इन्टरनेसनल(टीआई)
- सर्वेक्षण गरिएका देश संख्या : १८०

**नेपालको अवस्था :**

- **नेपालको स्थान : १०८ औं**
- **अंक : ३५ अंक**
- सन् २०२२ को रिपोर्ट अनुसार नेपाल ११० औं स्थानमा रहेको थियो
- यसअनुसार नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको छ ।

**दक्षिण एसियाको अवस्था :**

- भुटान - २६ औं स्थान,
- मालदिभ्स - ९३ औं स्थान,
- भारत - ९३ औं स्थान,
- नेपाल - १०८ औं स्थान,
- श्रीलंका - ११५ औं स्थान,
- पाकिस्तान - १३३ औं स्थान,
- बङ्गलादेश - १४९ औं स्थान

- अफगानिस्तान - १६२ औं स्थान

**कम भ्रष्टाचार हुने शिर्ष १० देश :**

1. डेनमार्क, (९० अंक)
2. फिनल्यान्ड (८७ अंक)
3. न्यूजिल्यान्ड (८५ अंक)
4. नर्वे, (८४ अंक)
5. सिंगापुर, (८३ अंक)
6. स्विडेन (८२ अंक)
7. स्विजरल्याण्ड (८२ अंक)
8. नेदरल्याण्ड (७९ अंक)
9. जर्मनी (७८ अंक)
10. लक्जेम्बर्ग (७८ अंक)

**सबैभन्दा बढी भ्रष्ट ५ देशहरु :**

- १८० औं : सोमालिया
- १७७ औं : भेनेजुयला
- १७७ औं : सिरिया ,
- १७७ औं : साउथ सुडान
- १७६ औं : यमन

## राष्ट्रिय सभा निर्वाचन २०८० : अन्तिम नतिजा

- **निर्वाचन मिति : २०८० माघ ११**
- **निर्वाचन भएको पद : १९**
- उम्मेदवार : ५२ जना

**राष्ट्रिय सभाबारे थप :**

- यो निर्वाचनका लागि **प्रदेश सभा सदस्यहरुको लागि ५३** र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको लागि **१९** मतभार कायम गरिएको

- मतभारलाई जनसंख्याको आधारमा तय गरिने भएकोले राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नयाँ मतभार निर्धारण गरिएको हो
- यस अघि प्रदेश सभा सदस्यका लागि ४८ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको लागि १८ मतभार रहेको थियो
- राष्ट्रिय सभा निर्वाचनमा प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख/ उपप्रमुख तथा अध्यक्ष / उपाध्यक्ष मतदाता हुने व्यवस्था छ

**राष्ट्रिय सभा निर्वाचन २०८० को नतिजा**

| **प्रदेश** | **निर्वाचित व्यक्ति** |
|---|---|
| कोशी प्रदेश : | कृष्णप्रसाद सिटौला (कांग्रेस),<br>रुक्मिणी कोइराला ( एमाले) |
| मधेश : | आनन्दप्रसाद ढुंगाना (कांग्रेस),<br>पूजा चौधरी (जसपा) |
| बागमती : | जीतजंग बस्नेत (कांग्रेस)<br>विष्णुदेवी पुडासैनी (कांग्रेस),<br>श्रीकृष्ण अधिकारी (माओवादी),<br>घनश्याम रिजाल (एकीकृत समाजवादी) |
| गण्डकी : | किरणबाबु श्रेष्ठ (कांग्रेस)<br>पदमबहादुर परियार (कांग्रेस),<br>मनरुपा शर्मा ( माओवादी) |
| लुम्बिनी : | विष्णुकुमारी सापकोटा (कांग्रेस),<br>झक्कुप्रसाद सुवेदी (माओवादी) |
| कर्णाली : | सावित्री मल्ल (एकीकृत समाजवादी),<br>विष्णु विक (माओवादी),<br>कृष्णबहादुर रोकाया (कांग्रेस) |
| सुदूरपश्चिम : | नारायण भट्ट (कांग्रेस)<br>बलदेव बोहरा (कांग्रेस), |

Aayog Tayari

| | |
|---|---|
| | रेणु चन्द (माओवादी) |

## गायक तथा संगीतकार योगेश वैद्यको निधन

- **कहिले ? :** **२०८० माघ ५**
- उनी नेपाली र नेपाल भाषाका प्रतिष्ठित गायक र संगीतकार हुन् ।
- नेपालीमा ’सपना भुलाई सारा आँसु लिएर जाउ÷, ‘मेरो आँसुमा नहाँसे÷ र ’नेपाल मेरो उपहार भो÷ लोकप्रिय छन् ।
- यस्तै नेपाल भाषामा ’जय नमो सिरि बुद्ध भगवान÷ र ’जिमि यःम्ह थौ जिथाय् वइ÷ लोकप्रिय रहेका छन् ।

## विनोद राई बने 'द भ्वाइस अफ नेपाल सिजन ५' का विजेता

**'द भ्वाइस अफ नेपाल सिजन ५' विनोद राइले जितेका छन्**

- **कहिले ? :** **२०८० पुष २७**
- **विजेता :** **विनोद राई**
- उनले तीन प्रतिस्पर्धीलाई पछि पार्दै नगद २० लाख रूपैयाँसहित 'द भ्वाइस अफ नेपाल सिजन ५'को उपाधि जितेका हुन्।
- विनोदले टिम मिलन नेवारबाट प्रतिस्पर्धा गरेका थिए।
- यसअघि पहिलो सिजनको उपाधि सिडी विजय अधिकारी, दोस्रो संस्करणको उपाधि राम लिम्बू, तेस्रो संस्करणको उपाधि किरण गजमेर र चौथो संस्करणको उपाधि करण राईले जितेका थिए।

## नेपालमा पहिलोपटक जेएन.वानको सङ्क्रमण पुष्टि

**नेपालमा पहिलोपटक जेएन.वानकाे सङ्क्रमण पुष्टि भएको छ**

- **कहिले ? :** **२०८० पुष २३**
- **जेएन.वान ओमिक्रोनको नयाँ भेरियन्ट हो**
- अहिले चीन, भारतलगायत विश्वका केही देशहरूमा कोभिड — १९ सङ्क्रमण ओमिक्रोनको नयाँ सब भेरियन्ट जेएन.वानको जोखिम बढिरहेको छ

Aayog Tayari

## नेपाल–भारत संयुक्त आयोगको ७ औं बैठक सम्पन्न

**नेपाल–भारत संयुक्त आयोगको ७ औं बैठक सम्पन्न भएको छ**

- **कहिले ? : २०८० पुष १९**
- **कहाँ : काठमाडौं, नेपाल**
- नेपाली पक्षको नेतृत्व : परराष्ट्रमन्त्रि एनपी साउद
- भारतीय पक्षको नेतृत्व : विदेशमन्त्री एस जयशंकर
- छैठौ बैठक : २०७७ माघ २ मा नयाँ दिल्लीमा बसेको थियो

**द्विपक्षबीच भएका सम्झौताहरु**

- **उच्च प्रभाव सामुदायिक विकास परियोजना :** उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यान्वयनका लागि भारतीय अनुदान सहायतासम्बन्धी सम्झौता
- **दीर्घकालीन ऊर्जा व्यापारसम्बन्धी सम्झौता :** यस सम्झौताअनुसार आउँदाे १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्न सकिनेछ । नेपाल विद्युत् प्राधिकरण र भारत सरकारको नेशनल थर्मल पावर कर्पाेरेशनबीच नवीकरणीय ऊर्जा विकासका लागि सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।
- **मुनाल उपग्रह प्रक्षेपण सेवासम्बन्धी सम्झौता :** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) र भारतीय अन्तरिक्ष अनुसन्धान संस्था तथा अन्तरिक्ष विभागका तर्फबाट न्यु स्पेस इन्डिया (एनएसआईएल) बीच ध्रुवीय उपग्रह प्रक्षेपण वाहनमा मुनाल उपग्रह प्रक्षेपण सेवासम्बन्धी सम्झौतामा पनि हस्ताक्षर भएको छ ।
- **अन्तरदेशीय प्रसारण लाइनको उद्घाटन :** १३२ किलोभोल्ट क्षमताका रक्सौल परवानीपुर, कुशाहा कटैया र न्यु नौतनवा मैनाहिया अन्तरदेशीय प्रसारण लाइनको उद्घाटन गरिएको

## शहरी तथा ग्रामिण जनसंख्या पुन वर्गीकरणको नतिजा सार्वजनिक

**शहरी तथा ग्रामिण जनसंख्या पुन वर्गीकरणको नतिजा सार्वजनिक**

- **कहिले ? : २०८० पुष १७**
- राष्ट्रिय तथ्यांक कार्यालयले शहरी तथा ग्रामिण जनसंख्या पुन वर्गीकरण गरी नतिजा सार्वजनिक गरेको छ
- यो वर्गीकरणले **शहरी , शहरउन्मुख र ग्रामिण गरी जनसंख्याको वर्गीकरण गरेको** छ
- यस अघि कार्यालयले शहरी र ग्रामिण जनसंख्या मात्रै सार्वजनिक गरेको थियो ( तालिका १)

- किन नयाँ वर्गीकरण अन्तराष्ट्रिय रुपमा तथ्यांकलाइ तुलनायोग्य बनाउन :, दिगो विकास लक्ष्यहरुको वास्तविक मापन गर्न र सरकारलाई शहरी ग्रामिण नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्न,
- **मुख्य नतिजा : ग्रामिण जनसंख्या : ३३.१९% , शहर उन्मुख जनसंख्या : ३९.७५% र शहरी जनसंख्या २७.०७%**

## १ : शहरी र ग्रामिण जनसंख्या :

| एकाइ | प्रशासनिक एकाइ | सङ्ख्या | २०६८ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जनसङ्ख्या | जनसङ्ख्या (%) | कुल (%) | कुल जनसङ्ख्या | जनसङ्ख्या (%) | कुल (%) |
| शहरी नपा | महानगरपालिका | ६ | २३,९९,४५७ | ९.१२% | ६२.९३% | २५,५५,५७९ | ८.८४% | ६६.०२% |
| | उप महानगरपालिका | ११ | १५,५६,५१३ | ५.९३% | | १९,५३,२८९ | ६.७५% | |
| | नगरपालिका | २७६ | १,२५,६४,५४१ | ४७.८६% | | १,४५,८८,९९८ | ५०.४४% | |
| ग्रामीण | गाउँपालिका | ४६० | ९७,३१,०७९ | ३७.०७% | ३७.०७% | ९८,२७,६१४ | ३३.९८% | ३३.९८% |
| **जम्मा** | | ७५३ | २,६२,५१,५९० | १००% | | २,८९,२५,४८० | १००% | |

नोट : कुल जनसङ्ख्यामा संस्थागत जनसङ्ख्या समावेश गरिएको छैन ।

## तालिका २ नयाँ वर्गीकरण अनुसार ग्रामिण :, शहरोन्मुख र शहरी जनसंख्याको अवस्था :

| श्रेणी | २०६८ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल वर्ग किमि | जनसङ्ख्या | जनसङ्ख्या % | क्षेत्रफल वर्ग किमि | जनसङ्ख्या | जनसङ्ख्या % |
| ग्रामीण | १२४,३९१.९५ | १०,१०६,३१५ | ३८.५०% | १२४,०७८.०६ | ९,६००,३९३ | ३३.१९% |
| शहरोन्मुख | १८,५४७.२५ | १०,२८७,४६४ | ३९.१९% | १९,७५३.७६४ | ११,४९६,३७५ | ३९.७५% |
| शहरी | ४,७४१.२२ | ५,८५७,८११ | २२.३१% | ४,२२३.६५ | ७,८२८,७१२ | २७.०७% |
| **कुल** | | २६,२५१,५९० | १००% | | २८,९२५,४८० | १००% |

## तालिका ३ : हिमाल, पहाड, भित्रि मधेश र तराईको ग्रामिण, शहरोन्मुख र शहरी जनसंख्याको अवस्था :

| श्रेणी / भौगोलिक | हिमाल | | पहाड | | भित्रि मधेश | | तराई | |
|---|---|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ग्रामीण | १५,०९,९०५ | ८८% | ६३,७९,६८५ | ५५% | ३,७७,६६९ | २७% | १३,३३,१३४ | ९% |
| शहरोन्मुख | | ०% | १०,७९,४६४ | ९% | ६,०७,९२० | ४३% | ९८,०८,९९१ | ६९% |
| शहरी | २,०८,२४० | १२% | ४१,१८,९९० | ३६% | ४,३१,८९१ | ३०% | ३०,६९,५९१ | २२% |
| कुल | १७,१८,१४५ | १००% | १,१५,७८,१३९ | १००% | १४,१७,४८० | १००% | १,४२,११,७१६ | १००% |

## तालिका ४ ग्रामिण :, शहरोन्मुख र शहरी जनसंख्याको भौगोलिक क्षेत्र अनुसार वितरणको अवस्थाः

| श्रेणी / भौगोलिक | हिमाल | | पहाड | | भित्रिमधेश | | तराई | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | |
| ग्रामीण | १५,०९,९०५ | १६% | ६३,७९,६८५ | ६६% | ३,७७,६६९ | ४% | १३,३३,१३४ | १४% | ९६,००,३९३ |
| शहरोन्मुख | | ०% | १०,७९,४६४ | ९% | ६,०७,९२० | ५% | ९८,०८,९९१ | ८५% | १,१४,९६,३७५ |
| शहरी | २,०८,२४० | ३% | ४१,१८,९९० | ५३% | ४,३१,८९१ | ६% | ३०,६९,५९१ | ३९% | ७८,२८,७१२ |

- ग्रामिण क्षेत्र मध्ये सबैभन्दा बढी ग्रामिण क्षेत्र : पहाड) ६६(%
- शहरोन्मुख क्षेत्र मध्ये सबैभन्दा बढी शहरोन्मुख क्षेत्र (%८५) तराइ :
- शहरी क्षेत्र मध्ये सबैभन्दा बढी शहरी क्षेत्र (%५३) पहाड :

## तालिका ५ नयाँ शहरी वर्गीकरण अनुसार पर्ने वडा संख्या र :जनसंख्या प्रतिशत

| तुलनात्मक स्थिति | ग्रामीण | | शहरोन्मुख | | शहर | | कुल |
|---|---|---|---|---|---|---|---|
| | वडा सङ्ख्या | प्रतिशत | वडा सङ्ख्या | प्रतिशत | वडा सङ्ख्या | प्रतिशत | |
| गाउँपालिका | २,४१२ | ५८.०% | ६६४ | ३६.१% | १३९ | ५.९% | ९८,२७,६१४ |
| महानगरपालिका | ८ | २.३% | ४० | १७.०% | १२६ | ८०.७% | २५,५५,५७९ |
| उपमहानगरपालिका | २१ | ७.३% | १०७ | ३९.१% | १०६ | ५३.६% | १९,५३,२८९ |
| नगरपालिका | १,२४४ | २५.४% | १,२८५ | ४६.३% | ५९१ | २८.४% | १,४५,८८,९९८ |
| कुल | ३,६८५ | | २,०९६ | | ९६२ | | ६,७४३ |

## तालिका ६ : नयाँ शहरी वर्गीकरण अनुसार प्रदेशगत रुपमा वडा र जनसंख्याको अवस्था

| प्रदेशगत वर्गीकरण/कुल जनसङ्ख्या | ग्रामीण | | शहरोन्मुख | | शहरी | | शहरी तथा शहरोन्मुख जनसङ्ख्या % |
|---|---|---|---|---|---|---|---|
| | वडा सङ्ख्या | प्रतिशत | वडा सङ्ख्या | प्रतिशत | वडा सङ्ख्या | प्रतिशत | |
| कोशी | ७२७ | ६.२% | २९८ | ७.०% | १३२ | ३.९% | १०.९% |
| मधेश | ८३ | १.२% | ९७१ | १५.५% | २१७ | ४.४% | १९.९% |
| बागमती | ६७२ | ६.२% | १५७ | ३.०% | २९२ | ११.७% | १४.६% |
| गण्डकी | ५६१ | ४.३% | ११८ | १.९% | ८० | २.२% | ४.१% |
| लुम्बिनी | ४५६ | ५.५% | ४११ | ९.२% | ११६ | २.९% | १२.१% |
| कर्णाली | ६३७ | ४.६% | ६ | ०.३% | ७५ | ०.९% | १.२% |
| सुदूरपश्चिम | ५४९ | ५.२% | १३५ | २.९% | ५० | १.२% | ४.१% |
| कुल | ३,६८५ | ३३.२% | २,०९६ | ३९.७% | ९६२ | २७.१% | ६६.८% |

## अन्तर प्रदेश मुख्यमन्त्री बैठक सम्पन्न

**अन्तर प्रदेश मुख्यमन्त्री बैठक सम्पन्न भएको छ**

- कहिले ? : **२०८० पुष १३**
- कहाँ ? : **हेटौडा, मकवानपुर (वागमती प्रदेश)**
- **२०८० असार १६ गते राष्ट्रिय समन्वय परिषदको बैठक** बसेको थियो ,
- उक्त बैठकमा संघले जनाएका प्रतिबद्धता पुरा नगरेको बिषयमा छलफल गर्न बैठक बसेको हो
- तहगत अधिकारको कार्यविस्तृतीकरण विषयमा केके सुधार गर्ने र कार्यान्वयन कसरी गर्ने भनेर विज्ञहरुसँग छलफल भएको थियो

## रुवान्डा संग हवाई सम्झौता

**नेपाल र रुवान्डा बीच द्विपक्षीय हवाई सम्झौता भएको छ**

- कहिले ? : **२०२३ डिसेम्बर ५**
- यो संगै द्विपक्षीय हवाई सम्झौता भएका देशको संख्या : **४१ पुगेको छ**
- नेपालले **पहिलोपटक भारत संग** द्विपक्षीय हवाई सम्झौता गरेको थियो

**नेपाल सङ्ग हवाई सम्झौता भएका पछिल्ला राष्ट्रहरु क्रमश**

- 41 औं राष्ट्र : रुवान्डा (सन् 2023 डिसेम्बर 5)
- 40 औ राष्ट्र= अष्ट्रेलिया( सन 2019 सेप्टेम्बर 30)
- 39 औ राष्ट्र= कम्बोडिया( सन 2018 नोभेम्बर 29)
- 38 औ राष्ट्र= न्युजिल्यान्ड( सन 2015 सेप्टेम्बर 22)
- 37 औ राष्ट्र= भियतनाम( सन 2015 सेप्टेम्बर 20)

## नेपाल—बेलायत शान्ति तथा मैत्री सन्धिको १०० बर्ष

**नेपाल—बेलायत शान्ति तथा मैत्री सन्धि भएको १०० बर्ष पुगेको छ**

- **कहिले ? : २०२३ डिसेम्बर २१**
- नेपाल—बेलायत शान्ति तथा मैत्री सन्धि सन् **१९२३ डिसेम्बर २१ (१९८० पुष ६) मा भएको** थियो
- त्यसबेला तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशम्सेरले नेपालको तर्फबाट र बेलायतकातर्फबाट लेफ्टिनेन्ट कर्णेल ओ कोन्नर (पछि नेपालका लागि बेलायतका पहिलो राजदूत भए) ले उक्त सन्धिमा हस्ताक्षर गरेका थिए ।
- त्यहि सन्धिबाट नेपालको विश्वसँग सम्बन्ध जोडिएको थियो भने नेपाललाई स्वतन्त्र र सार्वभौम मुलुकको रुपमा तत्कालीन ’लिग अफ नेसन्स÷ मा प्रस्तुत गर्दै सदस्यता पनि लिइएको थियो ।

## पहिलो महिला परराष्ट्र सचिव बनिन सेवा लम्साल

**सेवा लम्साल परराष्ट्र सचिव बन्ने पहिलो महिला बनेकी छिन**

- **कहिले ? : २०८० मंसिर २८**
- **नाम : सेवा लम्साल**
- लम्साल परराष्ट्र मन्त्रालयको इतिहासमा पहिलो परराष्ट्र महिला सचिव बन्न सफल भएकी छिन ।
- उनी परराष्ट्र मन्त्रालयकी २५ औं सचिव भएकी छन् ।

## राष्ट्रिय बीमा संस्थान कम्पनीमा रुपान्तरण

**राष्ट्रिय बीमा संस्थान कम्पनीमा रुपान्तरण भएको छ**

- **कहिले ? : २०८० मंसिर १८**
- **नयाँ नाम : राष्ट्रिय बिमा कम्पनि लिमिटेड**
- बीमासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन पारित भएर २३ असोज २०७९ देखि कार्यान्वयन आएसँगै संस्थान अनिवार्यमा रुपमा कम्पनीमा जानुपर्ने व्यस्था रहेको थियो

- नेपाल सरकारको लगानीमा वि.स. **२०२४ साल पौष १ गते राष्ट्रिय बीमा संस्थान (प्रा.लि) को स्थापना** भएको थियो ।
- राष्ट्रिय बीमा कम्पनी लिमिटेड नेपाल सरकारको स्वामित्व प्राप्त एक मात्र निर्जीवन बीमा कम्पनी हो ।

## राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति स्थापना

**सरकारले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति स्थापना गरेको छ**

- **कहिले ? : २०८० मंसिर १४**
- **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहने**गरी विकास समिति गठन भएको हो ।
- समितिमा श्रम सचिवको अध्यक्षतामा **१२ सदस्यीय सञ्चालक समिति** रहने व्यवस्था छ

## नेपालमा पहिलो पटक समलिङ्गी विवाह दर्ता

**नेपालमा पहिलो पटक समलिङ्गी विवाह दर्ता भएको छ**

- **कहिले ? : २०८० मंसिर १३**
- **विवाह गर्ने समलिङ्गी जोडी : दुलही रामबहादुर गुरुङ र दुलाहा सुरेन्द्र पाण्डे**
- सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशका आधारमा विवाह दर्ता भएको हो ।
- नवलपरासीको कावासोती नगरपालिका—८ का सुरेन्द्र र लमजुङको दोर्दी गाउँपालिका—२ का रामबहादुरले विवाह गरेका हुन् ।
- उनीहरुले दोर्दी गाउँपालिका—२ मा विवाह दर्ता गरेका हुन्

## राष्ट्रिय सभा निर्वाचनको लागि नयाँ मतभार निर्धारण

**राष्ट्रिय सभा निर्वाचनको लागि नयाँ मतभार निर्धारण गरिएको छ**

- **कहिले ? : २०८० मंसिर ६**
- नयाँ मतभार अनुसार **प्रदेश सभा सदस्यका लागि ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको लागि १९** मतभार कायम हुने
- मतभारलाई **जनसंख्याको आधारमा** तय गरिने भएकोले राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नयाँ मतभार निर्धारण गरिएको हो
- यस अघि प्रदेश सभा सदस्यका लागि ४८ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको लागि १८ मतभार रहेको थियो

- राष्ट्रिय सभा निर्वाचनमा **प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख/ उपप्रमुख तथा अध्यक्ष / उपाध्यक्ष मतदाता** हुने व्यवस्था छ
- राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित २० सांसदको पदावधि २०८० फागुन २० मा समाप्त हुन लागेको छ ।

## बीबीसीको सय प्रभावशाली महिलाको सूचीमा नेपालकी रुक्साना

**बीबीसीको सय प्रभावशाली महिलाको सूचीमा नेपालकी रुक्साना कपाली परेकी छिन**

- **नाम : रुक्साना कपाली**
- सुची : १०० प्रभावशाली महिला २०२३
- **सुची प्रकाशित गर्ने निकाय : बिबिसी**
- रुक्सानाले नेपालमा **एलजीबीटीप्लस समूहको लागि कानूनी र संवैधानिक अधिकार स्थापित गर्न सक्रियता जनाउँदै आएकी** छिन ।
- १०० प्रभावशाली महिलाको सूचीमा अमेरिकाकी भूतपूर्व प्रथम महिला मिसेल ओबामा, ब्यालन डि ओर जित्ने फुटबलर आइताना बोनमाटी लगायत छन् ।

## कर दिवस २०८० को अवसरमा सम्मानित करदाताहरु

**राष्ट्रिय कर दिवस २०८० को अवसरमा उत्कृष्ट करदातालाई सम्मान गरिएको छ ।**

- **कहिले ? : २०८० मंसिर १**
- आन्तरिक राजस्व विभागले हरेक वर्ष करदातालाई सम्मान गर्दै आएको छ ।

**सम्मान गरिएका करदाता कम्पनीहरू :**

- **सबैभन्दा बढी आयकर : नेपाल दूरसञ्चार कम्पनी (टेलिकम)**
  **निर्यात कारोबार** : डाबर नेपाल प्रालि
  **विषेश उद्योग** : एसियन पेन्ट्स
  **कृषि एवम् पशुजन्य** : ओबिसी फुड्स प्राली
  **सहकारी तथा लघुवित्त** : छिमेक लघुवित्त
  **बैंक तथा वित्तीय संस्था** : ग्लोबल आईएमई
  **बीमा** : लाइफ इन्स्योरेन्स कर्पोरेसन
  **स्वास्थ तथा शिक्षा** : नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल
  **पर्यटन** : मनोकामना दर्शन प्रालि
  **वस्तु व्यापार** : भाटभटेनी सुपरमार्केट

AayogTayari

**मध्यस्तरीय करदाता :** नेपाल स्टक एक्सचेन्ज
**ऊर्जा :** भोटेकोसी पावर कम्पनी
**रेमिटेन्स :** आईएमई लिमिटेड
**व्यक्ति आय :** विजयकुमार शाह
**आयकर, मुअकसहित सबैभन्दा धेरै कर तिर्ने र समयमै बिलबिजक बुझाउने** (संस्थागत) सूर्य नेपाल प्रालि (यो दुई विधामा सम्मानित भयो)

## राष्ट्रिय जलवायु सम्मेलन २०८० सम्पन्न

**राष्ट्रिय जलवायु सम्मेलन २०८० सम्पन्न भएको छ**

- **कहिले ? : २०८० मंसिर ५**
- **आयोजना स्थल : काठमाडौं**
- आयोजक : वन तथा वातावरण मन्त्रालय
- सम्मेलनमा राष्ट्रिय योजना र राष्ट्रिय निर्धारित योगदान कार्यान्वयन योजनाको लोकार्पण तथा कोप २८ नेपालको अर्थपूर्ण सहभागिताको विषयमा छलफल गरिएको थियो ।

## अब देखि सरकारी कागजातमा नेपाल संवत्समेत उल्लेख गर्ने

**सरकारले सरकारी कागजातमा नेपाल संवत् समेत उल्लेख गर्ने निर्णय गरेको छ ?**

- **निर्णय मिति : २०८० कार्तिक २७**
- २०८० कार्तिक २८ बाट **नेपाल संवत् ११४४ सुरु** भएको छ
- अब देखि विक्रम सम्बत उल्लेख हुने हरेक सरकारी कागजातमा नेपाल सम्बत समेत उल्लेख हुनेछ
- राष्ट्रिय विभूति **शङ्खधर साख्वाले विसं ९३७ (इ सं ८८०) मा** गरिब जनताको ऋण मोचन गरी नेपाल संवत् को सुरुवात गराएका थिए ।
- **विसं २०६५ मा** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल संवत्ले राष्ट्रिय मान्यता पाउने घोषणा गरेका थिए ।

## टिकटक बन्द गर्ने मन्त्रिपरिषद्को निर्णय

**सरकारले नेपालमा टिकटक बन्द गर्ने निर्णय गरेको छ**

- **कहिले ? : २०८० कार्तिक २७**
- **सामाजिक सद्भाव बिगार्ने काम गरेको** भन्दै टिकटक बन्द गर्ने निर्णय गरिएको

AayogTayari

- नेपालीहरुमाझ पनि चर्चित बन्दै गएको टिकटकका कारण साइबर अपराधका घटनाहरु बढेपछि यसलाई नियमन गर्नेबारे बहस चलेको थियो ।
- पछिल्लो ४ वर्ष ३ महिनाभित्रमा नेपाल प्रहरीमा १ हजार ६ सय ४८ वटा साइबर अपराधका उजुरी दर्ता भएकोमा अधिकांश टिकटकसँग सम्बन्धित भएको तथ्यांक छ ।

## सामाजिक सञ्जाल संचालन निर्देशिका जारी

- **कहिले ? :** **२०८० कार्तिक २३**
- सामाजिक संजालहरू फेसबुक, एक्स (विगतमा ट्विटर), टिकटक, युटयूब, इन्स्टाग्रामलगायतमा राखिने सामग्री विकृत भएको भन्दै प्रश्न उठेपछि सरकारले निर्देशिका ल्याएको हो ।

## सातौ सीमा सुरक्षा समन्वय बैठक सम्पन्न

- **कहिले ? :** **८ नोभेम्बर २०२३**
- **सम्मेलन अवधि :** **६-८ नोभेम्बर २०२३**
- **स्थान :** **नयाँ दिल्ली भारत**
- **सहभागी :** **सशस्त्र सीमा बल(एसएसबी) र सशस्त्र प्रहरी बल नेपाल**
- सीमा वारपार अपराध नियन्त्रणका सम्बन्धमा देखिएका चुनौतीहरूका विषयमा बैठक केन्द्रित रहेको थियो
- बैठकमा नेपाली टोलीको नेतृत्व सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्यालले र भारतको तर्फबाट एसएसबीका महानिर्देशक रश्मि शुक्लाले गरेकी थिइन् ।

## नेपाली नागरिक कोलिन स्मिथ (पुतली बाजे) को निधन

**नेपाली नागरिक कोलिन स्मिथ (पुतली बाजे) को निधन भएको छ**

- **कहिले ? :** **२०८० कार्तिक १८**
- उनले नेपालमा पाइने पुतलीको अभिलेखीकरण गरेका थिए
- त्यसैले उनलाई पुतली बाजे उपनाम दिइएको थियो
- बेलायति नागरिक स्मिथलाई नेपाल **सरकारले मिति २०७६ कार्तिक २९ गतेको निर्णयले मानार्थ नागरिकता प्रदान गरेको** थियो

## जाजरकोट केन्द्रविन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प

**जाजरकोट केन्द्रविन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएको छ**

- **कहिले ? : २०८० कार्तिक १७ गते राती ११ : ४७ बजे**
- **केन्द्रविन्दु : जाजरकोटको रामीडाँडामा**
- **भूकम्पको म्याग्निच्युड : ६.४ रेक्टर स्केल**
- **मुख्य प्रभावित क्षेत्र : जाजरकोट र रुकुम पश्चिम**
- भूकम्पको कारण ठूलो भौतिक क्षति र १०० जना भन्दा धेरैको मृत्यु भएको छ
- यो २०७२ सालको भूकम्प पछी गएको सबैभन्दा शक्तिशाली भूकम्प हो

## राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण

**राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस चार दिने नेपाल भ्रमणका लागि आएका छन्**

- **कहिले ? : २०८० कार्तिक १२**
- भ्रमण अवधि : २०८० कार्तिक १२-१५
- **उनी नेपाल भ्रमण गर्ने : ७ औं महासचिव हुन्**
- गुटेरेसले यहाँको शान्ति प्रक्रिया, दिगो विकास, जलवायु परिवर्तनलगायत विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ

**नेपाल भ्रमण गर्ने महासचिवहरु :**

1. ड्याग ह्यामरसोल्ड : सन् १९५९ मार्च १६
2. उ थान्त : सन् १९६७ अप्रिल १४
3. कुर्त वाइल्ड हाइम : १९८१ फेब्रुअरी १३
4. ह्याभियर परेज द कोयार : १९८९ मार्च
5. कोफी अन्नान : २००१ मार्च १२
6. बान की मून : २००८ अक्टोबर ३१
7. एन्टोनियो गुटेरेस : २०२३ अक्टोबर २९

## गैरआवासीय नेपाली संघको अध्यक्ष पदमा बद्री केसी निर्वाचित

**गैरआवासीय नेपाली संघको अध्यक्ष पदमा बद्री केसी निर्वाचित**

- **निर्वाचित अध्यक्ष : बद्रि केसी**
- **प्राप्त मत : १३७८ मत**
- निकटतम प्रतिद्वन्दी : आरके शर्मा (१२८१ मत)
- काठमाण्डौंस्थित होटल सोल्टीमा भएको ११ औं विश्व सम्मेलनले नयाँ नेतृत्व चयन गरेको हो

## कोशीको मुख्यमन्त्रीमा केदार कार्की नियुक्त

**कोशीको मुख्यमन्त्रीमा केदार कार्की नियुक्त भएका छन्**

- **कहिले ? : २०८० आश्विन २७**
- संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कार्की मुख्यमन्त्री नियुक्त भएका हुन्
- राजनीतिक दल : नेपाली कांग्रेस
- उनि कोशी प्रदेशको आठौं मुख्यमन्त्री बनेका हुन् ।

## पहिलो मदन पुरस्कार विजेता  चित्तरञ्जन नेपालीको निधन

**पहिलो मदन पुरस्कार विजेता चित्तरञ्जन नेपालीको निधन भएको छ**

- **कहिले ? : २०८० असोज ३०**
- उनको ९२ बर्षको उमेरमा निधन भएको हो
- **उनको खास नाम : नारायणप्रसाद राजभण्डारी**
- उनले **'जनरल भीमसेन थापा÷ र 'तत्कालीन नेपाल÷** नामक ग्रन्थका लागि वि.स. २०१३ सालमा मदन पुरस्कार प्राप्त गरेका थिए

*सत्यमोहन जोशीको निधन २०७९ असौंज ३० मा भएको थियो*

**२०१३ सालको मदन पुरस्कार :**

- अधिकविभव स्थिरविद्युत् उत्पादक  : बलराम जोशी
- जनरल भीमसेन थापा र तत्कालीन नेपाल : चित्तरञ्जन नेपाली
- हाम्रो लोक संस्कृति : सत्यमोहन जोशी

## पहिलोपटक गैरआवासीय नेपालीलाई नागरिकताको प्रमाणपत्र प्रदान

**पहिलोपटक गैरआवासीय नेपालीलाई नागरिकताको प्रमाणपत्र प्रदान गरिएको छ**

- **कहिले ? : २०८० असोज ३०**
- **पहिलो गैरआवासीय नागरिकता प्राप्त गर्ने व्यक्तिहरु : कुल आचार्य र बद्री केसी**
- उनीहरु एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष हुन्

Aayog Tayari

## भोकमरी सूचकाङ्कमा नेपालको अवस्था ११ स्थानले सुधार

**Global Hunger Index 2023 मा नेपालको अवस्था ११ स्थानले सुधार भएको छ**

- **नेपालको स्थान : ६९ औं**
- सन् २०२२ मा नेपालको स्थान ८१ औं रहेको थियो
- नेपालले सन् २०२३ मा **१५ अंक प्राप्त गरेको** छ
- यो अंक जति कम भयो त्यति भोकमरीको अवस्था कम भएको मानिन्छ
- आयरल्यान्डमा रहेको कन्सर्न वर्ल्डवाइड र जर्मनीमा रहेको वेल्टहङ्गर हिल्फे नाम गरेका दुई वटा संस्थाले प्रतिवेदन तयार पारेर सार्वजनिक गरेका हुन् ।
- सन् २०२३ को सर्वेक्षणमा १३६ देश समावेश गरिएको छ

**दक्षिण एसियाको अवस्था :**

- नेपाल : ६९ औं
- बंगलादेश : ८१ औं
- पाकिस्तान : १०२ औं
- भारत : १११ औं

## नेपाल र जर्मनीबीच द्विपक्षीय श्रम सम्झौता

**नेपाल र जर्मनीबीच द्विपक्षीय श्रम सम्झौता भएको छ**

- कहिले ? : **२०८० असौज २३ (२०२३ अक्टोबर १०)**
- यो संगै द्विपक्षीय **श्रम सम्झौता भएका देशको संख्या १२ पुगेको** छ
- नेपालबाट **संस्थागत रुपमा १११ देश र व्याक्रिगत रुपमा १७८ देशमा श्रम स्वीकृति लिन सकिने** व्यवस्था रहेको छ

**द्विपक्षीय श्रम सम्झौता भएका देशहरु**

| क.स. | देश | सम्झौता मिति |
|---|---|---|
| १ | कतार | २००५ मार्च २१ |
| २ | दक्षिण कोरिया | २००६ जुलाई २३ |
| ३ | बहराइन | २००८ अप्रिल २९ |
| ४ | जोर्डन | २०१७ अक्टोबर १७ |

Aayog Tayari

| क.स. | देश | सम्झौता मिति |
|---|---|---|
| ५ | मलेसिया | २०१८ अक्टोबर २९ |
| ६ | जापान | २०१९ मार्च २५ |
| ७ | मौरिसस | २०१९ जुन ११ |
| ८ | युएई | २०१९ जुन १४ |
| ९ | इजरायल | २०२० सेप्टेम्बर ३० |
| १० | बेलायत | २०२२ अगस्त २२ |
| ११ | रोमानिया | २०२३ अक्टोबर ६ |
| १२ | जर्मनी | २०२३ अक्टोबर १० |

## नेपालमा पहिलोपटक 'ब्रेन म्यापिङ

**नेपालमा पहिलोपटक 'ब्रेन म्यापिङ विधि प्रयोग गरी अपराधको अनुसन्धान गरिएको छ**

- **कहिले ? : २०८० असोज १९**
- नेपाल प्रहरीले पहिलोपटक यो विधि प्रयोग गरेको हो
- **बोल्न नसक्ने अपराधीको** 'ब्रेन म्यापिङ विधि प्रयोग गरी अपराधको अनुसन्धान गरिएको हो,
- **व्यक्तिको दिमागमा सुचनाको प्रवाहको अवस्थालाइ अध्ययन गरिने विधि ब्रेन म्यापिङ् हो,**
- नेपाल प्रहरीले आवश्यकता अनुसार बोल्ने व्यक्तिलाई **पोलिग्राफी गरि झुटो बोले नबोलेको परीक्षण** गर्ने गर्दछ

## नेपाल र रोमानियाबीच द्विपक्षीय श्रम सम्झौता

**नेपाल र रोमानियाबीच द्विपक्षीय श्रम सम्झौता भएको छ**

- कहिले ? : **२०८० असौज १९ (२०२३ अक्टोबर ६)**
- हस्ताक्षर : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र समकक्षी सिमोना वुक्युरा–अप्रेस्क्यु
- यो संगै द्विपक्षीय **श्रम सम्झौता भएका देशको संख्या ११ पुगेको** छ
- नेपालबाट **संस्थागत रुपमा १११ देश र व्याक्तिगत रुपमा १७८ देशमा श्रम स्वीकृति लिन सकिने** व्यवस्था रहेको छ

Aayog Tayari

- **त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय २४ सै घण्टा खुल्ने निर्णय** : **२०८० असौज १९**
- **काठमाण्डाै जिल्ला अदालतमा पारिवारिक इजलास** (पारिवारिक इजलासले महिलावादी मुद्दा, महिलावादी अंश मुद्दा, नाताका मुद्दा, घरेलु हिंसासम्बन्धी मुद्दा र बालबालिकाका हित, सरोकार र हेरचाहसम्बन्धी जोडिएका मुद्दा हेर्ने) शुरु : **२०८० असौज २२**
- **प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार २०८०** बाट सम्मानित हुने पत्रकार : **निर्मला शर्मा**

  म—सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार २०८० प्राप्त गर्ने पत्रकार : कान्तीपुर टेलिभिजनका पत्रकार महेश केसी र नेपाल टेलिभिजनका शिव सिलवाल
- नेपाल राष्ट्र बैंकले राष्ट्रिय जनावर **गाईको चित्र अङ्कित** ‘मेडालियन सिक्का÷ को बिक्री वितरण सुरु गरेको : **२०८० असौज ७**
- चितवन राष्ट्रिय निकुञ्जबाट कोशी टप्पु वन्यजन्तु आरक्षमा स्थानान्तरण गरिएका दुइ गैडाको नाम : **पुष्पा र अञ्जली**

## गृहको मुल्यांकन : गुल्मी जिल्ला प्रशासन देशकै उत्कृष्ट

**कार्यसम्पादन मूल्याङ्कनमा गुल्मी जिल्ला प्रशासन कार्यालय देशभरमै पहिलाे भएको छ**

- मुल्यांकन कर्ता : गृह मन्त्रालय
- समावेश निकाय : देशभरका ७७ जिल्ला प्रशासन कार्यालय
- गएकाे आर्थिक वर्ष २०७९/८० को कार्यसम्पादन सम्झौता (सीपीएएस) मूल्याङ्कनको आधारमा

**उत्कृष्ट १० जिल्ला प्रशासन कार्यालय र प्रासांक :**

1. **गुल्मी : ९६.४४%**
2. **रुकुम (पश्चिम) : ९६.१३**
3. **रुपन्देही : ९६.०%**
4. **इलाम : ९५.८१%**
5. **नवलपरासी पुर्व : ९५.३८%**
6. रुकुम पुर्व : ९५.१३ %

7. डडेलधुरा : ९५.०६%
8. काठमाडौं : ९४.८८%
9. पर्वत : ९४.८1%
10. बैतडी : ९४.५६%

**मुल्यांकनका आधार :** शान्ति सुरक्षा तथा सेवा प्रवाह, मुद्दा फर्स्यौट, शासकीय प्रबन्ध, लागुऔषध नियन्त्रण, अपराध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरण लगायतका विषयहरू

## गुफाभित्र गाउँपालिकार्यपालीकाको बैठक

**तनहुँमा गुफाभित्र गाउँपालिकार्यपालीकाको बैठक आयोजना गरिएको छ**

- **कहिले ? :** **२०८० असोज १० (२७ सेप्टेम्बर २०२३)**
- **आयोजक :** **बन्दिपुर गाउँपालिका**
- गाउँपालिकाले **दक्षिण एसियाकै ठूलो** दाबी गरिएको **सिद्धगुफाभित्र कार्यपालिका बैठक** राखेको हो

## प्रधानमन्त्रीको चीन भ्रमण : नेपाल-चीनबीच १३ बुँदे सम्झाौता

**प्रधानमन्त्रीको चीन भ्रमणमा नेपाल-चीनबीच १३ बुँदे सम्झाौता भएको छ**

- चीन भ्रमण : २०८० असोज ६ देखि १३ गते सम्म
- नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल र चीनका प्रधानमन्त्री ली छ्याङबीच २५ सेप्टेम्बर २०२३ मा भेटबार्ता भएको थियो
- उक्त भेटपछि विभिन्न विषयमा सम्झौता भएको हो

**नेपाल - चीनबीच भएका १३ सम्झौता :**

**१) भएका सम्झौताको कार्यान्वयनमा जोड**

**२) नेपाल 'ताइवानको स्वतन्त्रता' विरुद्ध**

- यसपटक जारी गरिएको संयुक्त विज्ञप्तिमा ताइवानलाई विशेष प्राथमिकता दिइएको छ ।
- सम्भवत: संयुक्त विज्ञप्तिमा नेपाल पहिलो पटक 'ताइवानको स्वतन्त्रता÷ को विरुद्धमा उभिएको छ ।

**३) बीआरआई कार्यान्वयन योजनालाई अन्तिम रुप दिने**

- संयुक्त विज्ञप्तिमा नेपाल र चीनले छिट्टै बेल्ट एण्ड रोड इनिर्सिटिभ (बीआरआई) कार्यान्वयन योजनालाई अन्तिम रुप दिने प्रतिवद्धता जनाएका छन् ।

- नेपाल र चीनबीच सन् २०१७ मे १२ मा चीनको महत्वकांक्षी योजना बीआरआई सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

**४) दुईवटा बन्दरगाह चाँडै खोलिने**

- संयुक्त विज्ञप्तिअनुसार नेपाल र चीन नयाँ दुईवटा बन्दरगाह चाँडै खोल्न सहमत भएका छन् ।
- नयाँ बन्दरगाहमा चेन्ताङ–किमाथाङ्का र रिवु–ओलाङचुङ्गोला रहेका छन् ।

**५) टोखा–छहरे सुरुङ मार्ग/ क्रस–बोर्डर रेलवे**

संयुक्त विज्ञप्तिमा यसपटक पनि टोखा–छहरे सुरुङ मार्ग र क्रस–बोर्डर रेलवेलाई समेटिएको छ ।

**६) रसुवागढी–केरुङ २२० केभी क्षमताको प्रसारणलाइन निर्माण**

नेपाल र चीन दुवै पक्षले ऊर्जाको क्षेत्रमा विशेष गरी जलविद्युत, सीमापार प्रसारण लाइन र सम्बद्ध सब–स्टेसनको निर्माण कार्यलाई बढावा दिनेमा सहमति भएको छ ।

**७) चीनबाट विद्युत् आयात**

नेपालको उत्तरी दुर्गम गाउँहरुमा रहेको विद्युतको आवश्यकता पूर्ति गर्न चीनबाट विद्युत् आयात गर्ने विषयलाई पनि समेटिएको छ ।

**८) कृषि औद्योगिक प्रदर्शनी पार्क**

नेपाल र चीन कृषि क्षेत्रको सहकार्यलाई थप प्रवद्र्धन गर्न संयुक्त रुपमा कृषि औद्योगित प्रदर्शनी पार्क निर्माण गर्नेमा सहमत भएका छन् ।

**९) भैंसीको मासु चीनमा निर्यात**

- चीन नेपालबाट भैंसीको मासु आयात गर्न तयार भएको विज्ञप्तिमा उल्लेख छ ।
- चीनको भन्सार सम्बन्धी सामान्य प्रशासन कार्यालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच उक्त सहमति भएको हो ।
- नेपालबाट पकाएको भैंसीको मासु आयात गर्ने स्वीकृति प्रक्रियालाई तीव्रता दिन चीन तयार भएको विज्ञप्तिमा उल्लेख छ । यसले नेपालको व्यापार घाटा कम गर्ने विश्वास नेपाल र चीनले व्यक्त गरेका छन् ।

**१०) सन् २०२५ लाई चीनमा नेपाल भ्रमण वर्ष घोषणा**

- नेपालमा पर्यटक पठाउन चीनले सहयोग गर्ने जनाइएको छ ।
- यसको लागि सन् २०२५ लाई चीनमा नेपाल भ्रमण वर्ष घोषणा गर्न दुर्व दश सहमत भएका छन् ।

**११) चीनलाई उपहारस्वरुप एकजोडी एकसिंगे गैंडा**

**१२) चिनियाँ भाषाका शिक्षक नेपाल पठाइने**

**१३) ग्लोबल डेभलपमेन्ट इनिसिएटिभलाई नेपालको समर्थन**

- चीनले प्रस्ताव गरेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई)लाई नेपालले समर्थन गरेको छ ।

Aayog Tayari

## डोल्पामा भेटियो नेपालकै सर्वाधिक उचाईको ताल

**डोल्पा जिल्लामा नेपालकै सर्वाधिक उचाइको ताल भेटिएको छ**

- **कहिले ? : २०८० भदौ १६**
- **भेटिएको तालको नाम : कुन्ख्येन फालक**
- **तालको उचाई : ५१९० मिटर**
- **स्थान : डोल्पो बुद्ध गाउँपालिका ६, डोल्पा**
- यस अघि मनाङमा ५००२ मिटर उचाइमा 'कजिन सारा लेक' भेटिएको `थियो
- हालसम्म ४९१९ मिटर अग्लो तिलिचो ताललाई नेपालको सर्वाधिक उचाइको ताल मानिदै आइएको छ

## थारू समुदायले मनाए अटवारी पर्व

**थारू समुदायले अटवारी पर्व मनाएका छन्**

- कहिले ? : श्रीकृष्ण जन्माष्टमीपछिको पहिलो आइतबार
- मनाइने क्षेत्र : कैलाली, कञ्चनपुरसहित पश्चिम तराईका बाँके, बर्दिया र दाङमा बसोबास गर्ने थारु समुदाय
- **भाद्र शुक्ल पक्षको प्रथम आइतबार**का दिन दाजुभाइले दिदीबहिनीको दीर्घायुको कामना गर्दै पानीसमेत नपिई दिनभर व्रत बसी साँझ पुरुषद्वारा नै गुइँठाको आगामा सल्लाको धूप बनाई बालेर भीमको पूजा गर्ने प्रचलन रहेको
- व्रतपछि गहुँको पिठोबाट बनेको खुर्मा, अनदीको चामलको बरिया, रोटीलगायत पकवान र फलफुल अग्नि देवतालाई अर्पण गरी दिदीबहिनीलाई केही भाग छुट्ट्याई बाँकी भाग व्रतालुले खाने चलन रहेको

## पूर्व सभामुख तथा संविधानसभा अध्यक्ष सुवास नेम्वाङको निधन

**पूर्व सभामुख तथा संविधानसभा अध्यक्ष सुवास नेम्वाङको निधन भएको छ**

- **कहिले ? : २०८० भदौ २६**
- हृदयघातको कारण उहाँको ७१ बर्षको उमेरमा निधन भएको हो,
- उहा हाल नेकपा एमालेको उपाध्यक्ष र प्रतिनिधि सभाको सांसद (इलाम - २ बाट निर्वाचित) हुनुहुन्थ्यो
- उहाँ **नेपालको संविधान जारी हुदा संविधान सभाका अध्यक्ष** रहनुभएको थियो

**जीवन र राजनीति :**

- जन्म : २००९ साल फागुन २८, इलाम

Aayog Tayari

- राष्ट्रियसभाको सदस्य निर्वाचित : २०४८ र २०५२
- २०५२ मा मनमोहन अधिकारी नेतृत्वको पहिलो कम्युनिष्ट सरकारमा कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री
- विसं २०५६ को संसदीय निर्वाचन जितेर सार्वजनिक लेखा समिति सभापति
- जनआन्दोलन विसं २०६२/६३ सँगै पुनःस्थापित संसद्का सभामुख
- विसं २०६४ र २०७० मा इलामबाट चुनाव जितेर संविधानसभाको अध्यक्ष
- चारपटक सभामुख हुँदा सधैं सर्वसम्मत हुन् सफल

## मुगुमा पुग्यो राष्ट्रिय प्रसारण लाइनको विद्युत्

**राष्ट्रिय प्रसारण लाइनको विद्युत् मुगुमा पुगेको छ**

- **कहिले ? : २०८० भदौ २४**
- यो संगै मुगु जिल्ला राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुग्ने **७६ औं जिल्ला** बनेको छ
- अब कर्णाली प्रदेशको **हुम्ला जिल्ला मात्र राष्ट्रिय प्रसारण लाइनमा जोडिन बाँकी** छ ।
- नेपाल विद्युत् प्राधिकरणले कालीकोटबाट जुम्ला जाने ३३ केभी प्रसारण लाइनलाई नाग्मा भन्ने ठाउँमा ट्यापिङ गरी करिब ८५ किलोमिटर लाइन निर्माण गरी मुगुको सदरमुकाम गमगाडसम्म विद्युत् पुर्याएको हो ।

## राष्ट्रिय कृषि गणना २०७८ को नतिजा सार्वजनिक

**सातौं राष्ट्रिय कृषि गणना २०७८ को नतिजा सार्वजनिक गरिएको छ**

- **कहिले ? : २०८० भदौ २१**
- **कृषि गणना संचालन : २०७९ बैशाख ६ - २०७९ जेठ १९ (४५ दिन)**
- **सातौं कृषि गणनाको नारा : "कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार "**
- **पहिलो कृषि गणना : वि.स. २०१८ सालमा**
- **कृषि गणना : १०/१० बर्षमा गरिन्छ**
- काठमान्डौ , भक्तपुर र ललितपुरमा ट्याब्लेट मार्फत गणना गरिएको
- **कृषि गणना गर्ने निकाय : राष्ट्रिय तथ्यांक कार्यालय**

**सातौं कृषिगणना २०७८ का मुख्य नतिजाहरु :**

| विवरण | कृषि गणना २०७८ | कृषि गणना २०६८ |
|---|---|---|
| कृषक परिवार | ४१,३०,७८९ | ३८,३१,०९३ जना |



Aayog Tayari

| | | |
|---|---|---|
| मुख्य कृषक (पुरुष ) | ६७.६% | ८१ % |
| मुख्य कृषक (महिला) | ३२.४% | १९% |
| मुख्य कृषि उत्पादन | खाद्यान्न बालि (८८%), तरकारी बालि (६%) र पशुपालन (३%) | |
| कृषिजन्य उत्पादनको प्रयोग | सबै घरायसी उपभोग : ६८.८% परिवार<br>सबै बिक्रि गर्ने : १.१% परिवार<br>मुख्य घरायसी, केहि बिक्रि गर्ने : २४.७% परिवार<br>मुख्य बिक्रि, केहि घरायसी उपभोग गर्ने : ५.४% परिवार | |
| कृषि भएको जग्गा | २२,१८,४१० हेक्टर | २५,२५,६३९ हेक्टर |
| जम्मा कित्ता संख्या | १,१५,८३,९५० | १,२०,९६,४१७ |
| प्रति कृषक परिवार कित्ता संख्या | २.८ कित्ता | ३.२ कित्ता |
| जम्मा कृषक मध्ये खेतीपातीमा संलग्न परिवार | ९६.८% | |
| जम्मा कृषक मध्ये पशुपालनमा मात्र संलग्न परिवार | ३.२ % | |
| कृषि गर्ने मध्ये मुख्य आम्दानीको स्रोत कृषि भएका परिवार | ७०.४% | |
| कृषिको आम्दानीबाट बर्षभरी खानपुग्ने परिवार | ४५% | ४०% |
| कृषि प्रयोजनका लागि ऋण लिएका परिवार | ११.७% | २१.८% |
| कृषि बिमा गरेका परिवार | ४.४% | |
| सरकारी अनुदान प्राप्त गर्ने कृषक परिवार | ३,०८,५१२ (७.५%) | |
| खेतको क्षेत्रफल | १४,२९,९८०.६ हेक्टर | |
| पाखो जग्गाको क्षेत्रफल | ७,८८,४२९.३ हेक्टर | |

| | | |
|---|---|---|
| सिचाई भएको जमिनको क्षेत्रफल | १२,०९,२६५.६ हेक्टर (५४.५%) | |
| सिचाई भएको जमिन मध्ये बाहैं महिना सिचाई हुने क्षेत्रफल | ८,७९,५७० हेक्टर (७२.७%) | |
| आफ्नो जग्गा मात्रै उपभोग गर्ने कृषक | ३३,७२,०२६ (८२%) | |
| अरुको जग्गामा मात्र उपयोग गर्ने कृषक | ५९,०९१ (१%) | |
| हाइब्रिड बिउ प्रयोग गर्ने कृषक संख्या | १६.५% | ५.४% |
| क्षेत्रफलको आधारमा मुख्य फलफुल बालि | आँप (१९.८%), केरा (७.९%), सुन्तला (६.५%), स्याउ (३.१%) र कागति (२.८%) | |
| पशुपालन गर्ने कृषकको संख्या | ३४,०५,०१४ जना | ३३,५३,८५७ जना |
| बालि सघनता दर (Crop Intensity) | १.९१ | १.८५ |
| जलवायु परिवर्तनका बारेमा जानकार कृषक परिवार | ४३.७% | |
| जलवायु परिवर्तनले कृषिमा प्रभाव पारेको महसुस गर्ने कृषक परिवार | ९०.७ % | |

## किसानको परिभाषा (कृषि चलन) :

1. हिमाल र पहाडका जिल्ला भए कम्तीमा ४ आना र तराईका जिल्ला भए कम्तीमा ८ धुर क्षेत्रफलमा बाली लागेको जग्गा भएका, वा
2. जुनसुकै उमेरका कम्तीमा १ वटा गाई/भैंसी जस्ता ठूला चौपाया पालेका, वा
3. कम्तीमा ५ वटा भेडा|बाखा, सुँगुर/बङ्गुर जस्ता साना चौपाया पालेका, वा
4. चल्ला र माउ गरी कम्तीमा २० वटा पन्छी (कुखुरा, हाँस) पालेकालाई जनाउँदछ ।



Aayog Tayari

## नेपाल र भारतबीच अन्तरदेशीय क्यूआर भुक्तानी शुरु

**नेपाल र भारतबीच अन्तरदेशीय क्यूआर भुक्तानी सेवाको सुभारम्भ भएको छ**

- **कहिले देखि ? : २०८० भदौ २१**
- नेपालको फोन पे र भारतको नेशनल पेमेन्ट्स कर्पोरेशन अफ इन्डिया (एनपीसीआई) बीच अन्तरदेशीय क्यूआर भुक्तानीका लागि सम्झौता भएको हो ,
- अब भारतीयहरू नेपाल आउँदा फोन पेको क्यूआरमार्फत भुक्तानी गर्न सक्नेछन् । नेपालीले भारतमा भुक्तानी गर्नका लागि भने राष्ट्र बैंकको निर्देशिका कुर्नुपर्ने छ
- भारतका पेटीएम, गुगल पे, फोन पे र मोबाइल बैंकिङ एप नेपालमा आएर फोन पेको क्यूआरमार्फत भुक्तानी गर्न पाइनेछ

## सिंजा गाउँपालिकाले सार्वजनिक गर्‍याे खस पात्रो

**सिंजा गाउँपालिकाले खस पात्रो सार्वजनिक गरेको छ**

- **कहिले ? : २०८० भदौ १९**
- जुम्लाको सिंजा गाउँपालिकाले पहिलोपटक यस्तो पात्रो सार्वजनिक गरेको हो
- सिंजा खस भाषाको उद्गम स्थान मानिन्छ
- गाउँपालिकाले सार्वजनिक गरेको खसपात्रोमा महिनालाई वैशाख, जेठ, आषाढ, साउन, भदुव (भदौ), असोज, कात्तिक, मुंसिर (मङ्सिर), पुस, माग (माघ), फागुन र चईत राखिएको छ ।
- पात्रोमा बारहरू आइतबार, सुमबार, माङ्लबार, बुधबार, बिहीबार, सुकबार र छुन्चरबार कायम गरिएको छ ।

## हेलो सरकार को सेवा २४ सै घण्टा बनाइयो

**हेलो सरकार को सेवा २४ सै घण्टा बनाइएको छ**

- **कहिले देखि ? : २०८० भदौ १७**
- हालसम्म दुई सिफ्टमा मात्र सञ्चालन हुने गरेको हेलो सरकार अब देखि ३ सिफ्ट मा संचालन हुनेछ
- हेलो सरकार **१९ कात्तिक, २०६८ बाट तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराईले सुरु** गरेका थिए
- सरकारी निकायहरुको कामकारवाही र सेवाप्रवाहबारे गुनासो र उजुरी टिपेर सुधार र सम्बोधनका लागि निर्देशन दिने यसको उद्देश्य रहेको छ
- हाल यसलाई **हेलो सरकार गुनासो निर्देशिका २०७८** नामक निर्देशिकाको आधारमा संचालन गरिएको छ

Aayog Tayari

## प्रतिनिधिसभाका समितिहरुमा सभापति निर्वाचित

**प्रतिनिधिसभाका सबै समितिहरुमा सर्वसम्मत रुपमा सभापति निर्वाचित भएका छन्**

- कहिले ? : २०८० भदौ ११
- सपथ तथा कार्यकाल सुरु : २०८० भदौ ११

**निर्वाचित सभापतिहरु** :

- **अर्थ समिति** : सन्तोष चालिसे, नेपाली कांग्रेस
- **अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति** : राजकिशोर यादव, जनता समाजवादीका
- **कानुन, न्याय तथा मानव अधिकार समिति** : विमला सुवेदी, नेकपा (माओवादी केन्द्र)
- **कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति** : आरजु राणा देउवा , नेपाली कांग्रेस
- **महिला तथा सामाजिक मामिला समिति** : किरणकुमार साह
- **राज्य व्यवस्था तथा सुशासन समिति** : रामहरि खतिवडा
- **पूर्वाधार विकास समिति** : दीपकबहादुर सिंह, राष्ट्रिय प्रजातन्त्र पार्टी
- **शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति** : भानुभक्त जोशी , नेकपा (एकीकृत समाजवादी
- **सार्वजनिक लेखा समिति** : ऋषिकेश पोखरेल, नेकपा एमाले
- **उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति**: अब्दुल खान, जनमत पार्टी

## गायक स्वर्गीय जेबी टुहुरेलाई जनगायकको उपाधि प्रदान

**सरकारले गायक स्वर्गीय जेबी टुहुरेलाई जनगायकको उपाधि प्रदान गरेको छ**

- कहिले ? : २०८० भदौ ६
- गायक जेबी टुहुरेको निधन : २०७८ भदौ १०
- खास नाम : जुठबहादुर खड्की
- २०२१ सालमा पिता कृष्णबहादुर खड्गीको निधन भएपछि आफ्नो नामको पछाडि टुहुरे जोडेका थिए ।
- त्यसपछि उनी जेबी टुहुरेकै नामबाट चिनिए ।
- २०२० को दशकदेखि कम्युनिष्ट विचारधारासँग नजिक भएका उनले २०२४ सालदेखि जनताका गीत गाउन थालेका थिए ।
- उनको 'आमा दिदी बहिनी हो, कति बस्छौ दासी भई –÷ निकै चर्तित छ ।

AayogTayari

## प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ नियुक्त

**प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ नियुक्त हुनुभएको छ**

- **कहिले ? :** २०८० भाद्र ४
- **सपथ तथा कार्यभार सुरु :** २०८० भाद्र ५
- संसदीय विशेष सुनुवाइ समितिले श्रेष्ठको नाम सर्वसम्मतिले पारित गरेपछि राष्ट्रपति रामचन्द्र पौडेलले उहाँलाई नियुक्त गर्नुभएको हो ।
- श्रेष्ठले १४ महिना सर्वोच्च अदालतको नेतृत्व गर्नुहुने छ ।
- २०१६ साल असोज २० मा डोटीको सिलगढीमा जन्मनु भएका श्रेष्ठ ०३८ सालमा शाखा अधिकृतका रूपमा न्याय सेवामा प्रवेश गर्नुभएको हो ।
- उहाँ २०७३ साल साउन १७ मा सर्वोच्च अदालतमा नियुक्त हुनुभएको हो ।
- उहाँले २०८१ सालको असोज २० गते ६५ वर्षे उमेरहदका कारण अवकाश पाउनुहुनेछ ।

## आर्थिक बर्ष ०७९/८० को बार्षिक वित्तीय स्थिति सार्वजनिक

**नेपाल राष्ट्र बैंकले आर्थिक बर्ष ०७९/८० को बार्षिक वित्तीय स्थिति सार्वजनिक गरेको छ**

**मुख्य झलकहरु :**

- **बार्षिक औसत मुद्रास्फीति :** ७.७४%
- **आयात** १६.१ % ले घटेको
- **निर्यात :** २१.२ % ले घटेको
- **विप्रेषण आप्रवाह :** २१.२ % ले बढेको
- **शोधनान्तर स्थिति :** २९० अर्ब ५२ करोडले बचतमा
- **देशको वित्तीय घाटा :** ४ खर्ब ८६ अर्ब ८९ करोड (अघिल्लो आव सम्म २ खर्ब ६३ अर्ब ६७ करोड)
- **सरकारको खातामा नगद :** ७१ अर्ब ९८ करोड

Aayog Tayari

| तालिका ६: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
| | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त |
| वाणिज्य बैंक | २७ | २६ | २० | ४७५३ | ५००९ | ५०४९ |
| विकास बैंक | १८ | १७ | १७ | १०२३ | १११८ | ११२८ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २२२ | २६७ | २८४ |
| लघुवित्त वित्तीय संस्था | ७० | ६५ | ५७ | ४६८५ | ५१३४ | ५१२८ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१३३** | **१२६** | **११२** | **१०६८३** | **११५२८** | **११५८९** |

| तालिका ३: सार्वजनिक ऋणको स्थिति | | | | | | |
|---|---|---|---|---|---|---|
| शीर्षक | रकम (रु.अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादन सँगको अनुपात | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| वाह्य ऋण | ९३४.७० | १०२५.८५ | १०९३.३५ | २१.५ | २०.८ | २०.३ |
| आन्तरिक ऋण | ८००.३२ | ९८४.२९ | ११२५.१९ | १८.४ | २०.० | २०.९ |
| कुल ऋण | १७३५.०२ | २०१०.१३ | २२१८.५४ | ३९.९ | ४०.७ | ४१.२ |

| तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | |
|---|---|---|---|
| **क्षेत्र** | **२०७७/७८** | **२०७८/७९ सं** | **२०७९/८० प्रा.** |
| कृषि* | २५.८० | २४.६७ | २४.१२ |
| उद्योग | १३.८२ | १४.०९ | १३.४५ |
| सेवा | ६०.३८ | ६१.२४ | ६२.४३ |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **४.८४** | **५.६१** | **१.८६** |
| कृषि* | २.८५ | २.२४ | २.७३ |
| उद्योग | ६.९५ | १०.८० | ०.५९ |
| सेवा | ४.७१ | ५.३२ | २.३३ |

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समेट्न सुरु

**अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समेट्ने कार्यको सुभारम्भ गरिएको छ**

- **कहिले ? : २०८० श्रावण ३१**
- प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारको तर्फबाट अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा समेट्ने अभियान सुरु गरेको औपचारिक घोषणा गरेका हुन् ।
- सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सो बमोजिम २०६७ साल चैत्र ७ गते भएको हो।

## राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत

**सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गरेको छ।**

- **कहिले ? : २०८० श्रावण २३**
- श्रावण २३ गते बसेको मन्त्रिपरिषद बैठकले उक्त नीति स्वीकृत गर्ने निर्णय गएको हो,
- पारित भएको नीतिमार्फत **विश्वयापी साइबर सुरक्षा सूचकांक स्कोर ४४.९९ बाट आगामी पाँच वर्षभित्र ६०, दश वर्षभित्र ७० र १५ वर्षभित्र ८० पुऱ्याउने लक्ष्य** राखिएको छ।

## इन्धन चुहावट नियन्त्रण गर्न ट्यांकरमा 'बटम लोडिङ' सुरु

**इन्धन चुहावट नियन्त्रण गर्न ट्यांकरमा बटम लोडिङ प्रणाली सुरु गरिएको छ**

- **कहिले ? : २०८० श्रावण २२**
  - के हो बटम लोडिंग प्रणाली : ट्यांकरको माथिल्लो भागबाट इन्धन लोड/अनलोड नगरी तल्लो भागबाट गरिने प्रणाली,
  - सुरु गरिएको : नेपाल आयल निगमको थानकोट डिपोबाट

## मिस्टर नेपाल-२०२३ को उपाधि समर्पण कार्कीलाई

**मिस्टर नेपाल-२०२३ को उपाधि समर्पण कार्कीले जितेका छन्**

- कहिले ? : २०८० श्रावण ६
- विजेता : समर्पण कार्की (विराटनगर)
- फर्स्ट रनरअप : निमेश कपाली
- सेकेन्ड रनरअप : क्रिशल श्रेष्ठ
- प्रतियोगीतामा उनले नगद ५ लाख बराबरको उपहारसहित 'मिस्टर वर्ल्ड २०२३' वा 'मिस्टर ग्लोबल २०२३' मा नेपालको प्रतिनिधित्व अवसर प्राप्त गरेका छन्।
- मिस्टर नेपाल २०२२ का विजेता : नुतन श्रेष्ठ
- प्रतियोगिता आयोजक : नेक्स्ट मोडल्स नेपाल

## ९२ दिनमै विश्वका १४ अग्ला हिमाल आरोहणको कीर्तिमान

**९२ दिनमै विश्वका १४ अग्ला हिमाल आरोहणको कीर्तिमान बनेको छ**

- **कहिले ? : २०८० श्रावण ११ (२७ जुलाई २०२३)**
- **किर्तिमान बनाउने व्यक्तिहरु : तेन्जिङ (शेर्पा )नेपाल र क्रिस्टिन हरिला (नर्वे)**
- सगरमाथासहित विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल ९२ औं दिनमा आरोहण गर्दै उनीहरुले यो किर्तिमान बनाएका हुन्
- **यसअघि निर्मल पुर्जाले** विश्वकै १४ अग्ला हिमाल ६ महिना ६ दिनमा आरोहण गर्दै ’सबैभन्दा छिटो आरोहणको कीर्तिमान÷ बनाएका थिए ।

- २०८० श्रावण २१ : चारित्रिक प्रमाणपत्र (पुलिस रिपोर्ट) अनलाइनबाटै प्रमाणीकरण गर्न सकिने व्यवस्थाको सुरुवात
- २०८० श्रावण २२ : भारतीय पूर्व क्रिकेटर देविका पाल्शिकर नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकाे सल्लाहकार प्रशिक्षकमा नियुक्त भएकी छन् ।
- २०८० श्रावण २२ : नाैबिसे–नागढुङ्गा सुरुङमार्गको 'रेस्क्यु टनेल' अर्थात् आपत्कालीन सुरुङमार्गको 'ब्रेक थ्रु' भएको छ । दुई किलोमिटर पाँच सय ५७ मिटर लामो सुरुङ धादिङ र काठमाण्डाै दुवैतर्फबाट छिचोलिएको छ
- नेवार समुदायले चन्द्रमासअनुसार श्रावणशुक्ल प्रतिपदादेखि भाद्रशुक्ल प्रतिपदासम्म एक महिना धर्म, कर्म एवं राम्रा काम गरेर मनाउने पर्वलाई : गुँला पर्व भनिन्छ

## आर्थिक वर्ष ०८०/८१ काे माैद्रिक नीति सार्वजनिक (शारांश)

**आर्थिक वर्ष ०८०/८१ काे माैद्रिक नीति सार्वजनिक गरिएकाे छ**

- कहिले ? : २०८० श्रावण ७ गते
- कसले? : नेपाल राष्ट्र बैंक

**मुख्य व्यवस्थाहरु :**

- मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य।

- ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने ।
- विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण
- अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत
- नीतिगत दरलाई ५० आधार बिन्दुले घटाई ६.५ प्रतिशत कायम गरिएको छ ।
- बैंकदरलाई ७.५ प्रतिशतमा यथावत राखी निक्षेप संकलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम ।
- वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुर्याउने गैर—व्यावसायिक तथा उच्छृङ्खल गतिविधिलाई समेत नियन्त्रण गर्न सहयोग पुग्ने गरी
- विद्यमान बैंकिङ्ग कसुर ऐन, २०६४ मा समसामयिक संशोधन प्रक्रिया अगाडि बढाइने।
- पहिलो आवासीय घर कर्जाको सीमा रु.१ करोड ५० लाखलाई वृद्धि गरी रु.२ करोड पुर्याईने।
- चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिने ।
- लगानीसम्बन्धी प्रक्रियालाई सरलीकरण र सहजीकरण गर्न नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावलीमा आवश्यक संशोधन गरिने।
- भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी सुविधावापत् एक वर्षमा दुई पटकसम्म अमेरिकी डलर १५०० सम्म सटही सुविधा उपलव्ध गराइने विद्यमान व्यवस्थालाई परिमार्जन गरी अमेरिकी डलर २५०० सम्म उपलब्ध गराइने व्यवस्था गरिने।
- कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्नु मौद्रिक नीतिको लक्ष्य रहेको छ ।
- ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप संकलन सुविधा उपलव्ध गराउने व्यवस्था गरिने ।
- प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरुको कर्जा पुनरसंरचना लगायतका व्यवस्था गरेर पुनरुत्थान तथा अन्य व्यवस्थापनका लागी Stressed Loan Resolution Framework जारी गरिने ।
- वाणिज्य बैंकहरुको सम्पत्तिको गुणस्तर पुनःमूल्याङ्कन गर्नुको साथै बैंक तथा वित्तीय संस्थाको आन्तरिक कर्जा जोखिम वर्गीकरण गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने।
- राष्ट्रिय स्तरका विकास बैंकहरुले समेत पूर्ण रुपमा Capital Adequacy Framework, 2015 अनुसार पुँजीकोष कायम गर्नु पर्ने व्यवस्था लागु गरिने ।
- नेपाल लेखामानअनुसार Expected Credit Loss Model(ECL) कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गरिने।

AayogTayari

## पेट्रोलियम पदार्थमा स्वचालित मुल्य प्रणाली लागू

**पेट्रोलियम पदार्थमा स्वचालित मुल्य प्रणाली लागू गरिएको छ**

- **कहिले देखि : २०८० श्रावण १ देखि**
- नेपाल आयल निगमले २०८० असार ३१ गते पत्रकार सम्मेलन गर्दै उक्त प्रणाली लागू गर्ने जानकारी गराएको हो
- स्वचालित मूल्य प्रणाली लागू हुँदा अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा बढ्ने र घट्दा घट्ने हुन्छ ।
- यस अघि पटक पटक स्वचालित मूल्य प्रणाली लागू गर्ने घोषणा गरेपनि लागू हुन् सकेको थिएन
- यसको लागि निगमले पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०७९ जारी गरेको छ

## आर्थिक वर्ष ०७९/८० मा सरकारको बजेट खर्च र आम्दानीको अवस्था

**आर्थिक वर्ष ०७९/८० मा सरकारको बजेट खर्च र आम्दानीको अवस्थाको समिक्षा**

- समग्रमा आम्दानि र खर्च दुवैको अवस्था नाजुक
- संसोधित लक्ष्य समेत भेटाउन नसकेको अवस्था

**राजश्वको अवस्था :**

- बजेटको लक्ष्य : १४ खर्ब ३ अर्ब
- संसोधन गरी तोकिएको लक्ष्य : ११ खर्ब ७९ अर्ब
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : ९ खर्ब ३५ अर्ब

**चालू खर्चको अवस्था :**

- बजेटको लक्ष्य : ११ खर्ब ८३ अर्ब
- संसोधन गरी तोकिएको लक्ष्य : १० खर्ब ४३ अर्ब
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : १० खर्ब ६ अर्ब

**पुँजीगत खर्चको अवस्था :**

- बजेटको लक्ष्य : ३ खर्ब ८० अर्ब
- संसोधन गरी तोकिएको लक्ष्य : २ खर्ब ५८ अर्ब
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : २ खर्ब ३२ अर्ब

**आन्तरिक ऋणको अवस्था :**

- बजेटको लक्ष्य : २ खर्ब ५६ अर्ब
- संसोधन गरी तोकिएको लक्ष्य : २ खर्ब ५६ अर्ब
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : २ खर्ब ५६ अर्ब

**बाहृय ऋणको अवस्था :**

- बजेटको लक्ष्य : २ खर्ब ४२ अर्ब
- संसोधन गरी तोकिएको लक्ष्य : १ खर्ब ७० अर्ब
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : १ खर्ब १७ अर्ब

**वित्तीय व्यवस्थाको अवस्था :**

- बजेटको लक्ष्य : २ खर्ब ३० अर्ब
- संसोधन गरी तोकिएको लक्ष्य : २ खर्ब ३ अर्ब
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : १ खर्ब ८९ अर्ब

**अनुदानको अवस्था :**

- बजेटको लक्ष्य : ५५ अर्ब ४५ करोड
- संसोधन गरी तोकिएको लक्ष्य : ३८ अर्ब ४६ करोड
- आ.व. को अन्त्यमा वास्तविक अवस्था : २१ अर्ब

## कपिलवस्तुलाई साक्षर जिल्ला घोषणा

**कपिलवस्तु नेपालको ६४ औं साक्षर जिल्ला घोषित भएको छ**

- कहिले ? : २०८० असार ३१
- नेपालको : ६४ औं साक्षर जिल्ला
- लुम्बिनी प्रदेशको : १२ औं साक्षर जिल्ला
- यस संगै लुम्बिनी प्रदेशका सबै जिल्ला साक्षर घोषणा गरिएको छ

**पछिल्ला साक्षर घोषित जिल्लाहरु :**

६४ औं : कपिलवस्तु (२०८० असार ३१)
६३ औं : डोटी (२०८० जेठ ३२ )
६२ औं : कंचनपुर (२०७९ भदौ २३)
६१ औं – बाँके (२०७९ असार ३२)
६० औं – बाजुरा (२०७९ असार ३०)
५९ औं – कैलाली ( (२०७९ असार २९ )
५८ औं – सोलुखुम्बु (२०७९ असार २६)
५७ औं – बझांग (२०७९ असार ७)
पहिलो साक्षर जिल्ला : सिन्धुपाल्चोक (२०७१ असार २)

**पूर्ण साक्षर प्रदेश :**

Aayog Tayari

- कोशी : २०७९ भदौ २३
- वागमती : २०७८ असौज ११
- गण्डकी : २०७८ असौज २४
- हालसम्म कुनै जिल्ला साक्षर घोषणा नभएको प्रदेश : मधेश प्रदेश

## रेल सेवा महोत्तरीको भंगहा सम्म विस्तार

**रेल सेवा भारतको जयनगर देखि महोत्तरीको भंगहा सम्म विस्तार भएको छ**

- कहिले ? : २०८० असार ३१
- अब नेपालको रेलमार्ग : जयनगर (भारत) – भंगहा, बिजलपुरा (महोत्तरी)
- रेलमार्गको लम्बाई : ५२ किमी
- यस अघि जयनगर देखि कुर्था (धनुषा) सम्मको ३५ किमी खण्डमा मात्र रेल सेवा संचालनमा रहेको थियो

**जयनगर–जनकपुर रेलबारे थप जानकारी**

- जयनगरदेखि बर्दिवाससम्म ६८.७२ कि मि मध्य अब बिजलपुरा सम्म (५२ किमी) मात्रै रेल संचालन हुनेछ ,
- जयनगर – कुर्था ट्र्याकको लम्बाई ३४.९ किमी रहेको छ
- जयनगर –कुर्था रेल ट्र्याक नेपाललाई हस्तान्तरण : २०७८ कार्तिक ५
- नेपाल–भारत रेल सेवा सम्झौता संशोधन : २०७८ असार २५
- रेल खरिदसम्बन्धी सम्झौता : २०७६ वैशाख २७

## २१० औं भानु जयन्ती मनाइयो

- कहिले ? : २०८० असार २९

**आदिकवी भानुभक्तको परिचय :**

- जन्म : वि. सं. १८७१ असार २९ चुँदी रम्घा, तनहुँ
- मृत्यु : वि सं. १९२५ असोज ६ सेतीघाट, तनहुँ
- मोतिराम भट्टले उनलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिएका
- उनी वाल्मीकि रामायणका नेपाली अनुवादकका रूपमा प्रख्यात छन्

**भानुभक्तका कृतिहरु**

- प्रश्नोत्तर (वि.सं. १९१० )
- भक्तमाला (वि.सं. १९१०)

Aayog Tayari

- वधूशिक्षा (वि सं १९१९)
- रामायण (नेपाली अनुवाद)

## मनाङ एयरको हेलिकप्टर दुर्घटनाग्रस्त

**मनाङ एयरको हेलिकप्टर दुर्घटनाग्रस्त भएको छ**

- कहिले ? : २०८० असार २६
- कहाँ ? : सोलुखुम्बुको लिखुपिके गाउँपालिका–५ मा
- उक्त हेलिकप्टर सोलुखुम्बुको सुर्केबाट काठमाडौंका लागि उडेको थियो
- उक्त दुर्घटनामा पाइलट सहित सबै ६ जनाको मृत्यु भएको छ

## राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक

**राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक पोखरामा सम्पन्न भएको छ**

- कहिले ? : २०८० असार १६ गते
- बैठकको अध्यक्षता : प्रधानमन्त्री पुष्पकमल दाहाल
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन–२०७७ अनुसार गठित समितिको यो पहिलो बैठक रहेको छ
- संघीयता आएको ८ वर्षपछि तीनै तहका प्रतिनिधिबीच संघीयता कार्यान्वयनमा देखिएका जटिलताबारे छलफल भएको

**राष्ट्रिय समन्वय परिषद्**

- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन–२०७७ मा प्रधानमन्त्रीको अध्यक्षतामा २० सदस्यीय राष्ट्रिय समन्वय परिषद् गठन हुने व्यवस्था छ
- ऐनमा प्रधानमन्त्रीको अध्यक्षतामा २० सदस्यीय राष्ट्रिय समन्वय परिषद् गठन हुने व्यवस्था छ।
- परिषद्मा अर्थमन्त्री, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, गृहमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, प्रतिनिधिसभाका विपक्षी दलको नेता वा निजले तोकेको संघीय संसद्को सदस्य र सातै प्रदेशबाट प्रतिनिधित्व हुने गरी गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समितिका प्रमुख–उपप्रमुखमध्येबाट ७ जना सदस्य रहन्छन्।

**अन्तर प्रदेश परिषद्**

- अन्तर प्रदेश परिषद् पनि प्रदेश र संघबिचको राजनीतिक विवाद समाधानको संयन्त्र हो,
- यसको बैठक हालसम्म ३ पटक बसेको छ
    - पहिलो बैठक : २०७५ मंसिर २३ र २४ गते
    - दोस्रो बैठक : २०७५ पुस ३

Aayog Tayari

- तेस्रो बैठक : २०७६ वैशाख १३

## अन्तरप्रदेश मुख्यमन्त्री बैठक –२०८०

**अन्तरप्रदेश मुख्यमन्त्री बैठक २०८० पोखरामा सम्पन्न भएको छ**

- कहिले ? : २०८० असार १५
- गण्डकी प्रदेश सरकारको निमन्त्रणामा ६ प्रदेशका मुख्यमन्त्रीको बैठक सम्पन्न भएको हो,
- कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की भने विश्वासको मत लिने प्रक्रियामा रहेकाले बैठकमा सहभागी भएका थिएनन
- गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ नेतृत्वले २०७५ भदौ २१ गते पोखरामा मुख्यमन्त्रीहरूको बैठक तथा परिषद् बैठकको आयोजना गरेको थियो।
- मुख्यमन्त्रीहरूको पोखरा बैठकले १७ बुँदे साझापत्र प्रधानमन्त्रीलाई बुझाएको छ।

## समलिंगी विवाह दर्ताको व्यवस्था गर्न सरकारलाई सर्वोच्चको आदेश

**समलिंगी विवाह दर्ताको व्यवस्था गर्न सरकारलाई सर्वोच्चले अन्तरिम आदेश दिएको छ**

- कहिले ? : २०८० असार १२ गते
- यो आदेशसँगै परम्परागत रूपमा मान्यता पाउँदै आएको महिला र पुरुषबीचको विवाह मात्रै दर्ता हुने कानुनी व्यवस्थामा परिवर्तन आउने भएको हो,
- यद्यपी सरकारले यस सम्बन्धि आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ
- संविधानको धारा १२ मा लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था रहेको छ

## सात नयाँ औद्योगिक ग्राम निर्माण गर्ने सरकारको निर्णय

**सात नयाँ औद्योगिक ग्राम निर्माण गर्ने सरकारको निर्णय**

- कहिले ? : २०८० असार १२

**नयाँ घोषणा गरिएका औद्योगिक ग्राम**

- रास्कोट नगरपालिका ६ कालीकोट,
- नरहरिनाथ गाउँपालिका २ कालीकोट,
- राप्तीसोनारी गाउँपालिका ४ बाँके,
- रम्भा गाउँपालिका ३ पाल्पा,
- शीतगंगा गाउँपालिका १३ अर्घाखाँची,
- जगरनाथपुर गाउँपालिका ५ पर्सा र
- महागढीमाइ नगरपालिका ५ बारा

AayogTayari

## पोखरा विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय उडान

**पोखरा विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय उडान भएको छ**

- कहिले ? : २०८० असार ६
- उडान गर्ने विमान कम्पनि : सिचुआन एयरलाइन्स
- उडानको किसिम : चार्टर उडान
- चीनको छेन्दु–तियान्फु इन्टरनेशनल विमानस्थलबाट उडेको सिचुवान एयरलाइन्सको एयरबस ए–३१९ जहाज पोखरा विमानस्थलमा सफल अवतरण गरेको हो

**पोखरा विमास्थलबारे थप जानकारी :**

- यती एयरलाइन्सको ९एन एएनसी एटीआर ७२ जहाज दुर्घटनाग्रस्त भएको : २०७९ माघ १ (बिहान १०:५०)
- विमानस्थलको उद्राटन : २०७९ पुष १७
- विमानस्थलमा यान्त्रिक परिक्षण सम्पन्न : २०७९ मङ्सिर ५ देखि १२ गते
- विमानस्थल नेपाललाई हस्तान्तरण : २०७८ चैत्र १२
- यो विमानस्थल चीनको एक्जिम बैंकको रु २२ अर्ब सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण गरिएको हो,
- यसका लागि सन् २०१४ मे २२ मा नेपाल नागरिक उ यन प्राधिकरण र चाइना सीएएमसीबीच व्यापारिक सम्झौता भएको थियो।

## सातै प्रदेशको आव ०८०/८१ को बजेटको संक्षिप्त समिक्षा

**२०७८ असार १ गते सातवटै प्रदेशले आफ्नो बजेट सार्वजनिक गरेका छन**

- सातै प्रदेशको कुल बजेट : २ खर्ब ७९ अर्ब ६० करोड

**प्रदेश १ को बजेट :**

- प्रदेश १ ले अध्यादेश मार्फत २०८० जेठ ३२ गते बजेट सार्वजनिक गरेको छ
- जम्मा बजेट : ३६ अर्ब २४ करोड ३५ लाख १० हजार

**बजेटको स्रोत :**

- आर्थिक मामिला तथा योजनामन्त्री : हिक्मतकुमार कार्की
- आन्तरिक स्रोत : ४ अर्ब ५७ करोड रुपैयाँ
- राजस्व बाँडफाँट: ११ अर्ब ६४ करोड ८१ लाख
- वित्तीय समानीकरण अनुदान : ८ अर्ब ७८ करोड,
- सशर्त अनुदान : ५ अर्ब ८४ करोड,
- समपुरक अनुदाङ : ७३ करोड
- विशेष अनुदान : ७६ करोड

Aayog Tayari

- मौज्दात : ३ अर्ब ७५ करोड
- वैदेशिक अनुदान : १५ करोड

**बजेटको विनियोजन :**

- चालू खर्च : १४ अर्ब ३९ करोड ६२ लाख ६६ हजार
- पुँजीगत खर्च : १८ अर्ब २३ करोड ४२ लाख ५२ हजार,
- वित्तीय व्यवस्था : १ करोड
- स्थानीय तहमा वित्तीय हस्तान्तरण : ३ अर्ब ६० करोड २९ लाख रुपैयाँ

**मधेश प्रदेशको बजेट**

- अर्थमन्त्री : सञ्जयकुमार यादव
- बजेटको आकार : ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार

**बजेटको स्रोत :**

- आन्तरिक राजश्व : ४ अर्ब ३७ करोड ८१ लाख २ हजार
- राजश्व बांडफांड : ११ अर्ब ३८ करोड १९ लाख
- समानीकरण अनुदान : ७ अर्ब ४१ करोड ५० लाख
- ससर्त अनुदान : ४ अर्ब ५६ करोड ८५ लाख
- नगद मौज्दात : १२ अर्व ९० करोड
- विशेष अनुदान : ४९ करोड
- समपुरक अनुदान : ९८ करोड
- आन्तरिक ऋण : २ अर्ब,

**बजेटको विनियोजन :**

- पुँजीगत खर्च : २५ अर्ब ६९ करोड ७० लाख १८ हजार,
- चालु खर्च : १८ अर्ब २१ करोड ७६ लाख १४ हजार
- वित्तीय व्यवस्था : २० करोड बजेट
- स्थानीय तहलाई अनुदान : ३ अर्ब ५२ करोड ८० लाख ४७ हजार

**मुख्य कार्यक्रमहरु :**

- मुख्यमन्त्री स्वच्छता अभियान र बेटी पढाऊ बेटी बचाऊ अभियानलाई निरन्तरता
- एक परिवार, एक विद्युतीय चुलो वितरण
- एक परिवार, एक रोजगार
- मुसहर, चमार, डोम, हलखोर समुदायका विद्यार्थीको खातामा २ हजार जम्मा गरिदिने
- दुई दर्जन क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा

**वागमती प्रदेशको बजेट**

- आर्थिक मामिला तथा योजनामन्त्री : बहादुरसिंह लामा

Aayog Tayari

- पूर्ण बजेट : ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार
- प्रदेशहरुको बजेट मध्ये सबैभन्दा बढी

**बजेटको स्रोत :**

- आन्तरिक राजश्व : २५ अर्ब १७ करोड २६ लाख
- अन्य राजश्व : ५ अर्ब २६ करोड ९४ लाख
- वित्तीय हस्तान्नारण : १७ अर्ब ८१ करोड २३ लाख
- संचित कोष र अन्य : १४ अर्ब ४५ करोड ४७ लाख

**बजेट विनियोजन :**

- चालू खर्च : ६ अर्ब ७० करोड २७ लाख ६९ हजार
- पुँजीगत खर्च : ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार
- वित्तीय हस्तान्तरण : ५ अर्ब ८३ करोड ८४ लाख
- वित्तीय व्यवस्था : ५० करोड

**मुख्य कार्यक्रमहरु :**

- एक निर्वाचन क्षेत्र एक प्रांगारिक मल कारखाना स्थापना गर्ने
- २०८५ सालभित्र सबै स्थानीय तहको केन्ऽ जोड्ने सडक पक्की बनाइने

**गण्डकी प्रदेशको बजेट**

- अर्थमन्त्री : जितप्रकाश आले
- पूर्ण बजेट : ३३ अर्ब ४२ करोड ७२ लाख

**बजेटको स्रोत :**

- वित्तीय समानीकरण अनुदान : ७ अर्ब ६२ करोड २५ लाख
- राजश्व बाडफाड : ९ अर्ब ५ करोड ३२ लाख
- ससर्त अनुदान : ४ अर्ब ९४ करोड १५ लाख,
- समपुरक अनुदान : ८४ करोड
- विशेष अनुदान : ७० करोड
- राजश्व : ५ अर्ब १६ करोड ९१ लाख ८४ हजार
- रोयल्टी बाँडफाँड : ४० करोड ८ लाख १६ हजार
- नगद मौज्दात : ३ अर्ब
- आन्तरिक ऋण : १ अर्ब ७० करोड

Aayog Tayari

- नेपाल सरकारको संग ऋण : १ अर्ब

**बजेटको विनियोजन :**

- चालुखार्च : १२ अर्ब ७३ करोड ६७ लाख ३८ हजार
- पुँजीगत खर्च : २० अर्ब १९ करोड ४ लाख ६२ हजार
- वित्तीय व्यवस्था : ५० करोड
- वित्तीय हस्तान्तरण : २ अर्ब २८ करोड २५ लाख

**मुख्य कार्यक्रम :**

- सबै घरमा बिजुली पुऱ्याएर उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने
- एक घर एक धारा,
- सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेशलाई निरन्तरता
- कृषि बाली बीमामा शतप्रतिशत अनुदान

**लुम्बिनी प्रदेशको बजेट :**

- आर्थिक मामिला तथा सहकारी मन्त्री : धनबहादुर मास्की
- पूर्ण बजेट : ४० अर्ब ४७ करोड ९७ लाख

**बजेटको स्रोत :**

- आन्तरिक स्रोत : ६ अर्ब ७३ करोड ५१ लाख
- राजश्व बाँडफाँड : ११ अर्ब ३१ करोड ७४ लाख
- संघबाट प्राप्त हुने प्राकृतिक स्रोतको रोयल्टी : २९ करोड
- समानीकरण अनुदान : ८ अर्ब १४ करोड ८३ लाख
- सशर्त अनुदान : ५ अर्ब ८३ करोड ५९ लाख,
- समपुरक अनुदान : ८४ करोड
- विशेष अनुदान : ५६ करोड
- बचत : ३ अर्ब
- आन्तरिक ऋण : १ अर्ब २५ करोड

**बजेटको विनियोजन :**

- चालू खर्च : १३ अर्ब ६३ करोड ३० लाख ९९ हजार
- पुँजीगत खर्च : २३ अर्ब २५ करोड ६९ लाख १ हजार
- वित्तीय हस्तान्तरण : ३ अर्ब ५८ करोड ९७ लाख

Aayog Tayari

**मुख्य कार्यक्रमहरु :**

- १० लाखभन्दा कम रकमका योजना निरुत्साहित गर्दै पुराना योजनालाई निरन्तरता
- २ वर्षमा २ लाख रोजगारी सिर्जना गर्ने
- सीप सिक्दै कमाउँदै” कार्यक्रम घोषणा
- लुम्बिनीलाई विश्व पर्यटनको प्रमुख गन्तव्य बनाउन नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तर्राष्ट्रियस्तरको लोरेट एन्ड लिडर” कार्यक्रम आयोजना गर्ने

**कर्णाली प्रदेशको बजेट :**

- आर्थिक मामिला तथा योजनामन्त्री : बेदराज सिंह
- बजेटको आकार : ३३ अर्ब ३७ करोड ५७ लाख ७ हजार

**बजेटका श्रोतः**

- आन्तरिक राजश्व : ८३ करोड ६२ लाख १२ हजार
- चालू आ.व. को बचत : ४ अर्ब ५५ करोड
- राजश्व बाँडफाँड : ८ अर्ब ८४ करोड ३ लाख
- समानिकरण अनुदान : १० अर्ब १६ करोड ४१ लाख
- सशर्त अनुदान : ४ अर्ब ७५ करोड ३ लाख,
- समपुरक अनुदान : ७६ करोड १६ लाख
- विशेष अनुदान : ५९ करोड ७९ लाख
- वैदेशिक सहायता : १ करोड ८६ लाख ९० हजार

**बजेट विनियोजन :**

- चालू खर्च :९ अर्ब २० लाख २४ हजार
- पुँजीगत खर्च : १९ अर्ब ९७ करोड ७२ लाख ४३ हजार
- वित्तीय व्यवस्था : ४ अर्ब ८० करोड ४ लाख ४० हजार
- वित्तीय हस्तान्तरण : ४ अर्ब ८० करोड ४ लाख

**मुख्य कार्यक्रमहरु :**

- लैंगिक समानताको लागि “बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको” कार्यक्रम लाई निरन्तरता
- वार्षिक १० हजार जनालाई रोजगारी प्रदान गर्ने
- जोखिममा भएका बस्ती संरक्षणका लागि कर्णाली जनता तटबन्धनलगायतका कार्यक्रम
- कालिकोटको पिली र रुकुम पश्चिमको खारामा युद्ध सङ्ग्रहालय

Aayog Tayari

**सुदुरपश्चिम प्रदेशको बजेट**

- आर्थिक मामिलामन्त्री : नरेशकुमार शाही
- बजेटको आकार : २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार

**बजेटको स्रोत :**

- आन्तरिक राजश्व : १ अर्ब ५० करोड
- चालू आ.व. को बचत : ३ अर्ब ८६ करोड ६७ लाख २४ हजार
- राजश्व बाँडफाँड : ९ अर्ब ४१ करोड १७ लाख
- समानिकरण अनुदान : ८ अर्ब ५२ करोड ३ लाख
- रोयल्टी बाँडफाँड : ६ करोड ५६ लाख ८ हजार
- सशर्त अनुदान : ४ अर्ब ५१ करोड १६ लाख
- समपुरक अनुदान : ७७ करोड
- विशेष अनुदान : ६२ करोड

**बजेटको विनियोजन**

- चालू खर्च : ९ अर्ब ५९ करोड ६० लाख २ हजार
- पुँजीगत खर्च : १७ अर्ब २ करोड २३ लाख ६० हजार
- वित्तीय व्यवस्था :३० करोड
- वित्तीय हस्तान्तरण : २ अर्ब ३४ करोड ९५ लाख ७० हजार

**मुख्य कार्यक्रमहरु :**

- अत्तरिया–धनगढी मोनोरेल सम्भाव्यता अध्ययन गरिने
- बाजुराको ढम्कने पाण्डुसेन सुरुङमार्ग अध्ययन गरिने
- पेट्रोलियम पदार्थबाहेकबाट चल्ने सवारीसाधन करमा २० प्रतिशत छुट दिने
- एक स्थानीय तह एक कृषक पाठशाला,
- कृषकलाई शून्य ब्याजदरमा कर्जा

## नेपालमा पहिलो पटक मङ्कीपक्स सङ्क्रमण पुष्टि

**नेपालमा पहिलो पटक मङ्कीपक्स सङ्क्रमण पुष्टि भएको छ**

- कहिले ? : २०८० असार १
- एक ६० बर्षिय विदेशी महिलामा यो रोग पुष्टि भएको हो
- विश्व स्वास्थ्य संगठन (ध्न्इ) ले मङ्कीपक्स रोगलाई विश्वव्यापी स्वास्थ्य आपतकाल घोषणा गरेको छ

Aayog Tayari

- घोषणा मिति : २०२२ जुलाई २३ (२०७९ श्रावण ७)

**मङ्कीपक्स भाइरस के हो ?**

- यो एक प्रकारको भाइरस हो
- सर्वप्रथम बाँदरमा सन् १९५८ मा डेनमार्कमा देखिएको
- सन् १९७० कंगोमा मा सर्वप्रथम मानिसमा देखिएको
- सन् २०२२ को प्रकोप सर्वप्रथम २०२२ को मे ६ गते बेलायतमा देखिएको
- हालसम्म ७५ देशमा फैलिसकेको र ५ जनाको मृत्यु भैसकेको
- बिफर रोग लाग्ने प्रजातिको भाइरसबाटै मङ्कीपक्सको सङ्क्रमण हुने गर्छ।
- सङ्क्रमितमा ज्वरो आउने, जिउ सुन्निने, ढाड, टाउको र मांसपेशी दुख्ने गर्छ। सङ्क्रमण भएको केही दिनमा अनुहारमा बिमिराहरू देखा पर्न थाल्छन्।

## मगर समुदायले मनाए भूम्या पर्व

- कहिले ? : २०८० असार १
- हरेक बर्षको असार १ मा यो पर्व मनाउने गरिन्छ
- भूम्या पर्वका अन्य नाम : नोकेबाङ्क, भूमे, भुमि
- मनाइने मुख्य क्षेत्र : रोल्पा र रुकुम
- भूमिको पूजा गरे प्राकृतिक विपत्तिबाट बच्न सकिने विश्वास छ।
- भुम्या पर्व पूजापाठ तथा नाचगान गरी मनाइन्छ।
- भुम्या थानमा देवतालाई बलि दिएर पूजा गरिसकेपछि लगातार पाँच दिनसम्म भूम्या नाच नाच्ने चलन पनि छ।

## लोकसेवा आयोगको ७३ औं वार्षिकोत्सव

**लोकसेवा आयोगको ७३ औं वार्षिकोत्सव सम्पन्न भएको छ**

- कहिले : २०८० असार १
- लोकसेवा आयोगको स्थापना : वि.सं. २००८ साल असार १ गते (तदनुसार १५ जुन १९५१ ई.स.)
- स्थापनाको उद्देश्य : निजामती कर्मचारीको नियुक्ति छुट्टै र स्वतन्त्र निकायबाट गर्ने
- गठनसम्बन्धी व्यवस्था : नेपालको संविधानको भाग २३ को धारा २४२ को उपधारा ९1०
- रहने पदाधिकारी : अध्यक्ष र अन्य चार सदस्य गरी ५ जना

**लोकसेवा आयोगका केहि प्रमुख घटनाक्रम :**

२००८ असार १ : लोकसेवा आयोगको स्थापना

२००८ भाद्र १८ : पहिलोपल्ट विज्ञापन प्रकाशन ९६ वटा पदको लागि०

२०१२ : पोस्ट ग्राजुयट र ग्राजुयट छनोट सुरु

२०१६ : पहिलो बार्षिक प्रतिवेदन प्रकाशित

२०१७ : लोकसेवा आयोग निलम्बन ९१०१७ माघ २५ देखि २०१८ जेठ मसान्त सम्म०

२०२३ :संगठित संस्थाको पदपूर्तिको जिम्मेवारी

२०४७ : लोकसेवा आयोगको अधिकार क्षेत्र निजामति सेवामा मात्र सिमित

२०६९ भदौ ७ : अप्टिकल मार्क रिडर ९इःच० मार्फत वस्तुगत परीक्षाको उत्तरपुस्तिका परिक्षण

२०७१ भदौ २३ : विद्युतीय प्रणालीबाट दरखास्त संकलन आरम्भ

२०७२ पुष ६ : उत्तरपुस्तिकाको दोहोरो परिक्षण सुरु

२०७३ : एसेस्मेन्ट सेन्टर मेथेडोलोजी (ACM) परिक्षण प्रविधिको सुरुवात

२०७५ : In basket exercise को सुरुवात

२०७९ असार ३१ :संघीय व्यवस्था बमोजिमको लोकसेवा आयोग ऐन २०७९ जारी

## मुख्य सचिवमा वैकुण्ठ अर्याल नियुक्त

**मुख्य सचिवमा वैकुण्ठ अर्याल नियुक्त भएका छन्**

- कहिले ? : २०८० जेठ ३२
- नाम : वैकुण्ठ अर्याल
- ०४६ सालमा नासुबाट सेवा प्रवेश गरेका अर्याल ०४९ सालमा शाखा अधिकृत बनेका थिए
- अर्थशास्त्रमा नर्वेबाट विद्यावारिधि गरेका अर्यालले यसअघि वित्त आयोगमा सचिव भएर काम गर्दा नेपालको संघीय वित्तीय हस्तान्तरणमा महत्त्वपूर्ण भूमिका निभाएका थिए।
- यस अघिका मुख्य सचिव शंकरदास बैरागीलाई सुरक्षा सल्लाहकारमा नियुक्त गरिएको छ

## थप ५ हिमाल व्यावसायिक आरोहणका लागि खुल्ला

**सरकारले थप ५ हिमाल व्यावसायिक आरोहणका लागि खुल्ला गरेको छ**

- कहिले ? : २०८० जेठ २९
- अनुमति दिइएका ५ हिमाल
    - जुगल–१ : ६ हजार ५९१ मिटर
    - जुगल–२ : ६ हजार ५१८ मिटर
    - जुगल–३ : ६ हजार १८४ मिटर
    - जुगल–४ : ५ हजार ९३६ मिटर
    - जुगल – ५ : ५ हजार ९२२ मिटर
- यो संगै आरोहण अनुमति प्रदान गरिएका हिमालको संख्या : ४१९ पुगेको छ

Aayog Tayari

## राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद् सदस्यमा नेपाल विजयी

**नेपाल संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद् सदस्यमा विजयी भएको छ**

- कहिले ? : ८ जुन २०२३
- प्राप्त मत : १४५
- कार्यकाल : सन् २०२४–२०२६
- नेपालले एसिया प्यासिफिक समूहमा सबैभन्दा बढी मत प्राप्त गरेको हो।
- यो परिषद् राष्ट्र संघका ६ प्रमुख अंगहरुमध्ये एक हो। जसमा ५४ सदस्य छन्। तिनको चुनाव हरेक वर्ष महासभाले गर्ने गर्छ।
- सदस्यहरुको तीन वर्षे कार्यकाल हुने गर्छ। त्यसमध्ये एसिया प्यासिफिक क्षेत्रबाट ११ सदस्य रहने गर्छन्।
- परिषद् अन्तर्राष्ट्रिय आर्थिक तथा सामाजिक मुद्दाहरुमा छलफल गर्ने प्रमुख फोरम मानिन्छ।

## प्रथम खप्तड अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलन

**खप्तडमा प्रथम अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलन आयोजना गरिएको छ**

- कहिले ? : २०८० जेठ २३, २४ र २५ गते
- सम्मेलन : अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलन
- सम्मेलनको नारा : पर्यावरण, सम्पदा, संस्कृति र योग ध्यान, खप्तड क्षेत्र सुदूरपश्चिमको पहिचान
- आयोजक : खप्तड पर्यटन विकास तथा व्यवस्थापन समिति
- प्रमुख अतिथि : भारतीय योगगुरु बाबा रामदेव र बालकृष्ण आचार्य
- उद्घाटन : पुष्पकमल दाहाल प्रचण्ड
- उद्देश्य : आध्यात्मिक पर्यटनको प्रवर्धन गर्दै प्रदेशको समग्र विकासमा टेवा पुऱ्याउने

## राउटे समुदायका ज्येष्ठ सदस्यको निधन

**राउटे समुदायका ज्येष्ठ सदस्य कर्णबहादुर शाहीको निधन भएको छ**

- निधन मिति : २०८० जेठ २४
- दैलेखको भैरबी गाउँपालिका–१ दारेघाट बस्तीमा उनको निधन भएको हो
- लोपोन्मुख राउटे जातिको जनसंख्या अब १४१ जना मात्र बाँकी छ।
- दैलेख आसपासमा फिरन्ते जीवन बिताइरहेका राउटे समुदायले नागरिकता लिएका छैनन्।

## प्रधानमन्त्री दाहालको भारत भ्रमण र उपलब्धि

**प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ४ दिने भारत भ्रमण सकिएको छ**

- भ्रमण अवधि : २०८० जेठ १७ – २०८० जेठ २०

**भ्रमणका उपलब्धि (सम्झौताहरु : २०८० जेठ १८ )**

- १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् खरिद गर्नेसम्बन्धी सम्झौता
- नेपालबाट भारतीय विद्युत् प्रसारण लाइन प्रयोग गरेर बङ्गलादेशमा विद्युत् निर्यात गर्न दिने। सुरुमा ५० मेगावाट बिजुली नेपालले बङ्गलादेश निर्यात गर्ने। नेपालबाट बङ्गलादेशमा थप ऊर्जा व्यापारको मार्गचित्रबारे त्रिपक्षीय छलफल गर्ने सहमति।
- ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजना भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गर्ने गरी सम्झौतामा हस्ताक्षर।
- दुई देशका प्रधानमन्त्रीले न्यु बुटवल–गोरखपुर अन्तरदेशीय प्रसारण लाइनऽ को संयुक्त रूपमा शिलान्यास गर्नुभएको। आयोजना नेपाल विद्युत् प्राधिकरण र भारतीय विद्युत् प्राधिकरणको समान लगानी रहेको छुट्टै कम्पनीले बनाइने।
- ४२६ मेगावाटको फुकोट कर्णाली आयोजना भारतीय कम्पनी एनएचपिसीसमेतको लगानीमा निर्माण हुने। आयोजनाको लागत करिब ६१ अर्ब ८६ करोड रुपियाँ हुने अनुमान छ।
- पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको डिपिआर तीन महिनाभित्र सम्पन्न गर्ने र एक वर्षभित्र लगानीको मोडालिटी तय गरिने।
- सिलिगुढीदेखि झापाको चारआलीसम्म र बाराको अमलेखगन्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन निर्माण गर्ने सहमति।
- नेपाल र भारतबिच अन्तरदेशीय डिजिटल पेसम्बन्धी सम्झौतामा हस्ताक्षर। यसबाट नेपाल र भारतका नागरिकले अब क्युआर कोड स्क्यानबाट भुक्तानी गर्न सक्ने।
- भारतीय सहयोगमा कञ्चनपुरको दोधारा–चाँदनीमा सुक्खा बन्दरगाह निर्माण गर्ने सम्झौता।
- समुऽसम्म नेपालको सिधा पहुँच हुने गरी पारवहन सन्धि संशोधन गरिएको। नेपालले भारतको बनारस, साहिबगन्ज, कालुघाट जलमार्ग प्रयोग गर्न पाउने।
- नेपालको परराष्ट्र मामिला संस्थान र भारतको सुष्मा स्वराज इन्स्टिच्युट अफ फरेन सर्भिसबिच सहकार्य गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर।
- दुई देशका प्रधानमन्त्रीद्वारा बथनाहादेखि विराटनगरको बुधनगरसम्मको कार्गो रेल्वे सेवाको उद्घाटन।
- प्रचण्ड र मोदीद्वारा नेपालगन्जस्थित एकीकृत जाँच चौकीको उद्घाटन र भैरहवामा निर्माण हुने एकीकृत जाँच चौकीको शिलान्यास।
- भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा जडान गरिएको इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) सञ्चालनका लागि भारत सहमत।

## बजेट २०८०/८१

◉ अर्थमन्त्रि प्रकाशशरण महतले संसद समक्ष मिति २०८० जेठ १५ गते आ.व. २०८०/८१ को बजेट प्रस्तुत गर्नुभएको छ,

**विनियोजनतर्फ**

- कुल बजेट : १७ खर्ब ५१ अर्ब ३१ करोड
- चालु खर्च : ११ खर्ब ४१ अर्ब ७८ करोड (६५.२ %)
- पुँजीगत खर्च : ३ खर्ब २ अर्ब ७ करोड (१७.२५ %)
- वित्तीय व्यवस्था : ३ खर्ब ७ अर्ब ४५ करोड (१७.५५ %)
- प्रदेश र स्थानीय तहमा हस्तान्तरण : ४ खर्ब ८ करोड

**श्रोत व्यवस्थापन**

- राजश्वः १२ खर्ब ४८ अर्ब ६२ करोड (७१.३०%)
- वैदेशिक ऋण : २ खर्ब १२ अर्ब ७५ करोड (१२.१४%)
- आन्तरिक ऋण : २ खर्ब ४० अर्ब (१३.७०%)
- वैदेशिक अनुदान : ५९ अर्ब ९४ करोड (२.८५%)
  - आर्थिक वृद्धिदरको लक्ष्य : ६ %
  - मुद्रास्फिति दर लक्ष्य : ६.५ %

| वित्तीय हस्तान्तरण | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ५८ अर्ब ६७ करोड | ८७ अर्ब ३५ करोड |
| सशर्त अनुदान | ३५ अर्ब ७२ करोड | १ खर्ब ९१ अर्ब ८९ करोड |
| समपुरक अनुदान | ६ अर्ब २२ करोड | ७ अर्ब ५ करोड |
| विशेष अनुदान | ४ अर्ब ४६ करोड | ८ अर्ब ७३ करोड |
| राजश्व बाँडफाँड | १ खर्ब ७३ अर्ब ९२ करोड | |

**मन्त्रालय अनुसार विनियोजित बजेट**

- गृह मन्त्रालय : एक खर्ब ९४ अर्ब, १६ करोड ५३ लाख रुपैयाँ
- अर्थ मन्त्रालय : ४७ अर्ब २७ करोड ६५ लाख रुपैयाँ
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय : ९ अर्ब ४५ करोड ९६ लाख रुपैयाँ
- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय : ८७ अर्ब ४५ करोड चार लाख रुपैयाँ
- कृषि तथा पशुपक्षी विकास मन्त्रालय : ५८ अर्ब ९८ करोड २१ लाख रुपैयाँ

- खानेपानी मन्त्रालय : २८ अर्ब १५ करोड ५६ लाख  रुपैयाँ
- संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालय :  ११ अर्ब ९६ करोड २६ लाख  रुपैयाँ
- परराष्ट्र मन्त्रालय :  छ अर्ब दुई करोड ५७ लाख रुपैयाँ
- वन तथा वातावरण मन्त्रालय :  १५ अर्ब ५५ करोड ८७ लाख  रुपैयाँ
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय : सात अर्ब २४ करोड ६६ लाख  रुपैयाँ
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय : एक खर्ब ३४ अर्ब ३९ करोड ९६ लाख  रुपैयाँ
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय : एक अर्ब ५७ करोड ६२ लाख  रुपैयाँ,
- युवा तथा खेलकुद मन्त्रालयः  दुई अर्ब ८७ करोड ५९ लाख रुपैयाँ
- रक्षा मन्त्रालय : ५८ अर्ब ८४ करोड ४६ लाख रुपैयाँ,
- सहरी विकास मन्त्रालय : ६६ अर्ब १७ करोड ५५ लाख रुपैयाँ,
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय :  एक खर्ब ९७ अर्ब २९ करोड ५५ लाख रुपैयाँ,
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः आठ अर्ब ७१ करोड ६७ लाख रुपैयाँ,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : नौ अर्ब ९६ करोड ६२ लाख रुपैयाँ,
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय : ८३ अर्ब ९९ करोड १८ लाख रुपैयाँ,
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय :  आठ अर्ब आठ करोड २७ लाख रुपैयाँ,
- कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय : ७७ करोड ५६ लाख रुपैयाँ

**बजेटका उद्देश्यहरू :**

- अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने,
- गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,
- लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोवल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
- संघीयताको सवलीकरण र सुशासन कायम गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने।

**बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिम प्राथमिकता रहेका छन् :**

- उर्जा र पर्यटन क्षेत्रको विकास,
- लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन,
- सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा,
- गुणस्तरीय भोतिक पूर्वाधार निर्माण,
- डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन,
- वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन,

Aayog Tayari

- ❖ मानव संसाधन विकास र रोजगारी सिर्जना,
- ❖ बित्तीय क्षेत्र सुधार,
- ❖ वित्तीय संघीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार,
- ❖ सार्वजनिक वित्त प्रणालीमा सुधार।

## मिस नेपाल–२०२३ को उपाधि श्रीच्छा प्रधानलाई

**मिस नेपाल–२०२३ को उपाधि श्रीच्छा प्रधानले जितेकी छिन**

- कहिले ? : २०८० जेठ १३
- मिस नेपाल वर्ल्ड–२०२३ : श्रीच्छा प्रधान
- मिस नेपाल इन्टरनेशनल २०२३ : प्रसिद्धि शाह
- मिस नेपाल अर्थ २०२३ : रैना मजगैयाँ
- मिस नेपाल वर्ल्ड–२०२२ को उपाधि प्रियंका रानी जोशीले जितेकी थिइन्
- मिस नेपालको आयोजना द हिडन ट्रेजर नामक संस्थाले गर्ने गरेको छ
- विस २०५१ (सन् १९९४)मा रुबीराणा शाह पहिलो मिस नेपाल बनेकी थिइन्

## कामिरिता शेर्पाले गरे २८ औं पटक सगरमाथाको सफल आरोहण

**कामिरिता शेर्पाको अर्को नयाँ किर्तिमान**

- २८ औं पटक आरोहण मिति : २०८० जेठ ९ गते
- २०८० जेठ ३ गते २७ औं पटक आरोहण गरेका उनको रेकर्ड पासाङ दावा शेर्पाले बराबरी गरेका थिए
- सोलुखुम्बुका ५३ वर्षीय पर्वतारोही कामीरिता शेर्पाले २८ औं पटक सगरमाथा चुमेर नयाँ विश्व रेकर्ड कायम गरेका छन्।
- सगरमाथाको नयाँ उचाई ८ हजार ८ सय ४८.८६ मिटर कायम भएको छ
- उनले उनले पाकिस्तानमा रहेको संसारकै दोस्रो अग्लो हिमाल केटु एकपटक, चौथो अग्लो ल्होत्से एकपटक, छैटौं चोयु आठपटक र आठौं अग्लो मनास्लु हिमाल तीनपटक आरोहण गरिसकेका छन्।
- उनले २०७९ बैशाख २४ गते २६ औं पटक सफल आरोहण गरेका थिए

## सुरु भयो सम्पदा घुम्ती बस सेवा

**सम्पदा घुम्ती बस सेवा सुरु भएको छ**

- सुरु मिति : २०८० जेठ ९
- संचालक : नेपाल पर्यटन बोर्ड र साझा यातायात
- बस सेवाको नाम : हप अन हप अफ (सम्पदा घुम्ती बस)

Aayog Tayari

- उद्देश्य : उपत्यकाका महत्वपूर्ण सम्पदाको भ्रमण एकैदिन पुरा गराउने
- उद्घाटन : पर्यटन तथा नागरिक उ यनमन्त्री सुदन किराती

## शुक्लाफाँटमा भेटियो नयाँ प्रजातिको चरा

**शुक्लाफाँट राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्रमा नयाँ चरा भेटिएको छ**

- नयाँ चराको नाम : लेसर ग्रे स्राइक
- यो चरा मुख्य रुपमा युरोप र अमेरिकातिर पाइन्छ
- वन्यजन्तु प्राविधिक देवराज जोशीले उक्त चरा अभिलेख गरेका हुन्।
- पक्षी परिवार : लिनिडी
- नयाँ चरा भेटिएसँगै नेपालमा अभिलेख भएका चराका प्रजातिको संख्या ८९३ पुगेको छ।

## असोज २ मा राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय

**सरकारले असोज २ मा राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय गरेको छ**

- निर्णय मिति : २०८० जेठ ९
- सरकारले यो बर्ष देखि राष्ट्रिय शिक्षा दिवस असोज २ गते मनाउने निर्णय गरेको
- कन असोज २ ? : असोज २ नेपालमा सबै बालबालिकालाई अनिवार्य र निःशुल्क शिक्षा दिनेसम्बन्धी ऐन पारित भएको दिन हो
- नेपालमा तत्कालिन राजा विरेन्द्रले विक्रम सम्वत २०३९ साल फागुन १२ गतेको दिनमा प्राथमिक तहको शिक्षा निःशुल्क घोषणा गरेका दिन देखी हरेक वर्ष फागुन १२ गते राष्ट्रिय शिक्षा दिवस मनाइदै आएको थियो भने
- गणतन्त्रको घोषणा भएसँगै अन्तर्राष्ट्रिय शाक्षरता दिवसकै दिन (सेप्टेम्बर ८) मनाउन थालिएको थियो ।
- २०७७ देखि भने सरकारले राष्ट्रिय शिक्षा दिवस छुट्टै दिनमा मनाउने निर्णय गरे पनि दिन तोकेको थिएन,

## जिउँदो सहिद मुकेश कायस्थलाई सहिद घोषणा

**सरकारले जिउँदो सहिदः मुकेश कायस्थलाई सहिद घोषणा गरेको छ**

- कहिले ? : २०८० जेठ २ गते
- मुकेश कायस्थको निधन मिति : २०८० बैशाख २७
- २०६२ साल चैत २७ गते बनेपाको तीन दोबाटोमा प्रहरीले चलाएको गोली लागेर बनेपा नगरपालिका–८ का १४ वर्षीय कायस्थ घाइते हुनुभएको थियो।

Aayog Tayari

- गोली लाग्दा १४ वर्ष उमेरका मुकेश करिब १७ वर्षदेखि जिउँदो सहिदका रुपमा थिए। गोलीका कारण पक्षघात भएका उनको ३२ वर्षको उमेरमा निधन भएको हो।

## विश्व प्रेस स्वतन्त्रता सूचकांक २०२३ : नेपाल स्थान खस्कियो

### विश्व प्रेस स्वतन्त्रता सूचकांक २०२३ : नेपाल ९५ औं स्थानमा

- रिपोर्ट : ध्यचमि एचभकक ँचभभमक क्ष्लमभह
- प्रकाशित गर्ने संस्था : रपोतेयर सँ फँतेयर (आरएसएफ),
- सर्वेक्षणमा लिइएका देश : १८०
- नेपालको स्थान : ९५ औं (५७.८९ अंक)
- नेपाल सन् २०२२ को रिपोर्टमा ७६ औं स्थानमा रहेको थियो

**दक्षिण एसियाको अवस्था :**

भुटान : ९० औं
नेपाल : ९५ औं
माल्दिभ्स : १०० औं ,
श्रीलंका : १३५ औं,
पाकिस्तान :१५० औं,
अफगानिस्तान : १५२ औं,
भारत : १६१ औं र
बंगलादेश : १६३औं

**शिर्ष स्वतन्त्र देशहरु :**

- नर्वे
- आयरल्याण्ड
- डेनमार्क
- स्विडेन फिनल्याण्ड

## दुवै खुट्टा गुमाएका हरि बुढामगरद्वारा सगरमाथा आरोहण

### दुवै खुट्टा गुमाएका हरि बुढामगरले सफल सगरमाथा आरोहण गर्नुभएको छ

- आरोहण मिति : २०८० जेठ ५
- घुँडामाथिसम्म दुवै खुट्टा गुमाएका रोल्पाका हरिबहादुर बुढा मगरले सगरमाथा आरोहण गर्नुभएको हो
- कृत्रिम खुट्टाको सहयोगमा सगरमाथा आरोहण गर्नुभएको पर्यटन विभागले जनाएको छ।
- सन् १९९९ मा ब्रिटिश गोर्खा सेनामा भर्ती भएका मगरले अफगानिस्तानको लडाइँमा सन् २०१० मा तालिबानको एम्बुसमा परेर आ ना दुवै खुट्टा घुँडाभन्दा माथिबाट गुमाउनुभएको थियो।
- यस संगै घुँडामाथिसम्म दुवै खुट्टा गुमाएर पहिलो सफल सगरमाथा आरोहणको किर्तिमान हरिबहादुर बुढा मगरको नाममा बनेको छ

- विवाहअघि स्नातक तह (बीए) उत्तीर्ण गर्ने छात्रालाई प्रोत्साहनस्वरूप एक लाख रुपैयँ प्रदान गर्ने पालिका : मरिण गाउँपालिका, सिन्धुली
- नेपालकै पहिलो पोषणमैत्री गाउँपालिका घोषणा हुने पालिका : गुल्मी दरबार गाउँपालिका, गुल्मी (२०८० जेठ ७ गते घोषणा गरिएको)
- इन्फोसिस फिनाकल इनोभेसन अवार्ड–२०२३ बाट सम्मानित हुने नेपालको बैंक : ग्लोबल आईएमई बैंक लिमिटेड

## ठाकुरबाबा नपा नेपालकै पहिलो पूर्ण हात धुने पालिका घोषित

**ठाकुरबाबा नपालाई नेपालकै पहिलो पूर्ण हात धुने पालिका घोषणा गरिएको छ**

- कहिले ? : २०८० बैशाख २८
- पूर्ण सरसफाइयुक्त पालिकाको अभियान, आ–आ नै पहलमा हात धुने स्थानः भन्ने नारासहित बर्दियाको ठाकुरबाबा नगरपालिकालाई नेपालकै पहिलो पूर्ण हात धुने पालिका घोषणा गरिएको हो

## २५६७ औं बुद्ध जयन्ती

**२५६७ औं बुद्ध जयन्ती २०८०**

- २०८० बैशाख २२ गते २५६७ औं बुद्ध जयन्ती मनाइएको छ [
- भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्त गरेको र महापरिनिर्माण समेत वैशाख पूर्णिमाकै दिन भएकोले बौद्धमार्गीहरूले यस दिनलाई विशेष पर्वको रूपमा मान्ने गर्छन्।
- लुम्बिनीमा इसापूर्व ५६३ मा सिद्धार्थ गौतमको जन्म भएको थियो [
- ३५ वर्षको उमेरमा इसापूर्व ५२८ मा भारतको बौद्धगयामा बैशाख शुक्ल पूर्णिमाकै दिन सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त भएको थियो
- उनको महापरीनिर्वाण (मृत्यु) ४८३ ईशापूर्व मा भएको थियो

**(कतिऔं बुद्ध जयन्ति मनाइयो भन्ने प्रश्न लोकसेवाले सोधेको छ )**

## चौथो अन्तराष्ट्रिय चिया सम्मेलन

**चौथो अन्तराष्ट्रिय चिया सम्मेलन काठमाडौं र इलाममा सम्पन्न**

- सुरु मिति : २०८० बैशाख १४ (काठमाडौं)
- समापन मिति : २०८० बैशाख १६ (इलाम)
- आयोजक : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र राष्ट्रिय चिया तथा कफी विकास बोर्डको संयुक्त आयोजना
- सम्मेलनको उद्देश्य : अन्तर्राष्ट्रिय बजारमा स्वदेशी चियाको प्रवर्धन गर्ने
- चिया महोत्सवमा रुस, दुबई, चीन, अमेरिका, जापानका चिया व्यापारी सहभागी भएका छन्।

## डोल्पामा पहिलोपटक राष्ट्रिय ग्रिडको विद्युत आपूर्ति

- डोल्पामा पहिलोपटक राष्ट्रिय ग्रिडको विद्युत जडान गरिएको छ
- संचालन मिति : २०८० बैशाख १४
- रुकुम पश्चिमको मुसिकोट नगरपालिकामा रहेको मुसिकोट सबस्टेशनबाट डोल्पा सदरमुकाम दुनैसम्म ११ केभी प्रसारण लाइन निर्माण सम्पन्न गरी विद्युत् पुऱ्याइएको छ।
- अब राष्ट्रिय प्रशारण लाइनको विद्युत पुग्न बाँकी जिल्ला : २ वटा (हुम्ला र मुगु)

AayogTayari

- ❖ प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) र युरोपेली लगानी बैंक (ईआईबी) बाट झन्डै २२ करोड अमेरिकी डलर (झन्डै २८ अर्ब रुपैयाँ) सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा विद्युतीकरण गरिरहेको छ।

## प्रतिनिधिसभा उप – निर्वाचन २०८०

**प्रतिनिधिसभा उप – निर्वाचन २०८० सम्पन्न भएको छ**

- ❖ कहिले ? : २०८० बैशाख १०

**निर्वाचन नतिजा :**

**तनहुँ – १ :**

- ❖ विजयी : स्वर्णिम वाग्ले (राष्ट्रिय स्वतन्त्र पार्टी– ३४ हजार ९ सय १९ मत)
- ❖ निकटतम प्रतिद्वन्दी : गोविन्द भट्टराइ (नेपाली कांग्रेस – २० हजार १ सय २२ मत)
- ❖ मतान्तर : १४ हजार ७ सय ९७
- ❖ मतदाता : १ मा १ लाख २३ हजार ३ सय ५
- ❖ खसेको मत : ६५ हजार २ सय ९२
- ❖ रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछी रिक्त पदमा उप–निर्वाचन भएको

**चितवन – २ :**

- ❖ विजयी : रवी लामिछाने (राष्ट्रिय स्वतन्त्र पार्टी– ५४ हजार १ सय ७६ मत)
- ❖ निकटतम प्रतिद्वन्दी : जितनारायण श्रेष्ठ (नेपाली कांग्रेस – ११ हजार २ सय ५१ मत)
- ❖ मतान्तर : ४२ हजार ९ सय २५
- ❖ मतदाता : एक लाख २४ हजार छ सय ९५ मतदाता
- ❖ खसेको मत : ७८ हजार दुई सय ७७ मत
- ❖ नागरिकता सम्बन्धि मुद्दामा रवी लामिछानेको संसद पद खारेज भएपछी उप निर्वाचन भएको

**बारा – २ :**

- ❖ विजयी : उपेन्द्र यादव (जनता समाजवादी पार्टी – २८ हजार ४ सय १५ मत)
- ❖ निकटतम प्रतिद्वन्दी : शिवचन्द्रप्रसाद कुशवाहा (जनमत पार्टी – २३ हजार ३ सय ३४ मत)
- ❖ मतान्तर : ५ हजार ८१ मत
- ❖ मतदाता : एक लाख पाँच हजार दुई सय ४८
- ❖ खसेको मत : ६९ हजार १ सय ७ मत
- ❖ रामसहायप्रसाद यादव उपराष्ट्रपति भएपछि त्यहाँ उपचुनाव भएको हो।

## आठौँ ऊर्जा सम्मेलन २०८०

**आठौँ ऊर्जा सम्मेलन २०८० सम्पन्न भएको छ**

Aayog Tayari

- ❖ सम्मेलन अवधि : २०८० बैशाख ५ र ६
- ❖ सम्मेलनको नारा : हरित ऊर्जाको बजार विस्तारीकरण
- ❖ आयोजक : स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)
- ❖ सम्मेलनमा भारत, बङ्‌लादेश, भुटान, श्रीलङ्का लगायत ३० भन्दा धेरै देशका तीन सय जना अन्तर्राष्ट्रिय प्रतिनिधिहरु सहभागी भएका थिए,
- ❖ उपलब्धि : नेपाली जलविद्युत् आयोजना र भारतीय क्रेताबीच प्रत्यक्ष विद्युत् खरिद सम्झौता (पीपीए), नवीकरणीय ऊर्जा विकास र बजार विस्तारका लागि एमओयूमा हस्ताक्षर भएको

## महालेखा परीक्षकको ६० औं प्रतिवेदन : यस्तो छ बेरुजुको अवस्था

**महालेखा परीक्षकको कार्यालयले ६० औं प्रतिवेदन सार्वजनिक गरेको छ**

- ❖ कहिले ? : २०७९ चैत्र ३०

**बेरुजुको अवस्था :**

**बेरुजुको प्रकृति अनुसार वर्गीकरण गर्दा :**

- ❖ असुल उपर गर्नुपर्ने बेरुजु : २५.४० प्रतिशत
- ❖ नियमित गर्नुपर्ने बेरुजु : ६६.३३ प्रतिशत
- ❖ पेश्की बेरुजु : ८.२७ प्रतिशत
- ❖ जम्मा बेरुजु रकम (यो बर्षको मात्र) : १ खर्ब १९ अर्ब ७७ करोड ७० लाख
- ❖ जम्मा बेरुजु रकम (हालसम्मको) : ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख

| वर्गीकरण | संघीय सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | समिति/ अन्य संस्था | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **१९१८१४** | **७५१४** | **५९०५७** | **४५८७८** | **३०४२६३** | **२५.४०** |
| **२. नियमित गर्नुपर्ने** | **३३७८९५** | **५२४४४** | **३२४६१२** | **७९५६८** | **७९४५१९** | **६६.३३** |
| २.१ अनियमित भएको | ३७३४७ | १८०१७ | ११७८६९ | २५५४७ | १९८७८० | १६.६० |
| २.२ प्रमाण कागज पेस नभएको | २९७९१७ | ३४४२७ | २०६५५९ | ५२२१७ | ५९११२० | ४९.३४ |
| २.३ जिम्मेवारी नसारेको | ० | ० | ० | ० | ० | ०.०० |
| २.४ शोधभर्ना नलिएको | २६३१ | ० | १८४ | १८०४ | ४६१९ | ०.३९ |
| **३. पेस्की** | **३३४००** | **१२०९२** | **४५१४०** | **८३५६** | **९८९८८** | **८.२७** |
| **जम्मा बेरुजू** | **५६३१०९** | **७२०५०** | **४२८८०९** | **१३३८०२** | **११९७७७०** | **१००.००** |

**निकाय अनुसार बर्गिकरण गर्दा (लेखापरीक्षण अंक मध्ये बेरुजु प्रतिशत) :**

- ❖ संघीय मन्त्रालय तथा निकाय : २.३९ प्रतिशत
- ❖ प्रदेश मन्त्रालय तथा निकाय : २.३० प्रतिशत
- ❖ स्थानीय तह : ३.८८ प्रतिशत
- ❖ संगठित संस्था, समिति र अन्य संस्था : ०.४० प्रतिशत

**थप जानकारीहरु :**

- संघीय मन्त्रालय/निकाय मध्ये सबैभन्दा बढी बेरुजु प्रतिशत : अर्थ मन्त्रालय (५७.६६ प्रतिशत )
- संघीय मन्त्रालय/निकाय मध्ये सबैभन्दा बढी बेरुजु (लेखा परिक्षण अंकको आधारमा) : संचार तथा सूचना प्रविधि मन्त्रालय (१८.७२ प्रतिशत )

## नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी)मा वसन्त कुँवर नियुक्त

**नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी)मा वसन्त कुँवर नियुक्त भएका छन्**

- कहिले ? : २०७९ चैत्र १०
- चैत्र १० गते बसेको मन्त्रिपरिषद् बैठकले कुँवरलाई आईजीपीमा बढुवा गरेको हो ।

## उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित

**नेपालको तेस्रो उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित हुनुभएको छ**

- कहिले ? : २०७९ चैत्र ३
- प्राप्त मत : ३० हजार ३२८ मतभार
- यादव एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य र जनमत पार्टीकी नेता ममता झालाई पछि पार्दै उपराष्ट्रपतिमा निर्वाचित हुनुभएको हो
- प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभाका सांसदले उपराष्ट्रपतिमा मत दिएका हुन् ।

**नेपालका उपराष्ट्रपतिहरु**

- परमानन्द झा
- नन्दकिशोर पुन
- रामसहायप्रसाद यादव

## रामचन्द्र पौडेल नेपालको राष्ट्रपतिमा निर्वाचित

**रामचन्द्र पौडेल नेपालको तेस्रो राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ**

- निर्वाचित मिति : २०७९ फागुन २५
- सपथ तथा पदभार ग्रहण : २०७९ फागुन २९
- कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले शपथ गराएका हुन्
- प्राप्त मत : ३३,८०२
- प्रतिद्वन्दी : सुवासचन्द्र नेम्वाङ (१५,५१८ मत)
- वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको पदावधि २०७९ फागुन २८ गते सकिएको छ
- पौडेल गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति बन्नुभएको छ

Aayog Tayari

- २००१ साल असोज २९ गते तनहुँको व्यसमा जम्मनुभएका पौडेल नेपाली कांग्रेस पार्टीबाट छ दशक अनवरत प्रजातान्त्रिक आन्दोलनमा संलग्न हुनुहुन्छ।

**राष्ट्रपति निर्वाचन :**

- राष्ट्रपति निर्वाचनका मतदाता : सम्पूर्ण संघीय संसद र प्रदेश सभाका सदस्यहरु
- संघीय सांसदको मतभार : ७९
- प्रदेश सभा सदस्यको मतभार : ४८

## प्रदेश १ को नाम कोशी राखियो

**प्रदेश १ को नाम कोशी राख्ने प्रस्ताब प्रदेशसभाले पारीत गरेको छ**

- पारित मिति : २०७९ फागुन १७
- पारीत नाम : कोशी
- कोशी नामको
    - पक्षमा प्राप्त मत : ८२ मत
    - विपक्षमा प्राप्त मत : ४
- प्रदेश सभाले २३ वैशाख २०७६ मा स्थायी राजधानी विराटनगर तोकेको थियो

**विभिन्न प्रदेशको नामाकरण र स्थायी राजधानी तोकिएको मिति**

| प्रदेश | नाम | नामाकरण मिति | राजधानी | राजधानी तोकिएको मिति |
|---|---|---|---|---|
| प्रदेश १ | कोशी | २०७९ फागुन १७ | विराटनगर, मोरङ | २०७६ बैशाख २३ |
| प्रदेश २ | मधेश | २०७८ माघ ३ | जनकपुर, धनुषा | २०७८ माघ ३ |
| प्रदेश ३ | वागमती | २०७६ पुष २७ | हेटौडा, मकवानपुर | २०७६ पुष २७ |
| प्रदेश ४ | गण्डकी | २०७५ असार २२ | पोखरा, कास्की | २०७५ असार १८ |
| प्रदेश ५ | लुम्बिनी | २०७७ असोज २० | राप्ती उपत्यका, दाङ | २०७७ असोज २० |
| प्रदेश ६ | कर्णाली | २०७४ फागुन १२ | विरेन्द्रनगर, सुर्खेत | २०७४ फागुन १२ |
| प्रदेश ७ | सुदुरपश्चिम | २०७५ असोज १२ | गोदावरी, कैलाली | २०७५ असोज १२ |

## नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर हिमालय शमशेर जबराको निधन

**नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर हिमालय शमशेर जबराको निधन भएको छ**

- निधन मिति : २०७९ माघ २२ गते
- ९५ वर्षीय जबराको उपचारका क्रममा निधन भएको हो,
- १४ वर्षमै मेट्रिक पास गरेका उनी नेपाल सरकारको सचिव हुँदै नेपाल राष्ट्र बैंकको पहिलो गर्भनर बनेका थिए।
- उनी २०१३ वैशाख १४ देखि २०१७ माघ २५ सम्म नेपाल राष्ट्र बैंकमा गभर्नर थिए।

- जबराले सन् १९६२ देखि १९८६ सम्म उनले संयुक्त राष्ट्र विकास कार्यक्रमअन्तर्गत विभिन्न देशमा आवासीय प्रतिनिधिका रूपमा काम गरेका थिए।

## पहिलो राष्ट्रिय नवप्रर्वतन सम्मेलन सम्पन्न

**पहिलो राष्ट्रिय नवप्रर्वतन सम्मेलन सम्पन्न भएको छ**

- कहिले ? : २०७९ माघ १०
- नारा : Rooting The Innovation and shaping the future
- आयोजक : नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)
- उद्राटन : शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनाल
- सम्मेलनमा नवप्रवर्तनसम्बन्धी विभिन्न २० वटा प्रदर्शनीहरु समेत गरिएको थियो ।
- सम्मेलनले नवप्रवर्तनसम्बन्धी बहस कार्यक्रमको निरन्तरता, सहकार्यको वातावरण निर्माण गर्ने निष्कर्ष निकालेको

## सन् २०२२ को भ्रष्टाचार अवधारणा सूचकांक सार्वजनिक

- Report : भ्रष्टाचार अवधारणा सूचकांक (Corruption Perception Index – CPI)
- सार्वजनिक मिति : २०२३ जनवरी ३१
- प्रकाशन गर्ने संस्था : ट्रान्सपरेन्सी इन्टरनेसनल(टीआई)
- सर्वेक्षण गरिएका देश संख्या : १८०

**नेपालको अवस्था :**

- नेपालको स्थान : ११० औं
- अंक : ३४ अंक
- सन् २०२२ को रिपोर्ट अनुसार पनि नेपाल ११७ औं स्थानमा रहेको थियो
- यसअनुसार नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको छ ।

**दक्षिण एसियाको अवस्था :**

- भुटान – २५औं स्थान,
- मालदिभ्स – ८५ औं स्थान,
- भारत – ८५ औं स्थान,
- श्रीलंका – १०१ औं स्थान,
- नेपाल – ११० औं स्थान,

**कम भ्रष्टाचार हुने शिर्ष १० देश :**

- डेनमार्क, (९० अंक)
- फिनल्यान्ड (८७ अंक)
- न्यूजिल्यान्ड (८७ अंक)
- नर्वे, (८४ अंक)
- सिंगापुर, (८३ अंक)
- स्विडेन (८३ अंक)
- स्विजरल्याण्ड (८२ अंक)
- नेदरल्याण्ड (८० अंक)
- जर्मनी (७९ अंक)
- आयरल्याण्ड (७७ अंक)

Aayog Tayari

- पाकिस्तान – १४० औं स्थान,
- बङ्गलादेश – १४७ औं स्थान
- अफगानिस्तान – १५० औं स्थान

**सबैभन्दा बढी भ्रष्ट ५ देशहरु :**

- १८० औं : सोमालिया
- १७८ औं : सिरिया ,
- १७८ औं : साउथ सुडान
- १७७ औं : भेनेजुयला
- १७६ औं : यमन

## राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा. मिनबहादुर श्रेष्ठ नियुक्त

**डा. मिनबहादुर श्रेष्ठ राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा नियुक्त भएका छन्**

- नियुक्ति तथा सपथ : २०७९ माघ ९
- मन्त्रिपरिषद्को बैठकले डाक्टर मिनबहादुर श्रेष्ठलाई उपाध्यक्षमा नियुक्त गरेको हो,
- यस अघि डा.विश्व पौडेल योजना आयोगको उपाध्यक्ष हुनुहुन्थ्यो
- यसअघि पनि डा श्रेष्ठले २०७३ सालमा उपाध्यक्षको भूमिका निर्वाह गरिसक्नुभएको छ।
- डाक्टर श्रेष्ठसँग साढे ४ वर्ष राष्ट्र बैंकको अनुसन्धान विभागमा कार्यकारी निर्देशक र राष्ट्र ऋण व्यवस्थापन विभागमा कार्यकारी निर्देशकको जिम्मेवारीसहित झण्डै ३० वर्ष काम गरेको अनुभव छ।

## प्रतिनिधिसभाको उप सभामुख इन्दिरा राना मगर निर्वाचित

**नेपालको १२ औं उप सभामुखमा इन्दिरा राना मगर निर्वाचित हुनुभएको छ**

- कहिले ? : २०७९ माघ ७
- निर्वाचित उप सभामुख : इन्दिरा राना मगर
- उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद हुनुहुन्छ
- प्राप्त मत : १६६
- विपक्ष : ९७
- तटस्थ : १
- जम्मा उपस्थित : २७५

**नेपालका हाल सम्मका उपसभामुखहरु :**

- महेन्द्रनारायण निधि
- महन्थ ठाकुर

- ❖ रामविलास यादव
- ❖ लिला सुब्बा श्रेष्ठ
- ❖ भोजराज जोशी
- ❖ चित्रलेखा यादव
- ❖ पूर्णकुमारी सुवेदी
- ❖ ओनसरी घर्ति
- ❖ गङ्काप्रसाद यादव
- ❖ शिवमाया तुम्बाहाम्फे
- ❖ पुष्पा भुषाल गौतम
- ❖ इन्दिरा रानामगर

## प्रतिनिधिसभाको सभामुखमा देवराज घिमिरे निर्वाचित

नेपालको नवौं सभामुखमा एमालेका देवराज घिमिरे निर्वाचित

- कहिले ? : २०७९ माघ ५
- निर्वाचित सभामुख : देवराज घिमिरे
- प्राप्त मत : १६७
- विपक्षमा प्राप्त मत : १००
- तटस्थ : १
- घिमिरे झापा–२ बाट निर्वाचित भएका हुन्

**नेपालका हालसम्मका सभामुखहरू :**

- ❖ कृष्ण प्रसाद भट्टराइ (वि.स. २०१६–१७ )
- ❖ दमननाथ ढुंगाना (वि.स.२०४८–५१)
- ❖ रामचन्द्र पौडेल (२०५१–५५)
- ❖ तारानाथ रानाभाट (२०५६–६३)
- ❖ सुबासचन्द्र नेम्वाङ (२०६३–७२)
- ❖ ओनसरी घर्तिमगर (२०७२–७४)
- ❖ कृष्ण बहादुर महरा (२०७४–७६)
- ❖ अग्निप्रसाद सापकोटा (२०७६–७९)
- ❖ देवराज घिमिरे (२०७९/१०/५ देखि हालसम्म )

## डा. सन्दुक रुइतलाई १० लाख डलरको अन्तराष्ट्रिय पुरस्कार

**डा. सन्दुक रुइतलाई इसा अवार्ड प्रदान**

Aayog Tayari

- कहिले ? : २०७९ पुष ३ (१७ जनवरी २०२३)
- पुरस्कार राशि : १० लाख अमेरिकी डलर
- पुरस्कार प्रदान गर्ने निकाय : बहराइन सरकार
- पुरस्कारको नाम : इसा अवार्ड

**डा. सन्दुक रुइतलाई प्राप्त अवार्डहरु :**

- रोमन मागासेसे अवार्ड ( सन् २००६)
- अर्डर अफ अष्ट्रेलिया (सन् २००७)
- पद्मश्री अवार्ड, भारत (२०१८)
- राष्ट्रिय प्रतिभा पुरस्कार (वि.स. २०७६)
- सुप्रसिद्ध प्रवल जनसेवा श्री (प्रथम) (वि.स. २०७७)

## पोखरामा यति एयरलाइन्सको जहाज दुर्घटना

**यती एयरलाइन्सको ९एन एएनसी एटीआर ७२ जहाज पोखरामा दुर्घटनाग्रस्त भएको छ**

- कहिले ? : २०७९ माघ १ (बिहान १०:५०)
- जहाजका क्याप्टेन : कमल केसी
- जहाज काठमाडौँ बाट पोखराको उडानमा रहेको थियो
- चालक दल सहित ७२ जना सवार जहाज पोखराको सेती खोंचमा दुर्घटनाग्रस्त भएको हो
- दुर्घटनामा परी ७० जनाको मृत्यु भएको छ भने २ जना वेपत्ता छन्
- दुर्घटनाको शोकमा सरकारले २०७९ माघ २ गते सरकारले राष्ट्रिय झण्डा आधा झुकाई सार्वजनिक विदा दिएको छ
- यहि विमानले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा डेमो उडान समेत गरेको थियो
- मानवीय क्षतिका हिसाबले यो सबैभन्दा ठूलो आन्तरिक हवाई दुर्घटना हो भने आन्तरिकतर्फ ५० औँ दुर्घटना हो ।

## प्रतिनिधि सभाको पहिलो बैठक

**संविधान पछिको दोस्रो प्रतिनिधि सभाको पहिलो बैठक सम्पन्न भएको छ**

- कहिले ? : २०७९ पुष २५ गते
- बैठकको अध्यक्षता : पशुपति शमशेर जबरा (ज्येष्ठ सदस्य)
- दोस्रो प्रतिनिधि सभाको निर्वाचन २०७९ मङ्सिर ४ गते भएको थियो,

**प्रतिनिधिसभामा रहेका राजनीतिक दल र सांसद संख्या**

- नेपाली कांग्रेस : ८९

Aayog Tayari

- नेकपा एमाले : ७८
- नेकपा माओवादी केन्द्र : ३२
- राष्ट्रिय स्वतन्त्र पार्टी : २०
- राष्ट्रिय प्रजातन्त्र पार्टी : १४,
- जनता समाजवादी पार्टी नेपाल : १२,
- नेकपा एकीकृत समाजवादी : १०,
- जनमत पार्टी : ६ ,
- लोकतान्त्रिक समाजवादी पार्टी : ४,
- नागरिक उन्मुक्ति पार्टी : ३ ,
- राष्ट्रिय जनमोर्चा : १
- नेपाल मजदुर किसान पार्टी : १
- स्वतन्त्र : ५
- जम्मा : २७५

## पुष्पकमल दाहाल प्रचण्ड नेपालको ४४ औं प्रधानमन्त्री नियुक्त

**पुष्पकमल दाहाल प्रचण्ड नेपालको ४४ औं प्रधानमन्त्री नियुक्त भएका छन्**

- नियुक्ति मिति : २०७९ पुष १०
- सपथ ग्रहण तथा कार्यभार सम्हालेको मिति : २०७९ पुष ११
- प्रतिनिधि सभाको निर्वाचन २०७९ को परिणाम पश्चात राष्ट्रपतिले सरकार गठनको लागि प्रस्ताव मागेपछि नयाँ राजनीतिक समीकरण निर्माण भएको हो ,
- पुष्पकमल दाहाल माओवादी सहित, एमाले , राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी , जनता समाजवादी पार्टी , जनमत पार्टी र केहि स्वतन्त्र सांसद ले समर्थन गरेका छन्
- नेपालको संविधानको धारा ७६ को उपधारा २ अनुसार यो सरकार गठन भएको हो

## प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ को अन्तिम परिणाम सार्वजनिक

**प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ को अन्तिम परिणाम सार्वजनिक भएको छ**

- कहिले ? : २०७९ मङ्सिर २८
- निर्वाचन मिति : २०७९ मङ्सिर ४
- २०७४ सालको प्रतिनिधिसभातर्फको निर्वाचनमा ६७.६३ प्रतिशत मत खसेको थियो।
- त्यस्तै २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा ६६.८६ प्रतिशत मतदाताले मतदान गरेका थिए।
- जम्मा मतदान केन्द्र : २२,२२७
- जम्मा मतदानस्थल : १०,८९२

- निर्वाचनमा सहभागी राजनीतिक दल
  - प्रतिनिधिसभा (प्रत्यक्ष) : ६१
  - प्रतिनिधिसभा (समानुपातिक) : ४७

**निर्वाचन र परिणाम सम्बन्धि थप जानकारी**

| निर्वाचन | जम्मा मतदाता | खसेको मत | सदर मत | बदर मत | उमेद्वार संख्या |
|---|---|---|---|---|---|
| प्रतिनिधिसभा (प्रत्यक्ष) | पुरुष : ९१ लाख ४० हजार ८०६<br>महिला : ८८ लाख ४७ हजार ५७९<br>अन्य : १८५<br>जम्मा : १ करोड ७९ लाख ८८ हजार ५७० | १ करोड १० लाख ४७ हजार ३४ (६१.४१%) | १ करोड ४ लाख ८७ हजार ९५८ | ५.०६% | महिला : २२५<br>पुरुष : २,१८६<br>जम्मा : २,४११ |
| प्रतिनिधिसभा (समानुपातिक) | | १ करोड ११ लाख २६ हजार २२६ (६१.८५%) | १ करोड ५ लाख ६० हजार ८२ | ५.०९ % | महिला : १,१८७<br>पुरुष : १०१२<br>जम्मा : २,१९९ |
| प्रदेश सभा ( प्रत्यक्ष) | | १ करोड १० लाख ३४ हजार ५०० (६१.३६%) | १ करोड ५ लाख ८५ हजार ३०० | ४.०७% | महिला : २८०<br>पुरुष : २९४३<br>अन्य : १<br>जम्मा : ३,२२४ |
| प्रदेश सभा ( समानुपातिक) | | १ करोड १० लाख २८ हजार ३७६ (६१.३१%) | १ करोड ३ लाख ६ हजार ११ | ६.५५% | महिला : १५११<br>पुरुष : २,१९७<br>जम्मा : ३०७०८ |

**प्रतिनिधिसभा र प्रदेशसभामा लैंगिक प्रतिनिधित्व:**

| | प्रतिनिधि सभा | प्रदेशसभा |
|---|---|---|
| महिला | ९१ (३३.१०%) | २०० (३६.३६%) |
| पुरुष | १८४ (६६.९०%) | ३५० (६३.६४%) |
| जम्मा | २७५ | ५५० |

**प्रत्यक्षमा निर्वाचित महिला सांसदहरु :**

| नाम | निर्वाचन क्षेत्र | राजनीतिक दल |
|---|---|---|
| सिता गुरुङ | तेर्हथुम – १ | नेपाली कांग्रेस |
| भगवती चौधरी | सुनसरी – ३ | नेकपा एमाले |
| जुली कुमारी महतो (महासेठ) | धनुषा – ३ | नेकपा एमाले |

Aayog Tayari

| | | |
|---|---|---|
| ज्वाला कुमारी शाह | बारा – ३ | नेकपा एमाले |
| सोविता गौतम | काठमाडौँ – २ | राष्ट्रिय स्वतन्त्र पार्टी |
| तोसिमा कार्की | ललितपुर–३ | राष्ट्रिय स्वतन्त्र पार्टी |
| विद्या भट्टराइ | कास्की – २ | नेकपा एमाले |
| रेखा शर्मा | दाङ – २ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र ) |
| रन्जिता श्रेष्ठ | कैलाली – १ | नागरिक उन्मुक्ति पार्टी |

**प्रतिनिधिसभाको दलगत स्थिति**

| क्र.स. | प्रत्यक्ष तर्फ | | समानुपातिक तर्फ | | |
|---|---|---|---|---|---|
| | **दल** | **जितेको सिट संख्या** | **दल** | **जितेको सिट संख्या** | **जम्मा** |
| १. | नेपाली कांग्रेस | ५७ | नेपाली कांग्रेस | ३२ | ८९ |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एमाले ) | ४४ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | ३४ | ७८ |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १८ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) | १४ | ३२ |
| ४. | राष्ट्रिय स्वतन्त्र पार्टी | ७ | राष्ट्रिय स्वतन्त्र पार्टी | १३ | २० |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | १४ |
| ६. | जनता समाजवादी पार्टी, नेपाल | ७ | जनता समाजवादी पार्टी | ५ | १२ |
| ७. | जनमत पार्टी | १ | जनमत पार्टी | ५ | ६ |
| ८. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | १० | *क्र.स. १ देखि ७ सम्मका राजनीतिक दल राष्ट्रिय दल कायम भएका छन् ।* | | १० |
| ९. | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | ४ | | | ४ |
| १०. | नागरिक उन्मुक्ति पार्टी | ३ | | | ३ |
| ११. | राष्ट्रिय जनमोर्चा | १ | | | १ |
| १२. | नेपाल मजदुर किसान पार्टी | १ | | | १ |
| १३. | स्वतन्त्र | ५ | | | ५ |
| जम्मा | | १६५ | | ११० | २७५ |

**सर्वाधिक मतान्तरले विजयी हुने सांसदहरुः**

| **नाम** | **निर्वाचन क्षेत्र** | **प्राप्त मत** | **निकटतम प्रतिद्वन्दी र मत** | **मतान्तर** |
|---|---|---|---|---|
| रवी लामिछाने | चितवन – २ | ४९,३०० | उमेश श्रेष्ठ (१४९८८) | ३४३१२ |
| प्रेम सुवाल | भक्तपुर – १ | ४२,७६१ | नवराज गेलाल (११,९६८) | ३०,७९३ |
| खड्ग प्रसाद ओली | झापा – ५ | ५२,३१९ | खगेन्द्र अधिकारी (२३,७४३) | २८,५७६ |

| | | | | |
|---|---|---|---|---|
| जनार्दन शर्मा | रुकुम पश्चिम | ३९,५४९ | नन्दराम देवकोटा (१२,९६१) | २६,५८८ |
| वर्षमान पुन | रोल्पा | ४१,७१४ | पूर्ण बुढामगर (१६,४८५) | २५,२२९ |

## अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ २०२२)

- २० औं अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ) सम्पन्न भएको छ
- आयोजना मिति : २०७९ मङ्सिर २२ देखि २०७९ मङ्सिर २६
- आयोजकः  हिमाल एसोसिएसनका

**विजेता फिल्महरु :**

**उत्कृष्ट अन्तर्राष्ट्रिय फिल्म तर्फ :**

- प्रथम : द सेकेन्ड समिट (पुरस्कार राशि रु २ लाख )
- द्वित्तीय :  सोफी लाभाउड, लेडी ८००० (पुरस्कार राशि रु १ लाख )
- तृतीय  :  युकुन उन रेभ ब्ल्यांक (अ ह्वाइट ड्रिम) (पुरस्कार राशि रु ५० हजार)
- स्पेसल मेन्सन : कुमारीः अ फादर्स ड्रिम्स
- स्पेसल मेन्सन : फार बियोन्ड द पास्चरल्यान्ड्स

**नेपाल प्यानारोमा फिल्म तर्फ  :**

- बेस्ट डकुमेन्ट्री फिल्म : द आइरन डिगर (पुरस्कार राशि रु १ लाख )
- बेस्ट फिक्सन : व्हिल्स अन द बस ((पुरस्कार राशि रु ७५ हजार)
- दर्शक अवार्ड (अडियन्स अवार्ड) : बाघको बंगारा (पुरस्कार राशि रु ५०,०००)
- बेस्ट इसिमोड माउन्टेन फिल्म अवार्ड : फार बियोन्ड द पास्चरल्यान्ड्स (पुरस्कार राशि १००० अमेरिकी डलर )

## शताब्दि पुरुष सत्यमोहज जोशीको निधन

**शताब्दि पुरुष सत्यमोहज जोशीको निधन भएको छ**

- कहिले ? : २०७९ असौज ३० गते
- संस्कृतिविद् एवम् शताब्दी पुरुष सत्यमोहन जोशीको १०३ वर्षको उमेरमा निधन भएको हो,
- जन्म : वि.सं. १९७७ वैशाख ३०
- आमाको नाम : राजकुमारी जोशी
- पिता : शंकरराज जोशी

**सत्यमोहन जोशीको योगदान :**

- तीनपटक मदन  जित्ने एकमात्र नेपाली
    - २०१३ :  'हाम्रो लोक संस्कृति'

Ayog Tayari

- ✦ २०१७ : 'नेपाली राष्ट्रिय मुद्रा'
- ✦ २०२८ : 'कर्णाली लोक संस्कृति'

- ◉ उनी राष्ट्रिय समाचार समिति र चिनियाँ रेडियोमा समेत आबद्ध
- ◉ वि. सं. २०१५ मा ३८ वर्षको उमेरमा पुरातत्व विभागका पहिलो निर्देशक नियुक्त
- ◉ प्रबन्ध तथा अनुसन्धानात्मक कृति नेपालीमा १०, नाटक पाँच, काव्य दुई र कथा सङ्ग्रह पाँच तथा नेवारी भाषामा गरी करिब ५० कृति प्रकाशित

**सत्यमोहन जोशीलाई प्राप्त सम्मान :**

- ◉ उनको जन्म शताब्दीको अवसरमा २०७६ सालमा नेपाल सरकारले एक हजार रुपैयाँको चाँदीको सिक्का र १० रुपैयाँको हुलाक टिकट प्रकाशित
- ◉ जोशी १०० वर्ष पुग्दा ललितपुर महानगरपालिकाले सार्वजनिक विदासमेत दिएको थियो।
- ◉ ललितपुर महानगरपालिकाको दोस्रो नगरसभाले जोशीलाई निःशुल्क गाडी र सुरक्षा उपलब्ध गराउने निर्णय गरेको थियो
- ◉ २०७१ सालमा त्रिमूर्ति निकेतनले उनलाई 'शताब्दी पुरुष' सम्मान दिएको थियो
- ◉ २०७१ मङ्सिर १५ गते उनलाई शताब्दी पुरुष उपाधि प्रदान गरिएको थियो,
- ◉ २०७० सालमा उनी पद्मश्री साधनाबाट सम्मानित भएका थिए।
- ◉ सरकारले उनलाई २०७९ को संविधान दिवसको अवसरमा 'राष्ट्र गौरव' मानपदवी प्रदान गर्ने निर्णय गरेको

## नेपालमा पाइने भ्यागुताको प्रजाति संख्या ४९ पुग्यो

**नेपालमा पाइने भ्यागुताको प्रजाति संख्या ४९ पुगेको छ**

- ◉ नयाँ प्रजाति : मिनेरभार्या चिलापाटा
- ◉ भेटिएको स्थान : पथरी–शनिश्चरे नगरपालिका
- ◉ भेटाउने व्यक्ति : विवेक गौतम (सरीसृप–उभयचरसम्बन्धी अनुसन्धानकर्ता)
- ◉ यो प्रजाति भारतमा सन् २००९ मा विश्वमै पहिलोपटक पत्ता लागेको थियो
- ◉ यो संगै नेपालमा पाइने भ्यागुताको प्रजाति संख्या ४९ पुगेको छ

## नेपाल टेलिकम द्वारा e–Sim वितरण सुरु

**नेपाल टेलिकमले e–Simवितरण सुरु गरेको छ**

- ◉ कहिले ? : २०७९ भदौ ३१
- ◉ SIM को पुरा रुप : Embedded Subscriber Identity Module

## नेपाल पूर्वाधार सम्मेलन २०२२

**चौथो नेपाल पूर्वाधार सम्मेलन २०२२**

- ◉ आयोजना मिति : २०७९ भदौ २३ र २४
- ◉ आयोजक : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल उद्योग परिसंघ

AayogTayari

- नारा : Infrastructure for growth (विकासकालागि पूर्वाधार)
- पहिलो सम्मेलन सन् २०१४ मा आयोजना गरिएको थियो,

## मधेश विश्वविद्यालयको उद्घाटन

**मधेश विश्वविद्यालयको उद्घाटन गरिएको छ**

- कहिले ? : २०७९ भदौ २२
- मधेस प्रदेश सरकारले यो विश्वविद्यालय स्थापना गरेको हो,
- उद्घाटन : मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत
- विश्वविद्यालयको उपकुलपति : डा. दीपक शाक्य

## नेपालको पहिलो ह्युमन मिल्क बैंक संचालनमा

**नेपालको पहिलो 'ह्युमन मिल्क बैंक' संचालनमा आएको छ**

- कहिले ? : २०७९ भदौ ३ गते
- कहाँ ? : परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली
- नेपाली नाम : 'अमृत कोष'

## प्रथम महानगर सम्मेलन (मेट्रो मिट नेपाल) पोखरामा सम्पन्न

**प्रथम महानगर सम्मेलन पोखरामा सम्पन्न भएको छ**

- सम्मेलन आयोजना मिति :२०७९ श्रावण १३ र १४
- सम्मेलनको नाम : 'मेट्रो मिट नेपाल'
- आयोजक :पोखरा महानगरपालिका
- सम्मेलनले ७ बुँदे घोषणापत्रसार्वजनिक गरेको छ

## बाघ गणना २०७८ को नतिजा सार्वजनिक

**बाघ गणना २०७८ को नतिजा सार्वजनिक**

- नतिजा सार्वजनिक मिति :२०७९ श्रावण १३ गते

**नतिजा :**

- हाल बाघको संख्या :३५५
- सन् २०२२ सम्मको लक्ष्य :२५०
- सन् २०१८ मा बाघ को संख्या :२३५
- पछिल्लो ४ वर्षमा १ सय २० वटा बाघ थपिएका छन्।
  - चितवन राष्ट्रिय निकुञ्जमा :१२८
  - बर्दिया राष्ट्रिय निकुञ्ज :१२५
  - पर्सा राष्ट्रिय निकुञ्ज :४०

Aayog Tayari

- ✦ शुक्लाफाँटा राष्ट्रिय  निकुञ्ज :३८
- ✦ बाँके राष्ट्रिय निकुञ्ज :२५

- सर्वेक्षण (गणना) सुरु मिति :२०७८ मङ्सिर १९
- उद्घाटन :वन तथा वातावरणमन्त्री रामसहाय प्रसाद यावदले गर्नुभएको
- सर्वेक्षण गर्ने निकाय :राष्ट्रिय निकुञ्ज तथा वन्यतन्तु सरंक्षण विभाग
- निकुञ्जको पूर्वी सेक्टर सौराहाको बुट्यानमा जडान गरिएको क्यामरा 'अन' गरेर सर्वेक्षणको सुरुवात भएको हो।
- नेपालमासन् २००९ मा १२१, सन् १०१३ मा १९८ र सन् २०१८ मा २३५ वटा बाघ भेटिएकाथिए।

## स्थानीय तह निर्वाचन २०७९ को निर्वाचन परीणाम सार्वजनिक

**निर्वाचन आयोगले स्थानीयतहको निर्वाचन सम्बन्धी परिणाम सार्वजनिक गरेको छ**

- कहिले? : २०७९ श्रावण १०

निर्वाचन सम्बन्धी तथ्यांक :

- कुल मतदाता :१ करोड ७७ लाख ३३ हजार ७२३
- पुरुष मतदाता :८९ लाख ९२ हजार १० (५०.७१ प्रतिशत)
- महिला मतदाता :५७ लाख ४१ हजार ५३० (४९.२९ प्रतिशत)
- अन्य मतदाता :१८३ (०.००१ प्रतिशत)
- मतदान स्थल :१० हजार ७५६
- मतदान केन्द्र :२१ हजार ९५५
- कुल उम्मेदवार :१ लाख ४५ हजार १३
- पुरुष उम्मेदवार :५९ हजार ३१४ (६१.५९ प्रतिशत)
- महिला उम्मेदवार :५५ हजार ६९९ (३५.४१)
- निर्वाचित हुने कुल पद :३५ हजार २२१ ( पहिलो हुनविक्रमासिंगे हुने निर्वाचन प्रणालीअनुसार)
- कुल निर्वाचित :३५ हजार ९७ (पहिलो हुनविक्रमासिंगे हुने निर्वाचन प्रणाली अनुसार)
- रिक्त रहेको पद संख्या :१२४ (१२३ पदमा दलित महिला सदस्य र १ पदमा महिलासदस्यको उम्मेदवारी मनोनयन नभएको)
- निर्विरोध निर्वाचित :३९०
- निर्वाचित (पुरुष) :२० हजार ६३१ (५९ प्रतिशत)
- निर्वाचित (महिला) :१४ हजार ४६६ (४१ प्रतिशत)
- पुन: मतदान भएका केन्द्र :छ७
- सम्पूर्ण रुपमा बदर मत :२.४ प्रतिशत
- निर्वाचन प्रयोजनका लागि दर्ता भएका दल : ७९

Aayog Tayari

- निर्वाचनमा भाग लिएका दल :६५
- स्थानीय तहमा प्रतिनिधित्व गर्ने दल :२४
- मतपत्रको किसिम :१३०
- सानो मतपत्र :६ लहर
- ठूलो मतपत्र :६४ लहर
- निर्वाचन सामग्री :५७ प्रकार (केन्द्रबाट व्यवस्थापन : ४२, जिल्ला तहबाट : १५ )

## जगदीशपुर ताललाई चरा आरक्ष क्षेत्र घोषणा

**जगदीशपुर ताललाई पन्छी आरक्ष (बर्ड सेन्चुरी) घोषणा गरिएको छ**

- कहिले ? : २०७९ असार ३२
- चरा पर्यटनको विकास र आकर्षण बढाउन ताललाई बर्ड सेन्चुरी घोषणा गरिएको हो।
- सन् २००३ मा जगदीशपुर ताललाई  सिमसार क्षेत्रकारूपमा सूचीकृत गरेको थियो,

**नेपालको पहिलो पन्छी आरक्ष**

- नेपालको पहिलो पन्छी आरक्षकैलालीको घोडाघोडी तालहो,
- उक्त ताललाई०७८ फागुन २७मा बर्ड सेन्चुरी घोषणा गरेको थियो।

## राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को नतिजा सार्वजनिक

**राष्ट्रिय औद्योगिक सर्वेक्षण–२०७६ को नतिजा सार्वजनिक गरिएको छ**

- सार्वजनिक गर्ने निकाय : केन्द्रीय तथ्यांक विभाग
- नतिजा सार्वजनिक मिति : २०७९ असार २४
- यो गणना / सर्वेक्षण :११ औं औद्योगिक गणना हो
- पहिलो औद्योगिक गणना २०२२ सालमा भएको थियो,
- औद्योगिक गणना हरेक५/५ वर्षमा गर्ने गरिन्छ।

**मुख्य नतिजाहरू :**

- संचालनमा रहेका जम्मा उद्योग प्रतिष्ठानहरू :६० हजार १८५ वटा
- सलग्न जनशक्ति :४,९१, २२७ जना
- तलवी कामदार / कर्मचारीको संख्या :३,८१,६८७ जना
- जम्मा उद्योग मध्ये पूर्ण क्षमतामा संचालित उद्योग :३९.९%
- कोरोना लकडाउनको अवधिमा पूर्ण बन्द उद्योग :६३%
- ठुला उद्योग (१० जना भन्दा बढी कामदार भएका)को संख्या २३% ले बढेको
- ठुला उद्योगमा प्रति उद्योग संलग्न औसत जनशक्ति संख्या :५७ जना

## तेह्रथुम जिल्ला ‘ढाकाको राजधानी घोषित

**तेह्रथुम जिल्लालाई  ढाकाको राजधानी घोषणा गरिएको छ**

Aayog Tayari

- घोषणा मिति :२०७९ असार २०
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र म्याङलुङ नगरपालिकाले घोषणा गरेका
- 'तेह्रथुमे ढाका' को नामले यहाँ उत्पादित ढाका कपडाले पहिचान बनाएको छ

यस अघि पाल्पालाई ढाकाको राजधानी घोषणा गरिएको मिति :२०७८ चैत्र १२

## जयपृथ्वीबहादुर सिंहलाई राष्ट्रिय विभूति घोषणा

**सरकारले जय पृथ्वीबहादुर सिंहलाई राष्ट्रिय विभूति घोषणा गर्ने निर्णय गरेको छ**

- निर्णय मिति :२०७९ असार ६
- १८ औं विभूति :जय पृथ्वीबहादुर सिंह
- नेपालको शिक्षा क्षेत्रको विकास तथा विश्वसामु नेपाललाई चिनाउन पुर्याएको योगदानको कदर स्वरुप जय पृथ्वीबहादुर सिंहलाई राष्ट्रिय विभूति घोषणा गर्ने निर्णय गरिएको
- यससँगै नेपालका राष्ट्रियविभूतिको संख्या १८ पुगेकोछ

**जय पृथ्वीबहादुर सिंहको परिचय**

- जन्म : १९३४ भदौ ७, बझाङ
- मृत्यु : १९९७ असोज १
- बुवा : विक्रमबहादुर सिंह
- आमा : रुद्रकुमारी
- परिचय : बझांगी राजा,
- उनले लेखेका अक्षराङ्ग शिक्षा नामक पुस्तक नेपाली भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ

**नेपालका विभूतिहरू :**

| | |
|---|---|
| १) गौतम बुद्ध | २) अंशुवर्मा |
| ३) सीता | ४) जनक |
| ५) अरनिको | ६) रामशाह |
| ७) अमरसिंह थापा | ८) पृथ्वीनारायण शाह |
| ९) भानुभक्त आचार्य | १०) भीमसेन थापा |
| ११) बलभद्र कुँवर | १२) श्री ५ त्रिभुवन |
| १३) मोतीराम भट्ट | १४) शंखधर शाख्वा |
| १५) पासाङ ल्हामु शेर्पा | १६) महागुरु फाल्गुनन्द |
| १७) भक्ति थापा (२०७८ असार १४) | १८) जय पृथ्वीबहादुर सिंह |

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल औपचारिक रुपमा संचालनमा

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल औपचारिक रुपमा संचालनमा आएको छ**

- कहिले ? : मिति २०७९ जेठ २ देखि
- उद्‌घाटन : प्र.म. शेरबहादुर देउवा
- पहिलो व्यावसायिक उडान गर्ने वायुसेवा : जजिराको जे ९५४५ उडाननम्बरको विमान

Aayog Tayari

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धी अन्य जानकारी :**

- राष्ट्रिय उडान सुरु मिति :२०७९ बैशाख ८
- परीक्षण उडान (क्यालिब्रेसन लाइट) :२०७८ फागुन ६

## स्थानीय तह निर्वाचन २०७९ सम्पन्न

**स्थानीय तह निर्वाचन २०७९ सम्पन्न भएको छ,**

- कहिले ? : २०७९ बैशाख ३०

**निर्वाचन सम्बन्धी थप जानकारी :**

- उम्मेदवार संख्या
  - जम्मा उम्मेदवार : १,४५,०११ जना
  - पुरुष उमेद्वार : ८९,३१३ जना
  - महिला उम्मेदवार : ५५,६९८ जना
  - निर्विरोध निर्वाचित : ३९० जना

**निर्वाचन भएको जम्मा पद संख्या :**

- मेयर / अध्यक्ष : ७५३
- उपमेयर / उपाध्यक्ष : ७५३
- वडा अध्यक्ष : ६७४३
- दलित महिला सदस्य : ६७४३
- खुला वडा सदस्य : १३,४८६

**मनोनयन दर्ता :**

- स्थानीय निर्वाचनका लागि दर्ता भएका दल : ७९ वटा
- मनोनयन दर्ता गराएका दल : ६५
- एउटा पनि उमेद्वार दर्ता नगराएका दल : १४

**निर्वाचन कानुन बमोजिम उमेद्वारको खर्च सिमा :**

- महानगरपालिका
  - प्रमुख / उप प्रमुख : ७,५०,०००
  - वडा अध्यक्ष / सदस्य : ३,००,०००
- उप–महानगरपालिका
  - प्रमुख / उप प्रमुख : ५,५०,०००
  - वडा अध्यक्ष / सदस्य : २,५०,०००
- नगरपालिका
  - प्रमुख / उप प्रमुख : ४,५०,०००

Aayog Tayari

- ✦ वडा अध्यक्ष / सदस्य : २,००,०००

◉ गाउँपालिका

- ✦ अध्यक्ष / उपाध्यक्ष : ३,५०,०००
- ✦ वडा अध्यक्ष / सदस्य : १,५०,०००

◉ जिल्ला समन्वय समिति

- ✦ प्रमुख / उप प्रमुख : ५०,०००
- ✦ सदस्य : २५०००

## स्थानीयतह चुनाव २०७९ सम्बन्धी विभिन्न तथ्यहरू

◉ भाग लिने दलको संख्या :७९

◉ जम्मा मतदाता :१,७७,३३,७२३

- ✦ पुरुष :८९,९२,०१०
- ✦ महिला :८७,४१,५३०
- ✦ अन्य :१८३

◉ मतदान स्थल :१०,७५६

◉ मतदान केन्द्र : २१,९५५

◉ सबैभन्दा बढी

- ✦ मतदाता भएको प्रदेश :वागमती (३४,१२,८६९)
- ✦ मतदान केन्द्र भएको प्रदेश :मधेश प्रदेश (मतदान केन्द्र : ४,१८९)

◉ सबैभन्दा कम :

- ✦ मतदाता भएको प्रदेश :कर्णाली (१०,०१,२८२)
- ✦ मतदान केन्द्र भएको प्रदेश :कर्णाली प्रदेश (मतदान केन्द्र : १३८५)

**जिल्ला अनुसार तथ्यांक :**

◉ सबैभन्दा बढी :

- ✦ मतदाता : मोरङ (७, १५, २२३) दोस्रो : झापा (६,४६,२३४ )
- ✦ मतदान केन्द्र :मोरङ (८२० )

◉ सबैभन्दा कम :

- ✦ मतदाता :मनाङ (७,४९३ ) दोस्रो कम : मुस्ताङ (१०,४८५)
- ✦ मतदान केन्द्र :मनाङ (२८)

**स्थानीय तह अनुसार :**

◉ सबैभन्दा बढी :

Aayog Tayari

- ✦ मतदाता : काठमाडौँ महानगरपालिका (३,००,२४२)
- ✦ मतदान केन्द्र :काठमाडौँ महानगरपालिका (३६३)

◉ सबैभन्दा कम :

- ✦ मतदाता :नार्पा भुमि गाउँपालिका, मनाङ (४४८ )
- ✦ मतदान केन्द्र :नार्पा भुमि गाउँपालिका,मनाङ (५), घरपझोंग गाउँपालिका, मुस्ताङ (५), साइपाल गाउँपालिका, बझाङ(५), खार्पुनाथ गाउँपालिका, हुम्ला (५),

## दसौंपटक सगरमाथाको सफल आरोहण गर्ने नेपालकी महिला

**विश्वकै सर्वाधिक पटक सगरमाथा आरोहण गर्ने लाक्पाले १० औं पटक आरोहण**

◉ १० औं आरोहण मिति :२०७९ बैशाख २९

◉ नाम :लाक्पा शेर्पा (संखुवासभा)

◉ लाक्पा विश्वमा सबैभन्दा बढी पटक सगरमाथा आरोहणको किर्तिमान बनाएकिमहिला हुन्,

◉ २६ वर्षको उमेरमा २०५७ जेठ ५ गते पहिलोपटक उनले सगरमाथा आरोहण गरेकी लाक्पा हरेक वर्ष 'विश्वभरका महिला पुरुष भन्दा कम छैनन्' भन्ने नारा लिई आरोहणमा जाने गर्छिन् ।

## संस्थागत रुपमा कामदार पठाउन अब १११ देशमा अनुमति

◉ १११ औं देश :सर्बिया (युरोपेली देश)

◉ खुला गरिएको मिति :२०७९ बैशाख १२

◉ यस अघि ११० मुलुकमा संस्थागत रुपमा कामदार पठाउन सकिन्थ्यो,

◉ त्यो मध्येइराक, अफगानिस्तान र लिबियामा अस्थायी रुपमा रोक लगाइएकोछ

## घले गाउँलाई 'सुखीगाउँ घोषणा

◉ घोषणा मिति :२०७९ बैशाख २

◉ लमजुङ क्व्होलासोंथर गाउँपालिका ३ मा अवस्थित घले गाउँलाई सुखी गाउँ घोषणा गरिएको हो,

◉ घलेगाउँ २०७६ साल मङ्सिर १७ गते स्मार्ट भिलेज घोषणा भएको थियो

◉ त्यस्तै त्यसअघि घलेगाउँले दुई पटक दक्षिण एसियाकै नमुना घोषणा भइसकेको छ ।

## चोभार सुक्खा बन्दरगाहको औपचारिक उद्घाटन

◉ उद्घाटन भएको मिति :२०७८ चैत्र २२

◉ सुक्खा बन्दरगाहको क्षेत्रफल २ सय ६० रोपनी रहेको छ

◉ यस अघि२०७८ फागुन ९ गते उक्त बन्दरगाहलाई भन्सार क्षेत्र घोषणा गरिएको थियो

◉ राजपत्रमा सूचना प्रकाशित गरेर सुक्खा बन्दरगाह रहेको उक्त क्षेत्रलाई भन्सार क्षेत्र तोकिएको हो,

## जयनगर–जनकपुर रेलको उद्घाटन

**जयनगर–जनकपुर रेलको उद्घाटन भएको छ**

- उद्घाटन मिति :२०७८ चैत्र १९
- जयनगरदेखि बर्दिवाससम्म ६८.७२ कि मिमध्य हाल कुर्था सम्म मात्रै रेल संचालन हुनेछ,
- जयनगर – कुर्था ट्र्याकको लम्बाई३४.९ किमी रहेको छ
- जयनगर –कुर्था रेल ट्र्याक नेपाललाई हस्तान्तरण :२०७८ कार्तिक ५
- नेपाल–भारत रेल सेवा सम्झौता संशोधन :२०७८ असार २५
- रेल खरिद सम्बन्धी सम्झौता : २०७६ वैशाख २७

## ISO प्रमाणित नेपालको पहिलो नगरपालिका

**रुपन्देहीको तिलोत्तमा नगरपालिका ISO प्रमाणित नेपालको पहिलो नगरपालिका बनेको छ**

- घोषणा मिति :२०७८ चैत्र ८
- गुणस्तर प्रमाणीकरण :ISO 9001:2015
- नगरपालिकाको कार्यसम्पादनका विभिन्न ३६ सूचकको आधारमा उक्त प्रमाणीकरण गरिएको,

## नेपालको पहिलो 'वर्ड सेन्चुरी' – घोडाघोडी

**नेपालको पहिलो 'वर्ड सेन्चुरी' घोषणा गरिएको छ**

- घोषणा मिति : २०७८ फागुन २९
- घिषित क्षेत्र : घोडाघोडी सिमसार क्षेत्र (कैलाली)
- विश्व रामशार सूचिमा सूचीकृत घोडाघोडी सिमसार क्षेत्रलाई नेपालकै पहिलो बर्ड सेन्चुरी (चरा अभय आरण्य क्षेत्र) घोषणा गरिएको हो,

## प्रतिनिधिसभाबाट MCC सम्झौता अनुमोदन

**प्रतिनिधिसभाबाट MCCसम्झौता अनुमोदन गरिएको छ**

- कहिले ? : २०७८ फागुन १५ (२०२२ फेब्रुअरी २७)
- MCC को पुरा रुप : Millennium Challenge Corporation
- कुनै पनि देशले नेपाललाई दिएको अनुदानमाथि यति ठूलो बहस र चर्चा भएको यो पहिलो पटक हो।
- सत्ता गठबन्धनले १२ बुँदे 'व्याख्यात्मक घोषणा' सहित सम्झौतालाई बहुमतले अनुमोदन गरेको हो।
- अनुमोदन संगै यो परियोजना कार्यान्वनको चरणमा प्रवेश गरेको छ
- २०७४ भदौ २९ गते नेपालको अर्थ मन्त्रालय र एमसीसीबीच सम्झौता भै यो कार्यक्रम अघि बढेको थियो,

## तोकियो प्रदेश २ को नाम र राजधानी

- कहिले ? : २०७८ माघ ३ गते
- नाम : मधेश
- राजधानी : जनकपुर

- प्रदेश सभा बैठकमा भएको मतदानमा प्रदेश २ को नाम मधेश प्रदेश राख्नु पर्ने प्रस्तावको पक्षमा ८० मत परेको थियो भने
- प्रदेशको राजधानी जनकपुर तोक्ने प्रस्तावमा ७८ मत परेको थियो
- प्रदेश सभा बैठकमा ९९ संसद उपस्थित थिए ।

## नयाँ नक्सा अंकित सिक्का चलनचल्तीमा

**राष्ट्र बैंकले नयाँ सिक्का चलनचल्तीमा ल्याएको छ**

- कहिले ? : २०७८ पुष ३० देखि
- नयाँ २ रुपैयाको सिक्का प्रचलनमा ल्याइएको
- यो सिक्काको अग्रभागमा नेपालको नयाँ नक्सा राखिएको छ

**साथै यो सिक्कालाई दृष्टिविहिनले समेत चिन्न सक्ने गरी डिजाइन गरिएको छ**

## नेपालमै निर्माण गरिएको पहिलो स्याटेलाइटको सफल परीक्षण

**नेपालमै निर्माण गरिएको पहिलो स्याटेलाइटको सफल प्रक्षेपण गरिएको छ**

- प्रक्षेपण गरिएको मिति : २०७८ पुष २९
- स्याटेलाइटको नाम : सानो स्याट–१
- स्याटेलाइट निर्माण कम्पनि : भक्तपुरको ओरियन स्पेस
- स्पेस एक्सको फाल्कोन–९ रकेटमार्फत अमेरिकाको केप क्यानिर्भल लोरिडा स्पेस सेन्टरबाट नेपाली समयअनुसार २९ गते राति ९ बजेर १० मिनेटमा प्रक्षेपण भएको हो ।
- प्रक्षेपण भएको १ घण्टा ५ मिनेटपछि एक्जोपोर्ट–६ डिप्लोयरले सानोस्याट–१ लाई अन्तरिक्षमा छाडेको थियो ।
- सानो स्याट – १ को तौल २५० ग्राम रहेको छ,
- स्याटेलाइटले ७ किलोमिटर प्रतिसेकेन्डको गतिमा पृथ्वीलाई हरेक ९० मिनेटमा एक फन्को लगाउने छ

**नेपालको पहिलो स्याटेलाइट**

- नेपालको पहिलो भू–उपग्रह 'नेपाली स्याट–१' हो,
- यो नेपाली स्याट–१ लाइ २०७६ बैशाख ५ गते अन्तरिक्षमा प्रक्षेपण गरिएको थियो,
- भर्जिनिया राज्यको तटस्थित वालोप्स उडान केन्द्रबाट अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आइएसएस) तर्फ प्रक्षेपण गरीएको थियो,
- भू–उपग्रहलाई जापानमा निर्माण गरिएको थियो

## नेपाललाई अल्पविकसित देशबाट स्तरोन्नति गर्ने प्रस्ताव राष्ट्रसंघद्वारा अनुमोदन

**नेपाललाई अल्पविकसित देशबाट स्तरोन्नति गर्ने प्रस्ताव राष्ट्रसंघद्वारा अनुमोदन भएको छ,**

- अनुमोदन मिति : 24 Nov 2021 (२०७८ मङ्सिर ८ )
- प्रस्तावलाई राष्ट्रसंघको जारी ७६ औं महासभाको ४० औं बैठकले अनुमोदन गरेको हो ।

Aayog Tayari

- अल्पविकसित देशबाट स्तरोन्नति हुने मिति सन् २०२६ देखि,
- २०२६ सम्ममा अल्पविकसित राष्ट्रबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्नेसम्बन्धी प्रस्ताव राष्ट्रसंघबाट अनुमोदन भएको हो,
- नेपालले स्तरोन्नति हुन् ५ बर्षको तयारी अबधि पाएको हो,
- नेपाल, बंगलादेश र लाओस एकसाथ विकासशील राष्ट्रमा स्तरोन्नति हुँदै छन्।
- योसँगै अब एसिया महादेशका अफगानिस्तानबाहेक सबै राष्ट्र विकासशीलमा स्तरोन्नति भइसक्ने छन्।
- अल्पविकसित देशहरूको सूचीमा नेपाल सन् १९७१ मा सूचीकृत भएको थियो।

**स्तरोन्नति हुन् पुरा गर्नुपर्ने मुख्य तीन सूचकहरू :**

- राष्ट्रसंघले मानव सम्पत्ति, आर्थिक जोखिमको सूचकांक र प्रतिव्यक्ति आयमध्ये दुई सूचक पूरा गरे स्तरोन्नतिका लागि योग्य भएको मान्ने गरेको छ।
- यी सूचकमा नेपालको अवस्था :
  - मानव सम्पति सूचकांक : ७१.२ अंक (आवश्यक ६६ भन्दा बढी)
  - आर्थिक जोखिमको सूचकांक : २८.४ अंक (आवश्यक ३२ भन्दा कम)
  - प्रतिव्यक्ति आय : १ हजार ५८ डलर (आवश्यक १ हजार २ सय २२ अमेरिकी डलर )

## इ पासपोर्ट वितरणको सुरुवात

**नेपालमा इ पासपोर्ट वितरणको सुरुवात गरिएको छ**

- सुरुवात मिति : २०७८ मङ्सिर १
- पहिलो इ पासपोर्ट : शताब्दी पुरुष सत्यमोहन जोशीलाई प्रदान गरिएको
- परराष्ट्र मन्त्री डा.नारायण खड्काले शताब्दीपुरुष जोशीलाई ई पासपोर्ट प्रदान गरेर ई पासपोर्टको सुरुवात गरिएको हो,
- सरकारले मेसिन रिडेबल पासपोर्ट (एमआरपी) लाई ई पासपोर्टले विस्थापित गर्ने रणनीति लिएको छ,

## भारतद्वारा जयनगर कुर्था रेल ट्र्याक नेपाललाई हस्तान्तरण

**जयनगर –कुर्था रेल ट्र्याक नेपाललाई हस्तान्तरण भएको छ**

- हस्तान्तरण मिति : २२ अक्टोबर २०२१ (२०७८ कार्तिक ५)
- विहारको जयनगर देखि नेपालको कुर्था सम्मको ३४.९ किमी रेल ट्र्याक भारत सरकारले नेपाललाई हस्तान्तरण गरेको छ

## भाषा आयोगले गर्यो प्रदेशका लागि सरकारी कामकाजका भाषा सिफारिस

**भाषा आयोगले प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस गरेको छ**

- सिफारिस मिति : २०७८ भाद्र २०
- आयोगका अध्यक्ष लवदेव अवस्थीले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवालाई उक्त सिफारिस गरेका हुन् !

Aayog Tayari

- सिफारिस गरिएका भाषा : १२ वटा
- सरकारी कामकाजको भाषा किटान गर्न अपनाइएको प्रमुख आधार
  - प्रदेशको जनसंख्या,
  - भाषा बोल्नेको संख्या,
  - एकभन्दा बढी पालिकामा बोलिने भाषा,
  - ऐतिहासिकता,
  - पहिचान,
  - लेखन प्रणाली विकास र
  - प्रयोग

प्रदेश अनुसार सिफारिस गरिएका भाषा :

कोशी : मैथिली र लिम्बु

मधेश : मैथिली, भोजपुरी र बज्जिका

वागमती : तामाङ र नेपाल

गण्डकी : **मगर**, गुरुङ र भोजपुरी

लुम्बिनी : **थारु** र अवधि

कर्णाली : नेपाली र **मगर**

सुदूरपश्चिम : डोटयाली र थारु

**भाषा सम्बन्धी विविध तथ्यहरू**

- राष्ट्रिय जनगणना २०७८ अनुसार मुलुकमा एक सय २४ भाषा छन्।
- भाषा आयोगले पछिल्लो पटक थप ८ वटा भाषा पहिचान गरेको छ।
- यस संगै मुलुकमा जम्मा १३१ भाषा रहेका छन् !
- थपिएका भाषामा राना थारु, नार फु, चुम (स्यार), पोइके, सेराके (सेके), मारेक–याक्खा, नावा शेर्पा हुन् ।
- तीमध्ये एक लाखभन्दा बढीले बोल्ने १९ वटा छन्।

## अष्टलक्ष्मी शाक्य बनिन् पहिलो महिला मुख्यमन्त्री

- नियुक्ति मिति : २०७८ भाद्र २ गते
- नवनियुक्त मुख्यमन्त्री : अष्टलक्ष्मी शाक्य
- राजनीतिक दल : नेकपा (एमाले)

## नेपालमा डिजिटल भिसा प्रणाली लागु

- कहिले ? : २०७८ असार १४ गते देखि
- उद्घाटन : गृहमन्त्री बिष्णु पौडेल
- डिजिटल भिसा प्राप्त गर्ने पहिलो व्यक्ति : तेन्जिङ्ग नोर्बु लामा (पुर्चुगलका नेपालि मुलका नागरिक)
- डिजिटल भिसा भनेको के ? : क्यूआर कोडसहितको प्रिन्टेड भिसा प्रणाली
- भिसामा गरिएको प्रविधियुक्त सुधारले नेपाली भिसालाई अन्तर्राष्ट्रियस्तरमै विश्वसनीय, सुरक्षित र गुणस्तरीय बनाउन मद्दत पुग्ने छ

## अर्ना गणनाको नतिजा सार्वजनिक

- नतिजा सार्वजनिक मिति : २०७८ बैशाख १२
- गणना अवधि : २०७८ बैशाख ६ देखि २०७८ बैशाख ११

- सन् २०२१ को गणनामा प्राकृतिक बासस्थानमा ४९८ वटा अर्ना रेकर्ड गरिएका छन्।
- यस अघि सन् २०१८ को गणनामा ४४१ वटा अर्ना रेकर्ड गरिएको थियो । सन् २०१८ को गणनामा भन्दा करिब १३ प्रतिशतले अर्नाको संख्या वृद्धि भएको हो।
- नतिजा अनुसार ४९८ मध्य
  - २२१ वटा वयस्क भाले,
  - १६२ वटा वयस्क पोथी,
  - ४८ वटा अर्ध वयस्क,
  - दुई/ तीन वर्षको बच्चा ३५ वटा,
  - एक देखि दुई वर्षको बच्चा ३२ वटा भेटिएका छन्।
- जङ्गली भैँसी (अर्ना ) विश्वमा निकै दुर्लभ मानिन्छ।
- यो वन्यजन्तु प्राकृतिक बासस्थानमा नेपाल, भारत, भूटान, कम्बोडिया र थाइल्याण्डमा मात्र पाइने गरेको छ।
- विश्वभरी अर्ना पाइने मुलुकाको संख्या हेर्दा नेपालमा यसको संख्या दोस्रो ठूलो झुण्ड मानिन्छ।
- सबैभन्दा बढी भारतको काजिरङ्गा राष्ट्रिय निकुञ्जमा पाउने गरेको छ।
- नेपालमा कोशी टप्पुमा मात्र यसको बासस्थान भएकोले बि. सं २०३२ सालमा यसको बासस्थानलाई समेटेर कोशी टप्पु वन्यजन्तु आरक्ष घोषणा गरी संरक्षणका काम भइरहेको छ।
- २०३२ सालमा अर्नाको संख्या जम्मा ६३ वटा मात्र रहेको थियो। हाल आरक्ष घोषणा भएपछि यसको संख्या वृद्धि भएको हो।पश्चिम तराईतिर पनि यसको बासस्थान विकास गर्ने उद्देश्यले वि. सं २०७३ सालमा चितवन राष्ट्रिय निकुञ्जमा १३ वटा अर्नाको स्थानान्तरण गरी विशेष खालको बासस्थान निर्माण गरी राखिएका छन् भने दुई वटा अर्ना ललितपुरस्थित सदर चिडियाखानामा राखिएको छ ।

## धरहराको उद्घाटन

- उद्घाटन मिति : २०७८ बैशाख ११
- प्रधानमन्त्री केपी शर्मा ओलीले २० औं तलाबाट धरहराको उद्घाटन गर्नुभएको,
- नयाँ धरहराको उचाइ २६२.४६ फिट रहेको छ।
- प्रधानमन्त्रीले ओलीले २०७२ फागुन ४ मा 'आफ्नो धरहरा आफैं बनाउने' घोषणा गरि २०७५ साल पुस ५ गते शिलान्यास गरेका थिए।
- 'मेरो धरहरा मैं बनाउँछु' अभियानमा पैसा नउठेपछि यसको निर्माणको जिम्मा पुनर्निर्माण प्राधिकरणले लिएको थियो। र प्राधिकरणले नै निर्माण सम्पन्न गर्न लागेको हो,
- अहिलेको धरहरा बाहिरबाट देखिँदा ११ तले रहेपनि भित्र २२ तला रहेको छ। त्यसमा २ वटा लिफ्ट राखिएको छ। जमिनमुनि २ तला बनाइएको छ।
- अहिले धरहरा परिसरको क्षेत्रफल ४२.२ रोपनी रहेको छ,
- नयाँ धरहरामा राखिएको गजुरको तौल ३३० केजी रहेको छ, जसमा ९५ तोला ३ लाल सुनको जलप लगाइएको छ,

## गैडा गणना २०७७ नेपालमा गैंडा संख्या बढ्यो

- गैडा गणना २०७७
  - सुरु : २०७७ चैत्र ९
  - समापन : २०७७ चैत्र २७
  - नतिजा सार्वजनिक : २०७७ चैत्र २८
- नेपालका विभिन्न निकुञ्जमा ६ वर्षपछि भएको गैडा गणनामा संख्या ७ सय ५२ पुगेको हो।
- सन् २०१५ को गणनामा नेपालमा ६ सय ४५ वटा गैंडा थिए।
- सन् २०१५ को तुलनामा १ सय ७ वटा गैंडा नेपालमा बढेका हुन्
- गैंडा गणना २०७७ अनुसार
  - चितवनमा गैंडाको संख्या ६ सय ९४,
  - शुक्लाफाटामा १७ वटा,
  - बर्दियामा ३८ वटा र
  - पर्सामा ३ वटा गैंडा छन्

## नागरिक एप (Nagarik App) सार्वजनिक

- कहिले देखि ? : २०७७ माघ २
- नारा : 'सञ्चार र सुचना प्रविधिको टेवा, हाताहातमै सरकारी सेवा'

## सगरमाथा ८८४८.८६ मिटर अग्लो

- नयाँ उचाई घोषणा मिति : २०७७ मङ्सिर २३
- नेपाल र चीनले सगरमाथाको उचाइ ८८४८.८६ मिटर भएको संयुक्त रूपमा घोषणा गरेका
- यो उचाई नेपाल आफैले मापन गरेको हो।
- पहिलो पटक १ सय ६८ वर्षपहिले (सन् १८५२) मा ब्रिटिस सर्भे अफ इन्डियाको सर्भे विभागले हालको सगरमाथालाई सबैभन्दा अग्लो चुचुरो भएको तथ्य सार्वजनिक गरेको थियो।
- २०७५ चैत २७ गते नापी अधिकृत खिमलाल गौतम को टोलि सगरमाथाको उचाइ मापन कार्यका लागि विदाई गरिएको थियो भने सो टोलि २०७६ जेठ ८ गते चुचुरोमा पुगेको थियो।

## नेपालमा बोलिने भाषा संख्या १३१

- भाषा आयोगको आर्थिक वर्ष २०७६/७७ वार्षिक प्रतिवेदन अनुसार नेपालमा बोलिने २ वटा नयाँ भाषा थप भै भाषा संख्या १३१ पुगेको
- नयाँ थपिएका भाषा मारेक–याक्खा, नावा शेर्पा छन् !

Aayog Tayari

- यस अघि भाषा आयोगको २०७५/७६ को प्रतिवेदनमा नयाँ भाषामा राना थारू, नार फु, चुम (स्यार), नुब्री (लार्के), पोइके र सेराके (सेके) थपिएर भाषा संख्या १२९ पुगेको थियो ! यी भाषा क्रमशः कञ्चनपुर, मनाङ, गोरखा, डोल्पा र मुस्ताङमा बोलिन्छ।
- जनगणना २०७८ को तथ्यांकअनुसार मुलुकमा १ सय २४ भाषा रहेका थिए।

## क्लिनफिड को व्यवस्था लागु

- लागु मिति : २०७७ कार्तिक ७
- विदेशी टेलिभिजन च्यानलहरूमा विज्ञापनिरहित सामाग्री प्रशारण गर्नुपर्ने व्यवस्था क्लिनफिड हो !
- विज्ञापन नियमन गर्ने ऐन, २०७६ ले २०७७ कात्तिक ७ गतेदेखि क्लीनफीड लागू गर्ने व्यवस्था गरेअनुसार यो व्यवस्था लागु भएको हो।

## नेपाल र इजरायल बीच श्रम सम्झौता

- सम्झौता मिति : २०७७ असौज १५
- नेपाल र इजरायल बीच श्रम सम्झौता र सातवटै प्रदेशमा एग्रिकल्चर सेन्टर अफ एक्सिलेन्स स्थापना गर्ने सम्बन्धमा हस्ताक्षर भएको !
- इजरायलका लागि नेपालकी राजदूत अन्जान शाक्य र इजरायली परराष्ट्रमन्त्री गावी अस्केनाजीबीच इजरायलमा श्रम सम्झौता र कृषि क्षेत्रमा नेपाललाई सहयोग गर्ने सम्बन्धमा हस्ताक्षर भएको हो।
- हालसम्म नेपालले बहराइन, कतार, संयुक्त अरब इमिरेट्स (यूएई), मलेसिया, जापान, दक्षिण कोरिया, जोर्डन, मौरिसस र इजरायलसँग श्रम सम्झौता गरेको छ।

## कीर्तिमानी आरोही आङरिता शेर्पाको निधन

- निधन मिति : २०७७ असोज ५
- बिनाअक्सिजन १० पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम राख्न सफल आङरिता शेर्पाको ७२ बर्षको उमेरमा निधन भएको।
- उनले सन् १९८३ देखि सगरमाथाको आरोहण सुरु गरेका थिए भने
- सन् १९९६ मा अन्तिम पल्ट बिनाअक्सिजन सगरमाथामा पाइला टेकेका थिए !

## राष्ट्रकवि माधवप्रसाद घिमिरेको निधन

- निधन मिति : २०७७ भाद्र २
- १ सय १ वर्षको उमेरमा उनको निधन भएको हो।
- घिमिरेको जन्म विक्रम संवत १९७६ साल असोज ७ गते लमजुङको पुस्तुन गाउँमा भएको थियो।
- उनका नव मञ्जरी, गौरी (शोककाव्य), मालती मङ्गले,(गीतिनाटक), हिमालपारि हिमालवारि (गीतिनाटक), राजेश्वरी, इन्द्रकुमारी, राष्ट्रनिर्माता, किन्नर–किन्नरी (गीतसंग्रह), चारु चर्चा (निबन्ध), आफ्नो बाँसुरी आफ्नै गीत (निबन्ध) लगायतका कृति चर्चित छन्।
- घिमिरेले २०५४ सालमा 'हिमालपारि हिमालवारि' र २०५८ सालमा 'चारु चर्चा' कृतिका लागि साझा पुरस्कार तथा २०६७ सालमा पद्मश्री साधना सम्मान पुरस्कार प्राप्त गरेका थिए।

- नेपाली साहित्यमा स्वच्छन्दतावादी शैलीमा कलम चलाउने घिमिरेलाई २०६० साल असोज ९ गते सरकारले राष्ट्रकविको उपाधि प्रदान गरेको थियो ।

## नेपालको नयाँ नक्साको अंग्रेजी संस्करण प्रकाशित

- प्रकाशित मिति : २०७७श्रावण ३०
- कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नेपालको अद्यावधिक (राजनीतिक–प्रशासनिक) नक्साको अंग्रेजी संस्करणलाई सरकारले स्वीकृत गरेको ।

## 'लकडाउन ' अन्त्यको निर्णय

- कहिले ? : २०७७श्रावण ७ गते
- कोभिड–१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि २०७६ चैत्र ११ बाट सुरु भएको देशव्यापी लकडाउन अन्त्य भएको,
- मन्त्रिपरिषद्को २०७७ साउन ५ गतेको निर्णयअनुसार केहि क्षेत्रमा प्रतिबन्ध कायमै राख्दै लकडाउन अन्त्य गरिएको हो

## नेपालमा सलह किराको प्रवेश

- २०७७ असार १३ गते नेपालमा सलह किरा प्रवेश गरेको,
- प्रदेश २ का बारा, पर्सा र सर्लाहीमा पहिलोपल्ट सलह देखिएको .
- अरेबियन मरुभूमिको 'रब अल खालि' भन्ने स्थान मा सन् २०१८ मा भएको ठुलो वर्षा पश्चात यो सलहको जन्म भएको मानिन्छ,
- सन् २०१९ जुनमा इरान बाट सुरु सलह आक्रमण २०७७ असार १३  सम्म विश्वका १४ देशमा पुगिसकेको छ

## नेपालको संविधानको दोस्रो संसोधन सम्बन्धी घटनाक्रमहरू :

**संसदमा संसोधन प्रस्ताव दर्ता :**

- दर्ता मिति : २०७७ जेठ ९ गते
- कानुनमन्त्रि शिवमाया तुम्बाहाम्फे द्वारा प्रतिनिधि सभामा प्रस्ताव  दर्ता गरिएको
- संविधानको अनुसूची ३ मा रहेको निशान छाप संशोधन गर्न संविधान संशोधन प्रस्ताव दर्ता गरिएको हो,
- नेपालको नयाँ राजनीतिक नक्सा प्रकाशित भए संगै निशान छापमा भएको नक्सा समेत परिवर्तन गर्नुपर्ने भएकोले संविधान संसोधन गर्नुपरेको हो,

**संसदमा संसोधन प्रस्ताव पेश :**

- २०७७ जेठ १८ गते प्रतिनिधि सभामा प्रस्ताव पेश भएको

**प्रतिनिधि सभाबाट पारीत :**

- पारित मिति  : २०७७ जेठ ३१ गते
- पक्षमा खसेको मत : २५८ मत

**राष्ट्रिय सभाबाट पारीत :**

- पारित मिति २०७७ असार ४,
- प्राप्त मत : सर्वसम्मत

**प्रमाणीकरण भै लागु भएको मिति : २०७७ असार ४ (राजपत्रमा प्रकाशित)**

**पहिलो संसोधन**

- यस अघि २०७२ माघ ९ गते पहिलो संसोधन संसदबाट पारीत भएको थियो,
- उक्त संसोधन २०७२ फागुन १६ गते प्रमाणीकरण भै लागु भएको थियो
- पहिलो संसोधनले धारा ४२ को उपधारा १ र धारा २८६ को उपधारा १(५) लाइ संसोधन गरेको थियो

## नेपालको नयाँ राजनीतिक नक्सा सम्बन्धीमहत्त्वपूर्ण घटनाक्रम :

मन्त्रिपरिषदबाट स्वीकृत मिति : २०७७ जेठ ५

नक्सा सार्वजनिक मिति : २०७७ जेठ ७ (भुमि व्यवस्था तथा सहकारी मन्त्रि, पद्मा अर्यालद्वारा सार्वजनिक )

राजपत्रमा प्रकाशित मिति : २०७७ जेठ ५

(कुनै / कुनै समाचारमा २०७७ जेठ ९ गते भनिएतापनि राजपत्रमा मिति २०७७ जेठ ५ रहेको छ )

**पृष्ठभूमि**

- भारतले सन् २०१९ नोभेम्बर २ मा आफ्नो नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेको थियो।
- उक्त नक्सामा भारतले नेपालको लिम्पियाधुराक्षेत्र समेटेको थियो।
- पछिल्लो समय २०२० मे ८ (२०७७ बैशाख २६) मा भारतीय गृहमन्त्री राजनाथ सिंहले लिपुलेक हुदै मानसरोबर जाने सडकको उद्घाटन गरे संगै दुई देशबीच यो क्षेत्रलाइ लिएर विवाद भएको थियो।

## कोरोनाका कारण नेपालमा पहिलो मृत्यु

कहिले ? : २०७७ जेठ १

- सिन्धुपाल्चोककि २९ बर्षिया महिलाको कोरोनाको कारण मृत्यु भएको।
- उनमा मृत्यु पछी २०७७ जेठ ३ गते कोरोना पुष्टी भएको थियो।